सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ कात्तिक २०८१, आइतबार (27 Oct 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १९३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सरकारलाई प्रचण्डका प्रश्न

कहाँ पुग्यो बाँसबारी, गिरीबन्धु, भुटानी शरणार्थी र बालमन्दिर काण्डको छानबिन ?



तस्बिर : रासस

■ माओवादी नेतृत्वको सरकारले सुरु गरेको सुशासन अभियानलाई कमजोर बनाउन भइरहेका षड्यन्त्र र भ्रष्टाचारजन्य गतिविधि निस्तेज पार्न, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको पक्षमा जनदबाब बनाउन खबरदारी सभा गरेको माओवादी दाबी

प्रेम गौतम/नयाँ पत्रिका

सरकारले सय दिन कटाएलगत्तै प्रमुख प्रतिपक्षी दल माओवादीले सडकबाट दबाब अभियान सुरु गरेको छ। माओवादीले शनिबार राजधानीको भृकुटीमण्डपमा खबरदारी सभा गर्दै संख्याको बलमा जस्तासुकै अपराध गर्ने छुट सरकारलाई नभएको भन्दै कैयौं प्रश्न उठाएका छन्।

बिचौलियाको दबाब र प्रभावमा सरकार चलेको माओवादी अध्यक्ष प्रचण्डको आरोप छ। सरकारी उद्योग निजीकरणका नाममा स्वार्थ समूहलाई दिने तयारी गरिएको उनको दाबी छ। 'बचेखुचेका उद्योग पनि निजीकरणको नाममा स्वार्थ समूहलाई सुम्पिँदै छ। जथाभावी नगर्न चेतावनी दिन चाहन्छौं। जवाफ माग्न हामी तयार छौं। संसद्को रोस्टममा मात्र होइन, परिआए सडकमा ल्याएर पनि जवाफ माग्नेछौं। तिमीहरूलाई माओवादी मऱ्यो भन्न लाग्छ ? जे गरे पनि हुन्छ भन्ने लाग्यो ? जवाफ दिन पर्दैन भन्ने लागेको छ ?' प्रचण्डले प्रश्न गर्दै भने, 'संसद्को रोस्टममा भद्र तरिकाले जवाफ मागिन्छ। सरकार धेरै अभद्र भयो भने सडकमै अभद्र तरिकाले जवाफ मागिन्छ ? टिनको छानोमाथि उभिएको एउटा परिवारले काठमाडौंको मुटुमा चार घण्टासम्म उद्धार पाएन। त्यहाँ केवल परिवारको ज्यान गएको होइन, त्यहाँ मरेको सरकार हो।'

सरकार ढाल्नका लागि खबरदारी सभा नगरेको उनले स्पष्ट पारे। 'सरकार ढाल्नका लागि खबरदारी सभा गरेको पनि होइन। संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका निम्ति के जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने हामीलाई गहिरो गरी बोध छ। बरु, हामीले यो

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

खबरदारी सभामा प्रचण्डले भने-



■ आजकाल कसैले सोध्दा पनि सोध्दैन कहाँ पुग्यो भुटानी शरणार्थी काण्ड ? कहाँ पुग्यो बाँसबारीको जग्गा काण्ड ? कहाँ पुग्यो गिरीबन्धु टी इस्टेटको कुरा ? कहाँ पुग्यो बालमन्दिर काण्ड ? किनकि यो सबैलाई थाहा छ, यी काण्ड खोतल्न होइन, काण्ड मिलाउन यो सरकार आएको हो। तपाईंहरू जनताको अदालतको हेक्का राख्नुहोला। देश काग्रेस र एमालेको बिर्ता होइन। संख्याको बलमा जस्तासुकै अपराध गर्ने छुट सरकारलाई छैन।

■ प्रधानमन्त्रीजीको एकदमै खास स्वभाव छ। अरूले गर्न हुन्न भनेपछि त्यो नगरी नहुने। कहीँ न कहीँ भत्काउनैपर्ने, मिच्नैपर्ने, शक्तिको दुरुपयोग गर्नैपर्ने, बडो विचित्रको स्वभाव छ। अपराधलाई पनि उत्सवका रूपमा मनाउने गर्नुहुन्छ। अपराध सधैँ कमजोर हुन्छ। चाहे त्यो जतिसुकै धेरै संख्या किन नहोस्, यो सय दिनमा प्रमाणित भइसकेको छ। सरकार बाढीपहिरोमा देखिँदैन, प्राकृतिक विपत्तिमा देखिँदैन। बरु दल विभाजन गर्न, कुलमान (कुलमान घिसिङ) हटाउन, उपसभामुख (इन्दिरा राना) हटाउन सरकार देखिन्छ।'

■ सहकारी प्रकरणमा दोषी कोही पनि नछुटोस्, निर्दोष कोही पनि नपरोस् भन्ने हाम्रो स्पष्ट कुरा छ। दोषी सबै सजायको भागीदार हुनुपर्छ। सरकारले सत्तापक्षीय नेतालाई बचाउने र प्रतिपक्षीलाई कारबाही गर्ने प्रवृत्ति देखाएको छ। रवि लामिछानेलाई बचाउनका लागि माओवादीले खबरदारी सभा गरेको भन्दै भ्रम फैलाएको छ। अरू होइन प्रचण्ड देखा पऱ्यो भने पनि समाप्तुस् भन्ने मान्छेले अहिले अरू कोही पत्काउ पऱ्यो भने बचाउन सभा गर्नुपर्छ ?

बिरामी छन् सरकारी औषधि उद्योग

नागरिकलाई निःशुल्क वितरण गर्ने औषधि आफैँ पूर्ति गर्न मात्रै होइन, स्वदेशी जडीबुटी प्रयोग गरेर आयुर्वेदिक औषधि बनाउनेदेखि विभिन्न तेल उत्पादन गरेर विदेशसम्म निर्यात गर्न सरकारले सञ्चालन गरेका तीन उद्योग आफैँ बिरामी



● **कैलाश पनेरू**
महाप्रबन्धक, नेपाल औषधि लिमिटेड

हाम्रो उद्योगले अहिले १४ प्रकारका औषधि मात्र उत्पादन गर्ने गर्छ। त्यसमध्ये सरकारको निःशुल्क वितरणको सूचीमा रहेका ९८ प्रकारका औषधिमध्ये जीवनजल र सिटामोल मात्रै उत्पादन गरेर उपलब्ध गराउन सकेका छौं। आर्थिक अभाव भएपछि हामीले सरकारसँग २४ करोड ऋण मागेका छौं। उक्त ऋण पाए सरकारले निःशुल्क वितरण गर्ने औषधिमध्ये २० प्रकारका हामी नै उत्पादन गरेर दिने थियौं।



● **संगीता यादव**, महाप्रबन्धक, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

निर्यातको उद्देश्य राखेर मात्र हुँदैन। त्यहीअनुसारको सुविधा, पूर्वाधार र लगानी पनि आउनुपर्छ। तर, हाम्रो उत्पादन लगेका निजी क्षेत्रले निर्यात गरेको जानकारी पाएका छौं।



● **डा. प्रदीप केसी**, कार्यकारी निर्देशक, सिंहदरबार वैद्यखाना विकास समिति

मासिक खर्च २५ लाखहाराहारी छ, तर आम्दानी अत्यन्त न्यून छ। विशेष कार्ययोजनासहित औषधि उत्पादनमा क्रियाशील भइयो भने दुई-तीन वर्षमै नाफामा लैजान सकिन्छ। किनभने आयुर्वेद औषधिको बजार ठुलो छ।

अजित अधिकारी/नयाँ पत्रिका

औषधि उत्पादनका लागि सरकारले सञ्चालन गरेका तीन संस्थान नेपाल औषधि लिमिटेड, जटीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र सिंहदरबार वैद्यखाना विकास समिति आफैँ बिरामी छन्। तीनवटै कम्पनी निरन्तर नोक्सानीमा रहेकाले 'आर्थिक उपचार'को खोजीमा छन्। जडित क्षमताअनुसार उद्योगले औषधि उत्पादन गर्न नसक्दा सर्वसुलभ मूल्यमा औषधि वितरण गर्ने सरकारी उद्देश्य असफल भएको छ।

» पृष्ठ २ मा क्रमशः

■ १२० प्रकारका औषधि उत्पादन गर्ने नेपाल औषधि लिमिटेड १४ मा खुम्चियो

सरकारले देशभर निःशुल्क वितरण गर्ने ९८ प्रकारका औषधि उत्पादनका लागि सहयोगी हुने ठानेको औषधि लिमिटेडको प्रस्तुति सबैभन्दा कमजोर छ। १४६ प्रकारका औषधि उत्पादन गर्ने जडित क्षमताको उद्योग रहेको लिमिटेडले कुनै बेला १२० प्रकारका औषधि उत्पादन गर्ने गरेकोमा अहिले १४ थरी मात्रै गर्छ। त्यसमा सरकारको निःशुल्क सूचीमा रहेका जीवनजल र सिटामोल मात्रै पर्छ।



■ अध्ययन समितिले दिएका सुझाव भएनन् कार्यान्वयन

०७७ मा पूर्वसचिव दीपक सुवेदी संयोजकत्वको संस्थान सुधारसम्बन्धी कार्यदलले नेपाल औषधि लिमिटेडलाई नियमित र क्षमताअनुसार सञ्चालनका लागि आवश्यकताका आधारमा मात्रै करार वा ज्यालादारीमा कर्मचारी राख्नुपर्ने, उद्योग मन्त्रालयबाट वार्षिक कम्तीमा दुईपटक उद्योगको कार्यप्रगति मूल्यांकन गर्नुपर्ने र कमजोरी भेटिए सुधारमा केन्द्रित हुनुपर्ने सुझाव दिएको थियो। त्यस्तै, उद्योगका पुराना मेसिनरीलाई नवीन प्रविधिबाट क्रमशः विस्थापित गर्दै लैजानुपर्ने, स्थायी कर्मचारी सबैलाई नियमअनुसार सेवा-सुविधा दिएर बिदा गर्नुपर्ने, दक्षता भएका कर्मचारीलाई पनि अवकाश प्याकेज दिएर करारमा राख्न सकिने तथा नयाँ कर्मचारी करारमा मात्रै भर्ती गर्नुपर्ने सुझाव पनि दिएको थियो। उद्योगको दीर्घकालीन रणनीति तथा सो रणनीतिको प्रभावकारी कार्यान्वयनको कार्ययोजना हुनुपर्ने, उद्योग व्यवस्थापनमा राजनीतिक हस्तक्षेप नगर्ने, पटक-पटक सरकारले ऋण दिनुको सट्टा उपयोगविहीन अवस्थामा रहेका उद्योग स्वामित्वको जग्गा बिक्री गरी मेसिनरी र धेरै औषधि खरिदका लागि पुँजी लगानी गर्नुपर्नेलगायत सुझाव पनि दिएको थियो।

■ सिंहदरबार वैद्यखानाको खर्च मासिक २५ लाख, आम्दानी नगन्य

मल्लकालमै स्थापना भएको सिंहदरबार वैद्यखानाले विगतको विरासत बिर्सिसकेको छ। सन् १८४६ मा स्थापना भएको वैद्यखानाले कुनै समय १६० प्रकारका औषधि उत्पादन गरेकोमा अहिले मुस्किलले एक दर्जनजति मात्रै उत्पादन गरिरहेको छ। यी औषधिको उत्पादन पनि नियमित छैन।



■ साख गुमाउँदै जडीबुटी कम्पनी

जडीबुटीबाट सुगन्धित तेल उत्पादन गरी विदेश निर्यात गर्ने प्रमुख उद्देश्यले स्थापना गरिएको जडीबुटी कम्पनीले अहिलेसम्म निर्यात गर्न सकेको छैन। तर, सन्चो ब्रान्डमा औषधि उत्पादन गर्ने यो कम्पनी स्वदेशी बजारबाटै पनि ०७७/७८ सम्म नाफा गरेर ३१ करोड ५८ लाख सञ्चित नाफामा थियो। तीन वर्षयता भने निरन्तर नोक्सानीमा धकेलिएको छ।



इन्स्पेक्टर र असइमा न्यून आवेदन

क्षमतावान् युवा सुरक्षा सेवामा नआउँदा भावी दिनमा संगठनको प्रभावकारितामा नै असर पर्न सक्ने जोखिम

नयाँ पत्रिका

नेपाल प्रहरीको प्रहरी निरीक्षक(इन्स्पेक्टर) र प्रहरी सहायक निरीक्षक(असइ)को भर्नामा न्यून आवेदन परेको छ। ६४ इन्स्पेक्टरको मागमा दुई हजार ३०५ तथा २५६ असइको मागमा १५ हजार ९२१ आवेदन परेको छ।

यो आवेदन अन्य सरकारी सेवा तथा विगतको तुलनामा न्यून हो। गत वर्ष इन्स्पेक्टरमा ९६ जनाको माग हुँदा दुई हजार ७९३ तथा असइमा २६० जनाको मागमा १९ हजार ९३२ जनाको आवेदन परेको थियो।

प्रहरी प्रवक्ता दानबहादुर कार्की अपेक्षित रूपमा आवेदन नपरेको बताउँछन्। 'सुरक्षा सेवामा आकर्षण घट्दै गएको तथ्यांकले देखाउँछ,' उनी भन्छन्,'जोखिमपूर्ण जागिर, न्यून सेवा-सुविधा र शारीरिक परिश्रम गर्नुपर्ने भएकाले धेरै आकर्षण नदेखिएको हो भन्ने लाग्छ।'विगत वर्षमा एकपटक मात्र भर्ना खुल्नेमा अहिले दुईपटक खुल्ने गरेकाले पनि संख्या केही कम देखिएको हुनसक्ने प्रवक्ता कार्कीको भनाइ छ।



नयाँ पुस्तामा विदेशप्रतिको मोह बढेको, प्रहरीमा न्यून सेवा-सुविधा हुने, तर ड्युटी कठिन हुने भएकाले पनि प्रहरी सेवामा आकर्षण घटेको प्रहरीका विगतका अध्ययनले देखाएका छन्। प्रहरी सेवामा आकर्षण बढाउन नेपाल प्रहरीले अध्ययन गरेर आवेदन बढाउने प्रयास गरेपनि त्यो प्रभावकारी हुन सकेको छैन। बरु भर्ना भएकालाई टिकाउन नसक्दा पेन्सन अवधिसमेत नपुगी जागिर छाड्ने प्रवृत्तिसमेत बढ्दो छ।

इन्स्पेक्टर न्यूनआवेदनको कारण भनेको उमेरहद पनि हो। इन्स्पेक्टरमा आवेदनका लागि स्नातक उत्तीर्ण हुनुपर्ने र २५ वर्ष उमेर कट्न नहुने मापदण्ड छ। चारवर्षे स्नातकका कारण पढाइ पूरा गर्दा उमेर करिब २३ वर्ष पुग्ने अवस्था छ। सोही कारण आवेदन घटेको निष्कर्षका आधारमा हाल सरकारले इन्स्पेक्टर भर्नाको उमेरहद २७ वर्ष बनाउने प्रक्रिया अघि बढाएको छ। हाल परामर्शका लागि लोकसेवा आयोग पुगेको प्रहरीसम्बन्धी विधेयकमा २७ वर्षसम्म आवेदन लिने प्रावधान प्रस्ताव गरिएको छ।

निजामती सेवातर्फ भने हरेक वर्ष उच्च आवेदन पर्ने गरेको छ। नेपाल प्रहरी मात्र नभई सबै सुरक्षा निकायमा हरेक वर्ष आवेदनदर घटिरहेको छ। सुरक्षा सेवामा पहिलेजस्तो सम्मानित नहुनु र अन्यत्र धेरै अवसर हुनुले पनि आकर्षण घट्दै गएको प्रहरी अधिकारी बताउँछन्। यसरी क्षमतावान् युवा सुरक्षा सेवामा नआउँदा भावी दिनमा संगठनको प्रभावकारितामा नै असर पर्न सक्नेसमेत उनीहरूको चिन्ता छ।

कक्षा १, २ र ४ का पाठ्यपुस्तक मात्रै अब निजी प्रेसले छाप्न पाउने



हुलाक टिकट र जग्गाधनी प्रमाण पुर्जा छपाइको जिम्मा पनि जनक शिक्षालाई

(विस्तृत पृष्ठ ३)

इरानका सैन्य आधारमा इजरायलको क्षेप्यास्त्र हमला



आफूसँग प्रतिरक्षाको अधिकार रहेको उल्लेख गर्दै इजरायलमाथि जवाफी आक्रमण गर्ने तेहरानको तयारी

(विस्तृत पृष्ठ ५)

सीमामा निगरानी गर्दै 'साथी' र 'जोजो'

काँकडभिट्टामा तैनाथ सशस्त्रका दुई कुकुरले एक वर्षमा २२९ ग्राम लागुऔषधसहित ४६ जना पक्राउ गर्न गरे सहयोग

झापामा **चिरञ्जीवी घिमिरे**

गत २१ असोजमा नेपाल-भारत सिमानाका काँकडभिट्टामा सशस्त्र प्रहरी बल, नेपालले ३५ ग्राम ब्राउन सुगरसहित धनुषाको मिथिला नगरपालिका- ५ का श्यामबहादुर लोप्चनलाई पक्राउ गऱ्यो। मलद्वारमा लुकाई भारतबाट लागुऔषध नेपाल भित्र्याउने क्रममा उनलाई सशस्त्र प्रहरीले पक्राउ गरी इलाका प्रहरी कार्यालय काँकडभिट्टाको जिम्मा लगायो। मलद्वारमा लुकाएको लागुऔषध फेला पार्न मुख्य भूमिका थियो, जोजो नाम गरेको कुकुरको। सशस्त्र प्रहरीको यो कुकुरले लागुऔषध लोप्चनको मलद्वारमा भएको पत्ता लगाएको थियो।

यस्तै, १० वैशाखमा काँकडभिट्टा नाकामा सशस्त्र प्रहरीले ४३.१५ ग्राम ब्राउनसुगरसहित धादिङ खनियावास गाउँपालिका- ५ का विनोद तामाङलाई पक्राउ गऱ्यो। तामाङलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टा बुझाइएको सशस्त्र प्रहरी बल नम्बर २ गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक महेश विष्टले जानकारी दिए।

यी दुईवटा त उदाहरण मात्र हुन्। पछिल्लो समय नेपाल-भारत सीमामध्ये सबैभन्दा धेरै आवतजावत हुने नाकाका काँकडभिट्टामा सशस्त्र



काँकडभिट्टामा आपराधिक गतिविधि नियन्त्रणमा परिचालित कुकुर साथी (बायाँ) र जोजो (दायाँ)।



कुकुर परिचालन भएपछि मान्छेले नसक्ने वस्तु पनि पत्ता लागेका छन्

● **डिएसपी महेश विष्ट**, सूचना अधिकारी, सशस्त्र प्रहरी बल नम्बर २ गण

काँकडभिट्टा झापाको ठुलो नाका हो। यहाँबाट फरक-फरक प्रवृत्तिका दैनिक हजारौं मान्छेको आवतजावत हुन्छ। त्यसका केही आपराधिक व्यक्ति र समूह आवतजावत गर्ने भएकाले यसको नियन्त्रणका लागि कुकुर ल्याएका हौं। कुकुर ल्याएपछि लागुऔषध नियन्त्रणमा धेरै सहज भएको छ। यसले खास गरी सुँघेर लागुऔषध, हातहतियार पत्ता लगाउँछ। हामी मान्छेले पत्ता लगाउन नसक्ने ठाउँ गोप्य अंग, जुत्तालगायत ठाउँमा लुकाएर ल्याएको पत्ता लगाउने भएकाले पनि अहिले सहज भएको छ।

प्रहरीको 'जोजो' र 'साथी' नामक तालिम प्राप्त दुईवटा कुकुरले सीमामा आवतजावत गर्नेको निगरानी गरिरहेको छ। गत वर्षको असोजमा ल्याइएका यी दुई कुकुरले सीमाबाट हुन सक्ने लागुऔषध र हातहतियार ओसारपसार नियन्त्रणमा काम गरिरहेको सशस्त्र प्रहरी बल नम्बर २ गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक विष्टले जानकारी दिए। यी दुई कुकुरलाई प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टामा राखेर सीमाको निगरानीमा खटाइएको छ। दुवै कुकुर दिनमा दश घण्टा सीमामा खटिन्छन्।

सीमाको निगरानीका लागि दुईवटा कुकुरसहित चारजना तालिमप्राप्त जनशक्ति खटाइएको सूचना अधिकारी विष्टले जानकारी दिए। 'यो नाका झापाको ठुलो नाका हो। यहाँबाट फरक-फरक प्रवृत्तिका दैनिक हजारौं मान्छेको आवतजावत हुन्छ। त्यसका केही अपराधिक व्यक्ति र समूह आवतजावत गर्ने भएकाले यसको नियन्त्रणका लागि कुकुर ल्याएका हौं। कुकुर ल्याएपछि लागुऔषध नियन्त्रणमा धेरै सहज भएको छ। यसले खास गरी सुँघेर लागुऔषध, हातहतियार पत्ता लगाउँछ,' विष्टले भने, 'हामी मान्छेले पत्ता लगाउन नसक्ने ठाउँ गोप्य अंग, जुत्तालगायत ठाउँमा लुकाएर ल्याएको पत्ता लगाउने भएकाले

» पृष्ठ २ मा क्रमशः

आन्दोलन सशक्त बनाउने रास्वपाको निर्णय, १३ कात्तिकमा विशेष प्रदर्शन

सभापति रवि लामिछानेलाई राजनीतिक प्रतिशोधका आधारमा थुनेको, अनुसन्धानका नाममा मानसिक दबाब दिएको भन्दै तत्काल रिहाइ गर्न माग



● **मनीष झा**
सहप्रवक्ता, रास्वपा



● **कवीन्द्र बुर्लाकोटी**
सहमहामन्त्री, रास्वपा

पार्टी सभापति एवं संसदीय दलका नेता रवि लामिछानेलाई राजनीतिक प्रतिशोधका लागि हिरासतमा राखेको र अनुसन्धानका नाममा थुन्ने र मानसिक दबाब दिने षड्यन्त्र देखिएकाले सरकारसँग अविलम्ब राजनीतिक प्रतिशोध त्यागी रिहाइको माग गरेका छौं।

पार्टी सभापतिज्यूको प्रतिशोधको विरोधमा मात्रै होइन, अब आन्दोलन थप सशक्त रूपमा समग्र सहकारीपीडितको न्यायमा केन्द्रित रहनेछ। सशक्त आन्दोलनका लागि उपसभापतिद्वयको संयोजकत्वमा रहेका सञ्चालन समितिले आन्दोलनको मोडालिटीबारे छलफल अघि बढाउनुभएको छ। १३ कात्तिकमा विशेष रूपमा प्रदर्शनको तयारी छ।

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति एवं संसदीय दलको नेता रवि लामिछानेलाई सरकारले राजनीतिक प्रतिशोधका आधारमा थुनेको र अनुसन्धानका नाममा मानसिक दबाब दिएको भन्दै तत्काल रिहाइको माग गरेको छ। शनिबार वनस्थलीमा बसेको रास्वपा केन्द्रीय समिति बैठकले सहकारीपीडितको पक्षमा आन्दोलन गर्ने निर्णय गर्दै दुई उपसभापतिको नेतृत्वमा भिन्दाभिन्दै समितिसमेत गठन गरेको छ।

'पार्टी सभापति एवं संसदीय दलका नेता रवि लामिछानेलाई राजनीतिक प्रतिशोधका लागि हिरासतमा राखेको र अनुसन्धानका नाममा थुन्ने र मानसिक दबाब दिने षड्यन्त्र देखिएकाले सरकारसँग अविलम्ब राजनीतिक प्रतिशोध त्यागी रिहाइको माग गर्दछ,' बैठकपछि कार्यवाहक

» पृष्ठ २ मा क्रमशः

नयाँ पत्रिका

परिवर्तनकारी शक्तिबिच समान धारणा हुनुपर्छ : भट्टराई

काठमाडौं/ नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक डा. बाबुराम भट्टराईले लामो संघर्ष र बलिदानको उपलब्धिका रूपमा प्राप्त नेपालको संविधानको संरक्षण र लोकतन्त्रको सुदृढीकरणका लागि परिवर्तनकारी शक्तिबिच साझा धारणा र एउटै बुझाइ आवश्यक रहेको बताएका छन् । शनिबार पत्रकार भेटघाट कार्यक्रममा उनले संघीयता र गणतन्त्रसहितको उपलब्धिलाई संरक्षण र संवर्द्धन गर्दै लैजानुपर्ने आजको आवश्यकता भएको बताएका हुन् ।

'मुलुकमा राजनीतिक परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा दुःख, कष्ट भोगेका राजनीतिक नेतृत्वले जनताका एजेन्डाका आधारमा विकास र समृद्धिमा फड्को मार्न नसक्दा नयाँ शक्तिको उदय भयो, तर उनीहरू पनि व्यवस्थित हुन सकिरहेको देखिन्न,' भट्टराईले भने । लोकतन्त्रका लागि योगदान पुऱ्याएका पुराना शक्तिलाई सुधार्ने तथा नयाँ शक्तिलाई व्यवस्थित तुल्याएर आमसहमतिका आधारमा अघि बढ्नुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । लोकतान्त्रिक गणतन्त्रभित्रै नयाँ शक्ति निर्माण गर्न सकिने बताउँदै भट्टराईले भने, 'वैकल्पिक नयाँ शक्ति अग्रगामी सोचसहितको हुनुपर्छ, पुराना वादबाट अब मुलुक चल्दैन । संघीयतालाई पनि परिष्कृत गर्दै लैजानुपर्छ ।' केही दिनअघि विधान अधिवेशन सम्पन्न गरेको नेसपा (नयाँ शक्ति)ले आगामी २५ देखि २७ माघसम्म काठमाडौंमा राष्ट्रिय अधिवेशन गर्दै छ ।

शर्माको 'धोबीघाट मेलोडी' लोकार्पण

काठमाडौं/ गीतकार एवं साहित्यकार मुकुन्दराज शर्माले निबन्धसंग्रह 'धोबीघाट मेलोडी' ल्याएका छन् । पुस्तकको शनिबार आयोजित एक कार्यक्रममा लिटिल एन्जल्स स्कुलका संस्थापक एवं पूर्वराज्यमन्त्री उमेश श्रेष्ठ, ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन, शिक्षासेवी विद्या लिम्बू, डा. दयाराम श्रेष्ठ, कुमारी लामा, एसपी कोइराला, विष्णुविभु घिमिरे, अशेष मल्ल, श्रीओम श्रेष्ठ रोदन, शकुन्तला शर्मा, निर्मला शर्मा, विन्नी श्रेष्ठ तथा मान्यता शर्माले संयुक्त रूपमा विमोचन गरेका छन् । साहित्यकार लिटिल एन्जल्स स्कुलका प्रिन्सिपल हुन् ।

ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले राजनीतिक व्यक्तित्वलाई साहित्यिक कार्यक्रममा बोलाएर धोबीघाटसम्म जोडेकोमा आभार व्यक्त गरे । पूर्वराज्यमन्त्री श्रेष्ठले ३०-३५ वर्षअघिसम्म राम्रो रहेको साहित्यिक क्षेत्र अहिलेको पुस्तामा आइपुग्दा अलि घटिरहेको हो कि भन्ने लागेको बताए । पुस्तकका प्रकाशक तथा कामना न्यूज पब्लिकेसन्सका प्रबन्ध सम्पादक दिरेकलाल श्रेष्ठले शर्माको दोस्रो कृति पनि प्रकाशन गर्न पाउनु गर्वको विषय भएको बताए ।

साहित्यकार श्रीओम श्रेष्ठले शर्माको निबन्धसंग्रहमा मौलिकपन भएको बताए । प्रा.डा. दयाराम श्रेष्ठले शर्माका निबन्धमा कविताको रिदम, कथात्मक म्युजिकल नोट, जीवन-दर्शनको सुर, पाठकमैत्री सिम्फोनी, प्रतिक्रियात्मक साउन्ड पज तथा केही नितान्त प्राइभेट गीतको नाद सौन्दर्य पाइएको बताए ।

आन्दोलन...

पृष्ठ १ बाट क्रमशः

प्रवक्ता मनीष झाद्वारा जारी विज्ञप्तिमा छ । रास्वपाले बयान लम्ब्याएर राजनीतिक प्रतिशोध साँधेको बताएको छ ।

बैठकले सहकारीपीडितको पक्षमा आन्दोलन सञ्चालन गर्न उपसभापति डोलप्रसाद अर्यालको संयोजकत्वमा सात प्रदेश सभापतिसहितको आन्दोलन सञ्चालन मूल समिति गठन गरेको छ । त्यसैगरी, राजनीतिक नागरिक संवादका लागि उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा अर्को समिति गठन गरेको छ । समितिलाई सातै प्रदेशमा आन्दोलन सञ्चालन प्रदेश समिति गठन गर्ने र आवश्यक उपसमिति गठन गर्ने अधिकारसमेत दिइएको छ ।

'राजनीतिक प्रतिशोध, भ्रष्टाचार र बेथितिविरुद्ध एवं सहकारीपीडितको ८८ अर्ब फिर्तासहितको न्यायका लागि निरन्तर आन्दोलन जारी, आन्दोलन सञ्चालन गर्न पार्टी उपसभापति डोलप्रसाद अर्यालको संयोजकत्वमा सात प्रदेश सभापतिसहितको आन्दोलन सञ्चालन मूल समिति गठन गर्ने,' निर्णयमा छ, 'राजनीतिक नागरिक संवादका लागि पार्टी उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा समिति गठन गर्ने । सातै प्रदेशमा आन्दोलन सञ्चालन प्रदेश समिति गठन गर्ने । आवश्यक उपसमिति गठन गर्ने अख्तियारी सम्बन्धित समिति स्वयंलाई दिने ।'

सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीले समग्र सहकारीपीडितको न्यायका लागि आन्दोलन केन्द्रित हुने बताए । उनले आन्दोलनका मोडालिटीबारे समितिले छलफल गरिरहेको बताए । 'पार्टी सभापतिज्यूको प्रतिशोधको विरोधमा मात्रै होइन, अब आन्दोलन थप सशक्त रूपमा समग्र सहकारीपीडितको न्यायमा केन्द्रित रहनेछ । सशक्त आन्दोलनका लागि उपसभापतिद्वयको संयोजकत्वमा रहेका सञ्चालन समितिले आन्दोलनको मोडालिटीबारे छलफल अघि बढाउनुभएको छ । १३ कात्तिकमा विशेष रूपमा प्रदर्शनको तयारी छ । समितिहरूले छलफलबाट टुंगो लगाउनेछन्,' उनले नयाँ पत्रिकासँग भने ।

साथै, बैठकले स्थानीय तह उपनिर्वाचन संयोजन समितिलाई तीन दिनभित्र कार्ययोजना पेस गर्न निर्देशन दिएको छ । त्यस्तै, सभापति लामिछानेको पक्राउसँगै स्थगित जिल्ला भेला, सांगठनिक र पार्टी गतिविधि सुचारु गर्ने निर्णयसमेत गरेको छ ।

कहाँ पुग्यो...

पृष्ठ १ बाट क्रमशः

खबरदारी सभाको घोषणा गर्नेबित्तिकै सत्तापक्षमा जुन सरकार आजै ढल्छ, भोलि नै ढल्छ भन्ने आतंक देखा पऱ्यो,' उनले भने, 'हामीले सरकार ढल्छ, ढाल्छौं भनेका छैनौं, उहाँहरूले नै भन्नुभएको छ । हामी यो खबरदारी भन्न चाहन्छौं- खबरदार तपाईंहरू सरकार ढल्छ भन्ने डरले अझ बढी बेथितितिर नजानुहोला, अझ बढी भ्रष्टाचारीको संरक्षणमा नजानुहोला ।'

सभालाई सम्बोधन गर्दै माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उपलब्धिको रक्षा, सरकारको यथास्थिति र प्रतिगामी गतिविधिका विरुद्ध खबरदारी सभा गरेको बताए । उनले ठुला भ्रष्टाचारका काण्डहरूको छानबिन के हुँदै छ भनेर सरकारलाई प्रश्न गरे ।

'आजकाल कसैले सोध्दा पनि सोध्दैन कहाँ पुग्यो भुटानी शरणार्थी काण्ड ? कहाँ पुग्यो बाँसबारीको जग्गा काण्ड ? कहाँ पुग्यो गिरीबन्धु टी इस्टेटको कुरा ? कहाँ पुग्यो बालमन्दिर काण्ड ? किनकि यो सबैलाई थाहा छ, यी काण्ड खोतल्न होइन, काण्ड मिलाउन यो सरकार आएको हो,' खबरदारी सभामा प्रचण्डले भने, 'तपाईंहरू जनताको अदालतको हेक्का राख्नुहोला । देश कांग्रेस र एमालेको बिर्ता होइन । संख्याको बलमा जस्तासुकै अपराध गर्ने छुट सरकारलाई छैन ।'

प्रचण्डले अरूले नगर भनेको काम गर्नैपर्ने अचम्मको स्वभाव प्रधानमन्त्री केपी ओलीमा रहेको आरोप लगाए । 'प्रधानमन्त्रीजीको एकदमै खास स्वभाव छ । अरूले गर्न हुन्न भनेपछि त्यो नगरी नहुने । कहीं न कहीं भत्काउनैपर्ने, मिच्नैपर्ने, शक्तिको दुरुपयोग गर्नैपर्ने, बडो विचित्रको स्वभाव छ । अपराधलाई पनि उत्सवका रूपमा मनाउने गर्नुहुन्छ । अपराध सधैं कमजोर हुन्छ । चाहे त्यो जतिसुकै धेरै संख्या किन नहोस्, यो सय दिनमा प्रमाणित भइसकेको छ,' प्रचण्डले भने, 'सरकार बाढीपहिरोमा देखिँदैन, प्राकृतिक विपत्तिमा देखिँदैन । बरु दल विभाजन गर्न, कुलमान (कुलमान घिसिङ) हटाउन, उपसभामुख (इन्दिरा राना) हटाउन सरकार देखिन्छ ।'

चुनाव लड्न करोडौं खर्च गर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्नेमा उनले जोड दिए । पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र विज्ञलाई मन्त्री बनाउने व्यवस्थामा जानुपर्नेमा उनले जोड दिए । 'म थाकेको छैन । फेरि एउटा क्रान्तिको नेतृत्व गर्न सक्छु भन्ने आँट छ । नयाँ आन्दोलन, नयाँ अभियानमार्फत उपलब्धिको रक्षा मात्रै होइन, थप उपलब्धि प्राप्त गर्नेछौं,' प्रचण्डले भने । चार दिनको तयारीमा गरिएको खबरदारी सभामा उल्लेख्य सहभागिता रहेको भन्दै प्रचण्डले भने, 'भोलि एक महिनाको तयारीमा विरोध सभा गरियो भने काठमाडौंमा के होला ? थेग्न सक्छ यो सरकारले ?'

प्रचण्डले आगामी निर्वाचन माओवादीले एक्लै लड्ने उद्घोषसमेत गरे । कांग्रेस-एमालेसँग समीकरण गरेर विगतमा गल्ती भएको उनले बताए । 'यस्ता भ्रष्ट र जाली नेताहरूसँग लागेर माओवादी पनि कताकता के हो, के हो भन्ने जनतामा परेको थियो । अब हामी जनतातिर फर्केर आत्मालोचना/आत्मसमीक्षा गर्दै जनतासँग भन्नेछौं- हामी तपाईंकै छोराछोरी थियौं । जाली फटाहासँग लाग्दा अलिअलि बिग्रियौं । हामी अब सच्चिन चाहन्छौं र तपाईंहरूको मुक्ति नहुँदासम्म हामी लडिराख्न चाहन्छौं,' प्रचण्डले भने ।

बिरामी छन्...

पृष्ठ १ बाट क्रमशः

सरकारले देशभर निःशुल्क वितरण गर्ने ९८ प्रकारका औषधि उत्पादनका लागि सहयोगी हुने ठानेको औषधि लिमिटेडको प्रस्तुति सबैभन्दा कमजोर छ । यो उद्योगको जडित क्षमता १४६ प्रकारका औषधि उत्पादन गर्ने हो । जुका, क्षयरोग, उच्च रक्तचाप, मधुमेह, माइग्रेन, टाइफाइड, निमोनिया, मलेरिया, हैजालगायत रोगको उपचारका लागि निःशुल्क वितरण गर्ने ९८ प्रकारका औषधि यही उद्योगबाट उत्पादन गर्ने र जनतालाई वितरण गर्ने मुख्य उद्देश्य हो । तर, अहिले उद्योगले सिटामोल र जीवनजल मात्रै सरकारलाई आपूर्ति गर्दै आएको छ ।

उद्योगले अहिले १४ प्रकारका औषधि मात्र उत्पादन गर्ने गरेको र त्यसमध्ये निःशुल्क वितरणको सूचीमा रहेका जीवनजल र सिटामोल मात्रै सरकारलाई उपलब्ध गराइरहेको औषधि लिमिटेडका महाप्रबन्धक कैलाश पनेरूले बताए । अन्य ९६ प्रकारका औषधि भने निजी क्षेत्रबाट खरिद गरी सरकारले स्वास्थ्य चौकीमार्फत जनतालाई निःशुल्क वितरण गरिरहेको छ । 'जीवनजल र सिटामोल मागअनुसार आपूर्ति हुने गरी उत्पादन भइरहेको छ,' उनले भने, 'गत वर्ष तीन करोड ट्याब्लेट सिटामोल र ३५ हजार पुरिया जीवनजल उत्पादन भएको थियो ।'

उद्योगको उत्पादन घट्दा सञ्चालन आयसमेत ठुलो अन्तरले घटेको छ । ०७९/८० मा औषधि लिमिटेडको सञ्चालन आय ३०.८४ प्रतिशत घटेको अर्थ मन्त्रालयले जनाएको छ । सो आवमा तीन करोड ५६ लाख आम्दानी गरेको उद्योगको खर्च भने तीन गुणा बढी अर्थात् नौ करोड नौ लाख रुपैयाँ थियो । उद्योगको सञ्चित नोक्सानी दुई अर्ब १३ करोड रुपैयाँ पुगेको छ । वेला-वेला सरकारले ऋण दिएर उद्योग चल्ने गरेको छ ।

१२० प्रकारका औषधि उत्पादन गर्ने उद्योग १४ मा खुम्चियो

०२९ मा स्थापना भएको औषधि लिमिटेडले १२० प्रकारका औषधि उत्पादन गरेको गर्विलो इतिहास छ । तर, अहिले १४ प्रकारका औषधि मात्रै उत्पादन भइरहेका छन् । यसमा पनि जीवनजल र सिटामोल मात्रै उद्योगका प्रमुख उत्पादन हुन् । उद्योगले अहिले सिटामोल र जीवनजलसँगै हेमोडायलासिस, स्यानिटाइजर, एजिथ्रोमाइसिन, अल्बिन्डाजल, आइरन, फोलिन, एमजिट, एम्जिट डिएफ, सेट्रिजिन, डिस्टिल्डवाटर, ग्लिसिरिन र अर्डिफोलियो उत्पादन गर्दै आएको छ । तर, यी औषधि बजारमा पाउन मुस्किल छ ।

महाप्रबन्धक पनेरूले जीवनजल र सिटामोल कुल उत्पादनको ९० प्रतिशत सरकारलाई नै उपलब्ध गराउँदै आएको बताए । १० प्रतिशत मात्रै बजार पठाइएको उनको भनाइ छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले केही समयअघि सरकारी उद्योगको औषधि बजारमा नपाइएको भन्दै आपूर्ति बढाउन निर्देशन दिएको थियो । त्यसपछि गत साउनमा दुई गाडीमा सिटामोल राखेर फार्मेसीलाई बिक्री गर्न खोज्दा फिर्ता आएको अनुभव उनले सुनाए ।

सरकारलाई निःशुल्क वितरण गर्ने प्रयोजनका लागि उद्योगले ९८ पैसा प्रतिट्याब्लेटका दरले बिक्री गरिरहेको उनले जानकारी दिए । 'बजारमा भने थोकविक्रेता, ढुवानीकर्ता र खुद्रेविक्रेताको कमिसनलाई समेत ध्यान दिएर ७२ पैसा प्रतिट्याब्लेटमा दिन खोज्दा पनि फार्मेसीले लिएनन्,' उनले भने, 'सायद निजी क्षेत्रका उद्योगले योभन्दा आकर्षक कमिसन दर निर्धारण गरेका होलान् ।'

उनले बजारमा पठाउनुभन्दा सरकारलाई चाहिने परिमाणमा औषधि दिने गरी उत्पादन गर्दा उद्योगलाई फाइदा हुने बताए । गत वर्ष सरकारलाई सिटामोल बेचेर मात्रै ७२ लाख नाफा भएको उनले सुनाए । जीवनजल पनि ३५ हजार पुरिया उत्पादन गरेर सरकारलाई नै बिक्री गरेको पनेरूको भनाइ छ । अन्य औषधि भने न्यून उत्पादन भएकाले बजारमा देखिने गरी ठूलो मात्रामा उपलब्ध गराउन नसकेको स्वीकार गरे । उद्योगले विगतमा धेरै उत्पादन हुने स्लाइनपानीको उत्पादनसमेत बन्द गरेको छ ।

सरकारको एक अर्ब ऋण बोकेको उद्योग ०६७ मा बन्द, ०७४ मा १४ करोड ऋण दिएर पुनः सञ्चालन, अहिले अरू २४ करोड माग्दै

बेलायत, जर्मनी, जापानलगायतका देशको सहयोगमा मेसिन, उपकरणजडित औषधि लिमिटेड ०५८ देखि घाटामा सञ्चालन हुन थालेको थियो । आर्थिक रूपमा कमजोर बन्दै गएपछि उद्योगले विश्व स्वास्थ्य संगठनको कुशल उत्पादन प्रक्रिया (जिएमपी) मापदण्ड पूरा नगरेको भेटिएपछि ०६७ देखि पूर्ण रूपमा बन्द नै भयो । तर, पछि तत्कालीन उद्योगमन्त्री नविन्द्रराज जोशी (हाल दिवंगत)को पहलमा ०७४ वैशाखदेखि उद्योग पुनः सञ्चालनमा ल्याइयो । जोशीले सरकारबाट १४ करोड ६५ लाख ऋण स्वीकृत गराएर पहिलो किस्तामा ६ करोड ४८ लाख निकासा भएपछि उद्योग चल्न थालेको थियो । तर, उद्योग सञ्चालनमा आए पनि विगतको विरासत धान्ने गरी कहिल्यै सञ्चालन भएको छैन ।

उद्योगमा हालसम्म एक अर्ब १६ करोड सरकारी ऋण लगानी भइसकेको छ । उद्योगको लेखापरीक्षण भएको अन्तिम वर्ष ०७९/८० मा १५ करोड ५५ लाख घाटा व्यहोरेको थियो भने सञ्चित नोक्सानी दुई अर्ब १३ करोड नाघिसकेको छ । जसकारण थप ऋण लगानी गर्न सरकार हिच्किचाएको हो । तर, लिमिटेडका महाप्रबन्धक पनेरू भने अरू २४ करोड ऋण पाए सरकारले निःशुल्क बाँड्नेमध्ये २० प्रकारका औषधि उत्पादन गरेर संस्थालाई सुदृढीकरण गर्ने दाबी गर्छन् । तर, सरकारबाट साथ नपाएको उनको आरोप छ ।

३० चैत ०७९ मा तत्कालीन मुख्यसचिव शंकरदास बैरागीको संयोजकत्वमा बसेको बैठकले उद्योगलाई कच्चा पदार्थ तथा नयाँ मेसिनरी खरिद, ग्लोब्स र मास्क उत्पादन गर्ने प्लान्ट स्थापना तथा अन्य दायित्व भुक्तानीका लागि २४ करोड ७८ लाख १२ हजार ३८४ रुपैयाँ ऋण दिन अर्थ मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको थियो । सो बैठकले उद्योगमा सरकारले गरेको एक अर्बभन्दा बढी ऋण लगानीलाई सेयरमा परिणत गर्न पनि सिफारिस गरेको थियो । लगत्तै २० वैशाख ०८० मा बैरागीले ऋण दिलाउन अर्थलाई पत्र पनि लेखेका थिए । तर, अहिलेसम्म रकम निकासा नभएको महाप्रबन्धक पनेरूले बताए ।

'ऋण रकम पाए सरकारले निःशुल्क वितरण गर्ने औषधिमध्ये २० प्रकारका हामी नै उत्पादन गरेर दिने थियौं । यसो गर्दा उद्योग पनि सुदृढ हुने, जनतालाई वितरण गर्ने औषधि पनि गुणस्तरीय र निजी क्षेत्रबाट खरिद गर्नुपर्ने बाध्यता हट्ने थियो,' उनले भने ।

शाही औषधि लिमिटेड रहेको कुनै समयमा सात सय कर्मचारीले १२० थरी औषधि उत्पादन गर्ने गर्थे । गणतन्त्र आएपछि 'नेपाल औषधि लिमिटेड' नाम बदलियो, तर उत्पादनमा सुधार हुन सकेन । सात सय कर्मचारी पनि घटेर अहिले ७१ जनामा सीमित छन् ।

औषधि उत्पादन गर्नुपर्ने भवन भाडामा

औषधि उत्पादन नै घटेसँगै लिमिटेडको बबरमहलस्थित उद्योगपरिसरभित्र रहेका भवनहरू खाली भएपछि भाडामा दिन थालिएको छ । औषधि उत्पादन गर्न नसकेर खाली रहेका भवनमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, स्वास्थ्य बिमा बोर्ड, साना किसान लघुवित्त वित्तीय संस्था, कोष तथा लेखा नियन्त्रण कार्यालय (काठमाडौं)लगायतका सरकारी कार्यालयहरूलाई भाडामा दिएको महाप्रबन्धक पनेरूले जानकारी दिए । भाडाबापत वार्षिक ३२ लाख आम्दानी गरिरहेको उनको भनाइ छ ।

अध्ययन समितिले सुधारका लागि दिएका सुझाव भएनन् कार्यान्वयन

०७७ मा पूर्वसचिव दीपक सुवेदी संयोजकत्वको संस्थान सुधारसम्बन्धी कार्यदलले नेपाल औषधि लिमिटेडलाई नियमित र क्षमताअनुसार सञ्चालनका लागि विभिन्न सुझाव दिए पनि कार्यान्वयन भएको छैन । समितिले आवश्यकताका आधारमा मात्रै करार वा ज्यालादारीमा कर्मचारी राख्नुपर्ने, उद्योग मन्त्रालयबाट वार्षिक कम्तीमा दुईपटक उद्योगको कार्यप्रगति मूल्यांकन गर्नुपर्ने र कमजोरी भेटिए सुधारमा केन्द्रित हुनुपर्ने सुझाव दिएको थियो । त्यस्तै ०७८ मा अर्को कार्यदल बन्यो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालीन सहसचिव चन्द्रकला पौडेल संयोजकत्वको कार्यदलले पनि औषधि उद्योग सुधारका लागि अध्ययन गरेको थियो । उद्योगले यसअघिको ऋण कर्मचारीको तलब तथा निवृत्तिभरणमा खर्च गरेको प्रतिवेदनमा उल्लेख थियो ।

जडीबुटी कम्पनी पनि गुमाउँदै छ साख

स्थापनाकालदेखि नै निरन्तर नाफा आर्जन गरिरहेको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड पनि तीन वर्षदेखि निरन्तर नोक्सानीमा थकेलिँदै आएको छ । सन्चो ब्रान्डमा औषधि उत्पादन गर्ने यो कम्पनी ०७७/७८ सम्म निरन्तर नाफा गरेर ३१ करोड ५८ लाख सञ्चित नाफामा थियो । कम्पनीले सर्वसाधारणलाई प्राथमिक सेयरसमेत जारी गर्ने योजना बनाएको थियो । तर, ०७८/७९ मा एक करोड ९१ लाख नोक्सानी व्यहोरेको कम्पनीले ०७९/८० मा दुई करोड ८४ लाख नोक्सानी खेप्यो । ०८०/८१ मा पनि नोक्सानी खेपेको स्रोतको भनाइ छ ।

जडीबुटीबाट सुगन्धित तेल उत्पादन गरी विदेश निर्यात गर्ने प्रमुख उद्देश्यले स्थापना गरिएको जडीबुटी कम्पनीले अहिलेसम्म निर्यात भने गर्न सकेको छैन । कम्पनीकी महाप्रबन्धक संगीता यादवले निजी क्षेत्रलाई औषधि दिएको र उनीहरूले निर्यात गरेको जानकारी पाएको बताइन् । 'निर्यातको उद्देश्य राखेर मात्र हुँदैन । त्यहीअनुसारको सुविधा, पूर्वाधार र लगानी पनि आउनुपर्छ,' उनले भनिन् । एक समय १३ प्रकारका सुगन्धित तेलजन्य उत्पादनको कारोबार गरिरहेको कम्पनीले अहिले सन्चो, बाम, सिलाजित र हिमालयन मसाज आयलको मात्रै कारोबार गर्दै आएको छ । यसमध्ये पनि सन्चोको मात्रै कारोबार सन्तोषजनक छ । तर, विगतको तुलनामा भने यसको पनि कारोबार खस्किएको छ ।

अर्थ मन्त्रालयका अनुसार ०७९/८० मा लक्ष्यको ३०.२ प्रतिशत मात्रै सुगन्धित तेलको उत्पादन भएको थियो । आफैं कमाएर पुँजी जुटाउनुपर्ने कम्पनी सधैं सरकारी ऋणको भरमा सञ्चालन भइरहेको छ । पाँच वर्षअघि १८ करोड लिएर उत्पादन वृद्धि गरेको थियो । त्यतिखेर १० करोड सेयरका रूपमा र आठ करोड ऋण लिएको थियो । अहिले फेरि १२ करोड ऋण लिने प्रक्रियामा रहेको महाप्रबन्धक यादवले जानकारी दिइन् । 'गोरखाको हिमाली क्षेत्रमा जग्गा किन्ने र जडीबुटी खेती गर्ने गरी सेवा विस्तार गर्न सरकारसँग १२ करोड रुपैयाँ ऋण मागेका छौं । त्यो पैसा आउँछ होला,' उनले भनिन् । सुगन्धित तेल उत्पादनका लागि बाराको तामागढी, मोरङको बेलबारी, सुनसरीको तरहरा, कैलालीको टीकापुर, जाजरकोट र गोरखामा पाँच सय हेक्टरभन्दा बढी जग्गा कम्पनीसँग छ । तर, यी जग्गाको पूर्ण उपयोग हुने गरी जडीबुटी र सुगन्धित तेल उत्पादन गर्न मिल्ने घाँसको खेती भने हुन सकेको छैन ।

थला पऱ्यो सिंहदरबार वैद्यखाना

मल्लकालमै स्थापना भएको सिंहदरबार वैद्यखानाले विगतको विरासत बिर्सिसकेको छ । सन् १८४६ मा स्थापना भएको वैद्यखानाले कुनै समय १६० प्रकारका औषधि उत्पादन गरेकोमा अहिले मुस्किलले एक दर्जनजति मात्रै उत्पादन गरिरहेको छ । यी औषधिको उत्पादन पनि नियमित छैन । वैद्यखानाको अनामनगरस्थित बिक्री केन्द्रमा मिमिया, पिडाहर, मलहम, त्रिफला चूर्ण, कामदुधा रस, खदिरादी बुटी, शितरस, सम्ख, भष्म, कौडी भष्म, मृगमदासव, सिलाजितलगायतका आयुर्वेदिक औषधि मात्र उपलब्ध छ । वैद्यखानाका कार्यकारी निर्देशक र सञ्चालक समिति एक वर्षदेखि रिक्त भए पनि सरकारले नियुक्तिमा चासो दिएको छैन ।

गत वर्ष २१ असोजदेखि सञ्चालक समिति अध्यक्ष र सरकारबाट नियुक्ति हुने सदस्यहरूको पद खाली छ भने गत कात्तिकदेखि रिक्त रहेको कार्यकारी निर्देशक पदमा आयुर्वेद विभागका महानिर्देशक डा. प्रदीप केसीलाई जिम्मेवारी दिइएको छ । दुईतिरको जिम्मेवारीमा रहेका केसीले पर्याप्त समय दिन सकिरहेका छैनन् । विगतमा दैनिक ५-६ लाख रुपैयाँको आयुर्वेद औषधि बिक्री गर्ने वैद्यखानालाई अहिले दैनिक दुई हजारको कारोबार गर्न पनि मुस्किल भइरहेको छ । कोभिडका वेला आयुर्वेद औषधिको ठुलो माग हुँदा वैद्यखाना आपूर्ति गर्न असक्षम भएको थियो । कुनै वेला वार्षिक तीन करोड रुपैयाँसम्मको औषधि बिक्री गर्ने उद्योगको आम्दानी अहिले निकै खुम्चिएको कार्यकारी निर्देशक केसी बताउँछन् । 'मासिक खर्च २५ लाखहाराहारी छ, तर आम्दानी अत्यन्त न्यून छ,' उनले भने, 'विशेष कार्ययोजनासहित औषधि उत्पादनमा क्रियाशील भइयो भने दुई-तीन वर्षमै नाफामा लैजान सकिन्छ । किनभने आयुर्वेद औषधिको बजार ठुलो छ ।' उद्योगमा वार्षिक २० करोडको औषधि उत्पादन गर्न सक्ने क्षमताको प्लान्ट जडान गरिए पनि कहिल्यै पूर्ण क्षमतामा उपयोग भएको छैन ।

सीमामा...

पृष्ठ १ बाट क्रमशः

पनि अहिले सहज भएको छ ।' विष्टका अनुसार यो सशस्त्र प्रहरीको यी कुकुर २४ असोज ०८० मा सशस्त्र प्रहरी बल, नेपालको प्रधान कार्यालयबाट ल्याइएको हो । एक वर्षको अवधिमा कुकुरको सहायताले पूर्वीनाका काँकडभिट्टाबाट २२९ दशमलव ३५ ग्राम लागुऔषध ब्राउनसुगर बरामद गरिएको सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक विष्टले जानकारी दिए । उक्त लागुऔषधसहित ४६ जनालाई पक्राउ गरी प्रहरीलाई बुझाइएको उनले बताए । सशस्त्र प्रहरीका अनुसार यी दुई कुकुरमध्ये जोजोले लागुऔषध पत्ता लगाउँछ भने साथीले अवैध हातहतियार नियन्त्रणमा काम गर्दै आएको छ ।

सशस्त्र प्रहरी बलले सीमामा दुईवटा कुकुरसहित जाँच सुरु गरेपछि लागुऔषध नियन्त्रणमा केही सहज भएको इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रमुख प्रहरी नायब उपरीक्षक मिमबहादुर लामाले बताए । 'सशस्त्र प्रहरीले तालिमप्राप्त कुकुर ल्याएपछि लागुऔषध नियन्त्रणमा केही सहज भएको छ । शंकास्पद व्यक्तिसँग लागुऔषध छ कि छैन भनेर सुँघेर पत्ता लगाउने भएकाले यसले हामीलाई सहजता दिलाएको छ,' उनले भने ।

National Sport Council
Tripureshwor, Kathmandu

Invitation for Bids

Date of Publication: 27-10-2024

1. National Sport Council invites National Competitive Bid from eligible bidders for the Construction of Rastriya Smriti Covered Hall at Sunapati Rural Municipality, Ramechap.

Contract No.	Name of Project	Bid Security	Cost of Bid	Date of Pre-Bid Meeting	Last Date of Bid Submission
NCB/Works/ sunapathi/81/82	Construction of Rastriya Smriti Covered Hall at Sunapati Rural Municipality,Ramechap	NRs. 4,36,000.00	NRs. 3,000.00	13-11-2024 13:00	26-11-2024 12:00

2. Eligible3 Bidders may obtain other further information by visiting PPMO website:www.bolpatra.gov.np/egp

Department of Roads
Road Division, Sanfebagar

Invitation for Bids (IFB) No.IFB-081/82-03

Date of publication: 2081-07-11 (27th October, 2024)

1. Road Division, Sanfebagar ,Achham invites sealed bids (Single Stage single envelope,)or electronic bids from eligible bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Excl. of VAT and Contingencies (NRs)	Bid Security Amount (NRs)	Validity of Bid/Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs)
1	RDSNF/337310113 /081/82-12	Specific Maintainance Works On Jhakale-Chaukhutte & Mangalsen-Bayalpata Road Section, Achham	15,394,248.12	4,50,000.00	90/120	3,000.00
2	RDSNF/337310113 /081/82-13	Specific Maintainance Works On Sanfe-Rakse & Rakse-Martadi Road Section , Achham & Bajura	15,361,477.39	4,50,000.00	90/120	3,000.00

2. Bidders shall have submitted their bids electronically only from PPMO's website: www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically should deposit the cost of Bidding documents/ Bid security as specified below.

Last Date and Time for Bid Purchase	Last Date and Time for Bid Submission	Date and Time for Bid Opening
Date: B.S. 2081/08/11 (A.D.2024/11/26) Time: 12:00 hrs	Date: B.S 2081/08/11 (A.D.2024/11/26) Time: 12:00 hrs	Date: B.S. 2081/08/11 (A.D.2024/11/26) Time: 13:00 hrs

Cash Deposit for Purchase of Bid Document		Cash Deposit for Bid Security*(optional if bidder submits Bank Guarantee from A Class Bank)*	
Bank:	Rastriya Banijya Bank, Mangalsen,Achham	Bank:	Rastriya Banijya Bank, Mangalsen,Achham
Account Name:	Road Division ,Sanfebagar	Account Name:	District Treasury Controller Office, Achham
Account Number:	1000100200010000	Account No.	4260100102030000
Office code:	337017201	Office Code	337017201
Revenue Head:	14229		

3.Pre-bid meeting shall be held at ***Road Division, Sanfebagar*** on ***2024/11/17(2081-08-02) at 12:00 hours.***
4. Only **eligible bidders must follow the key qualifications mentioned in bidding document should only participate** in bidding procedure .
5. Any amendment in the tender notice shall be posted in the notice board of the Roads Division , Sanfebagar and PPMO's website: www.bolpatra.gov.np/egp..
Eligible Bidders may refer Road Division ,Sanfebagar or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

Division Chief

भानु माध्यमिक विद्यालय (दरवार हाई स्कूल)
रानीपोखरी, काठमाडौं
फोन नं. : ०१५३४९८९०

शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/७/११ गते

यस विद्यालयमा पूर्व बालविकास कक्षाहरूको स्तरोन्नतीका लागि तपशिलमा उल्लेख गरे अनुसारका कार्यहरू गर्नुपर्ने भएकाले शिलबन्दी दरभाउ पत्र माग गरिएको हुँदा सो कार्य गर्न इजाजत प्राप्त फर्महरूबाट २०८१/७/२५ गते (१५ दिन भित्र) अनुमति/इजाजतपत्र, कम्पनी दर्ता प्रमाणपत्र, संस्था नविकरणको निस्सा, भ्याट दर्ता प्रमाण पत्र आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संम्लग्न राखि लिखित निवेदनसाथ रु. १००० (अक्षेरुपी रु. एकहजार मात्र फिर्ता नहुने गरी) तिरी फर्म प्राप्त गर्न सकिने छ ।

तपशिल

क्र.सं.	विवरण	परिमाण
१.	स्टेशनरी तथा शैक्षिक सामाग्री	स्पेसिफिकेसन सूची अनुसार
२.	फर्निचर	स्पेसिफिकेसन सूची अनुसार
३.	कार्पेटिङ र कलरिङ	स्पेसिफिकेसन सूची अनुसार
४.	प्ले स्टेशन	स्पेसिफिकेसन सूची अनुसार
५.	स्मार्ट इन्टरएक्टिभ बोर्ड	१ थान ७५ इन्चको स्पेसिफिकेसन अनुसार

बजेट जम्मा : १५,०००००।- (पन्ध्र लाख मात्र) मूल्य अभिवृद्धि कर सहित ।
खाता नं. : भानु माध्यमिक विद्यालय १३६०१०००१४७००१ (136010000147001) राष्ट्रिय वाणिज्य बैंक, भोटाहिटी
दरभाउ पत्र फारम २०८१ कार्तिक २५ गते ४ बजे भित्र पेश गर्नुपर्नेछ ।

कक्षा १, २ र ४ का पाठ्यपुस्तक मात्रै अब निजी प्रेसले छाप्न पाउने

हुलाक टिकट र जग्गाधनी प्रमाण पुर्जा छपाइको जिम्मा पनि जनक शिक्षालाई



शिवहरि घिमिरे/नयाँ पत्रिका

निजी छापाखानाले अब तीनवटा कक्षाका मात्रै पाठ्यपुस्तक छाप्न पाउने भएका छन्। कक्षा १, २ र ४ बाहेकका पाठ्यपुस्तक अब जनक शिक्षा सामग्री केन्द्रले छाप्ने भएको छ। यसअघि कक्षा पाँचसम्मका सबै पाठ्यपुस्तक छाप्ने जिम्मेवारी पाएका निजी प्रकाशनको अधिकार शिक्षा मन्त्रालयले कटौती गरेको हो।

निजी प्रकाशनले छाप्दा बढी शुल्क लागेको र धेरै त्रुटि फेला परेको भन्दै मन्त्रालयले पुस्तक छाप्न नदिने निर्णय गरेको हो। अर्को वर्षपछि निजीलाई दिइएको अधिकार थप खुम्च्याइने मन्त्रालयले जनाएको छ। त्यसपछि सबै कक्षाका पाठ्यपुस्तक जनक शिक्षाले नै छाप्न दिने गरी मन्त्रालयले तयारी थालेको छ। एकैपटक सबै पुस्तक जनक शिक्षालाई छाप्न दिँदा व्यवस्थापनमा समस्या हुने हुँदा क्रमशः दायरा बढाउन लागिएको हो।



● **इमनारायण श्रेष्ठ,** महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र

निजी छापाखानालाई दिइँदै आएको पाठ्यपुस्तक छपाइको जिम्मेवारी बिस्तारै खुम्चँदै छ, सकेसम्म जनक शिक्षाले नै सबै प्रकारका सामग्री छाप्नुपर्छ भन्ने हो।

यसअघि जनक शिक्षाले छाप्न नभ्याउने र छपाइ ढिलो भएका कारण निजी प्रकाशनलाई छाप्न दिइएको थियो। तर, जनक शिक्षाले गत वर्षदेखि नयाँ छापाखाना ल्याएपछि छपाइमा सहज र छिटो भएको छ। हाल जनक शिक्षाले आगामी शैक्षिक सत्रका लागि चाहिने अधिकांश पुस्तक छापेर स्टक राखेको छ। चाहेको अवस्थामा दैनिक एक लाखप्रति पुस्तक प्रकाशन गर्न सकिने अवस्था छ।

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक इमनारायण श्रेष्ठले जनक शिक्षाले सबै तहको पुस्तक छाप्न सक्ने अवस्था भएपछि निजी छापाखानालाई कुनै पनि तहको पुस्तक छाप्न नदिने बताए। यस वर्ष निजी प्रेस कुन-कुनलाई छाप्न दिने भन्नेबारे छिट्टै टुंगो लाग्नेछ। दरखास्तका आधारमा निजी प्रेस छनोट गरिनेछ।

■ गत वर्षदेखि पुस्तक छपाइ र वितरणमा सुधार

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गत वर्ष समयमै पाठ्यपुस्तक छपाइका लागि जनक शिक्षालाई निर्देशन दिएका थिए। प्रधानमन्त्री कार्यालयको टोली जनक शिक्षा र पाठ्यक्रम विकास केन्द्रको अनुगमनमा समेत पुगेको थियो। प्रचण्डको अग्रसरताका कारण गत वर्ष विद्यार्थीले समयमै पाठ्यपुस्तक पाएका थिए। यस्तै, जनक शिक्षाले पनि गत शैक्षिक सत्रको पाठ्यपुस्तक समयमै प्रकाशन गरेर आगामी शैक्षिक सत्रका लागि पाठ्यपुस्तक छापेको थियो। 'निजीलाई दिइँदै आएको पाठ्यपुस्तक छपाइको जिम्मेवारी बिस्तारै खुम्चँदै छ, सकेसम्म जनक शिक्षाले नै सबै प्रकारका सामग्री छाप्नुपर्छ भन्ने हो,' महानिर्देशक श्रेष्ठले भने।

पाठ्यपुस्तक छाप्दै आइरहेको जनक शिक्षालाई अब अत्यावश्यक सरकारी कागजात छाप्ने अधिकार पनि दिइएको छ। गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले जनक शिक्षालाई हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाण पुर्जा र भिसा स्टिकरलगायतका कागजात छपाइको जिम्मा दिने निर्णय गरेको हो। यसअघि पनि जनक शिक्षाले नै यी कागजात छपाइ गर्दै आएको थियो। तर, गत वर्ष मुद्रण ऐन आएपछि जनक शिक्षाको अधिकार कटौती भएको थियो। मुद्रण ऐनमा सरकारले निर्णय गरेपछि मात्रै जनक शिक्षालाई ती कागजात छाप्न दिने व्यवस्था छ। सो व्यवस्थाअनुसार मन्त्रिपरिषद्ले निर्णय गरेसँगै अब भने हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाण पुर्जा र भिसा स्टिकरलगायतका कागजात जनक शिक्षाले नै छाप्नेछ।

■ त्रिवि परीक्षामा लापरबाही

पढाउने पुरानै विषय, प्रश्नपत्र नयाँ पाठ्यक्रमबाट

त्रिभुवन विश्वविद्यालयले विद्यार्थीले पढ्दै नपढेको नयाँ पाठ्यक्रमअनुसार प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गरेको छ। ३० भदौमा सञ्चालन भएको स्नातक तह चौथो वर्षको साहित्यिक सिद्धान्त, नेपाली समालोचना र शोध विधि (४२७) विषयको परीक्षामा त्रिविले पढाउँदै नपढाएको पाठ्यक्रमबाट प्रश्न निकालेको हो।

यो विषय विद्यार्थीले पढ्दै पढेका थिएनन्। यो विषय ऐच्छिक नेपाली पढ्नेलाई तेस्रो वर्षमा पढाइन्थो। तर, क्याम्पसहरूले पुरानै विषय आधुनिक नेपाली आख्यानको उत्तरवर्ती (४२५) विषय पढाउँदै आएका थिए। साहित्य सिद्धान्त, नेपाली समालोचना र शोध विधि (४२७) विषय विगतमा तेस्रो वर्षमा पढाइन्थ्यो। तर, यसपटकदेखि भने तेस्रो वर्षमा पढाइने विषय चौथो वर्षमा र चौथो वर्षमा पढाइने विषय तेस्रो वर्षमा पढाउन थालियो। त्रिवि र क्याम्पसको लापरबाहीले विद्यार्थीले पढ्दै नपढेको विषयको परीक्षा दिनुपरेको छ।

क्याम्पसका अनुसार त्रिविले क्याम्पसलाई नयाँ पाठ्यक्रमबारे जानकारी नै गराएको थिएन। सोही कारण क्याम्पसले खुरुखुरु पुरानो पाठ्यक्रमअनुसार पढाएका थिए। तर, त्रिविले यस वर्षदेखि पाठ्यक्रम परिमार्जन गरेको थियो। पाठ्यक्रम परिमार्जनबारे अधिकांश क्याम्पस र विद्यार्थीलाई थाहै भएन। थाहा पाएका कतिपय क्याम्पसलाई पनि परीक्षाभन्दा २३ दिनअघि मात्रै त्रिवि रजिस्ट्रार तथा परीक्षा नियन्त्रक कार्यालयले निर्देशन दिएको थियो।

परीक्षा हलमा फरक प्रश्न आएपछि विद्यार्थी झस्किएका थिए। उनीहरूले तत्काल परीक्षा नदिने प्रतिवाद गरे पनि परीक्षा नियन्त्रक कार्यालयले क्याम्पसको कमजोरी देखाउँदै परीक्षा सञ्चालन गरेको थियो। त्रिविले कतिपय क्याम्पसलाई २३ दिनअघि नयाँ पाठ्यक्रमअनुसार प्रश्नपत्र आउने जानकारी गराए पनि त्यतिबेलासम्म कोर्स सकिन लागेको थियो। परीक्षा फारम पनि खुलिसकेको थियो। त्रिविको लापरबाहीका कारण विद्यार्थी पढ्दैनपढेको पाठ्यक्रममा परीक्षा दिन बाध्य भए। त्रिविका रजिस्ट्रार प्रा.डा. केदार रिजालले कतिपय क्याम्पसले पुरानै कोर्स पढाएकाले यस्तो समस्या आएको दाबी गरे। त्रिवि नेपाली विभाग प्रमुख कृष्णप्रसाद न्यौपानेले यसमा विभागको भन्दा पनि माथिल्लो निकायको दोष भएको बताए।

■ छानबिन गर्न शिक्षामन्त्रीको निर्देशन

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले विद्यार्थीलाई नयाँ पाठ्यक्रमअनुसार परीक्षा सञ्चालन गरेर झुक्याएकोबारे त्रिविमाथि छानबिन गर्न निर्देशन दिने बताइन्। 'यसबारे छानबिन हुन्छ, त्रिवि पदाधिकारीलाई छानबिन समिति बनाउन प्रतिबद्धता गराएकी छु,' उनले भनिन्, 'यसमा छानबिन हुन्छ।'

■ पाँच दिनसम्म पनि उठेन निरौलाको शव

एमाले केन्द्रीय सदस्य थापाले दबाब दिएको परिवारको आरोप

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिका- ९ का ३७ वर्षीय यमु निरौलाको हत्या भएको पाँच दिनसम्म परिवारले शव बुझेका छैनन्। हत्यामा संलग्नलाई प्रहरीले पक्राउ नगरेको भन्दै आफन्तले शव बुझ्न अस्वीकार गरेका हुन्। परिवारले नबुझेपछि पाँच दिनदेखि निरौलाको शव दमक अस्पतालमा राखिएको छ। हत्यामा संलग्नलाई राजनीतिक संरक्षण भएकै कारण प्रहरीले पक्राउ गर्न नसकेको परिवारको आरोप छ।

निरौलाको मंगलबार दमक- ३ स्थित मावा खोलानजिक हत्या भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। जग्गा विवादका समयमा भेला भएकाको कुटाइबाट उनको मृत्यु भएको हो। यो जग्गा लामो समयदेखि विवादित थियो। विगतमा क्रसर राखिएको यो जग्गामा एउटा पक्षले खरिद गरेको भन्दै एक्स्काभेटर लगेर सम्याउन थालेपछि विवाद उत्पन्न भएको स्थानीयले जनाएका छन्।

गुन्डा नाइके भनेर चिनिएका दिनेश अधिकारी (चरी) र दमकका केही एमाले नेताहरूले सो जग्गामा क्रसर स्थापना गर्ने उद्देश्यले लगानी गरेको स्थानीय बताउँछन्। अधिकारीको इन्काउन्टरसँगै क्रसर राख्ने योजना सफल हुन नसकेपछि जग्गा खाली रहँदै आएको छ। जग्गामा विवाद हुँदा निरौलाको हत्या भएको हो। हत्यामा एमाले कार्यकर्तासमेत मुछिएकाले प्रहरीले आनाकानी गरेको मृतक निरौलाका दाइ नवराज निरौलाले बताए। हत्या घटनामा एमाले कार्यकर्ता बुद्धि थापा र नम चेम्जोङसहित सातजनाविरुद्ध प्रहरीमा जाहेरी परेको छ। किटानी जाहेरीमा परेकामध्ये थापा पनि एमाले कार्यकर्ता हुन्। उनी एमाले प्रदेश सभा सदस्य होमबहादुर थापाका भाइ हुन्।



● **नवराज निरौला**
मृतक यमुका दाइ

गोविन्द थापालाई चिन्थें। ०७४ को निर्वाचनका समयमा एमालेको चुनावी प्रचारमा खटिएको गाडी पनि चलाएको हुँ। तर, बुद्धि गोविन्दको भाइ भनेर थाहा थिएन। हत्या भएको भोलिपल्ट प्रहरी कार्यालयमा उनी आए। सहयोग गर्न आएको भनेर उनीसँगै डिएसपीलाई भेट्न गयौं। केहीबेरपछि मलाई डिएसपीले तल जान भने। त्यहाँबाट आएपछि गोविन्दले बारम्बार फोन गरे। उनले बुद्धि र नमको नाम जाहेरीमा नहाल्न दबाब दिए।

चेम्जोङ युवा संघका पूर्वकेन्द्रीय सदस्य र प्रधानमन्त्री केपी ओलीनिकट मानिन्छन्। एमाले कार्यकर्ता जोडिएका कारण हत्यामा संलग्नलाई पक्राउ गर्न प्रहरीले आनाकानी गरेको निरौलाको आफन्तको आरोप छ।

यमुका दाइ नवराजले आरोपित बुद्धि थापाका भाइ गोविन्द थापाले हत्याको भोलिपल्ट प्रलोभनसँगै धम्की दिएको आरोप लगाए। 'गोविन्द थापालाई चिन्थें। ०७४ को निर्वाचनका समयमा एमालेको चुनावी प्रचारमा खटिएको गाडी पनि चलाएको हुँ। तर, बुद्धि गोविन्दको भाइ भनेर थाहा थिएन। हत्या भएको भोलिपल्ट प्रहरी कार्यालयमा उनी आए। सहयोग गर्न आएको भनेर उनीसँगै डिएसपीलाई भेट्न गयौं। केहीबेरपछि मलाई डिएसपीले तल जान भने,' नवराजले नयाँ पत्रिकासँग भने, 'त्यहाँबाट आएपछि गोविन्दले बारम्बार फोन गरे। उनले बुद्धि र नमको नाम जाहेरीमा नहाल्न दबाब दिए। सुरुमा भाइका दुई छोराछोरी पढाउने, बुहारीलाई रोजगारी दिने भने। मैले हत्यारालाई नछाड्ने भनेपछि गोविन्दले बुद्धि मेरो दाइ हो, कस्ता-कस्ता मुद्दा कहाँ पुऱ्याइयो, यो मेरा लागि सामान्य हो भनेर धम्कीपूर्ण भाषा बोलेर दबाब दिए।'

नवराजले जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक मिलन केसीले समेत सुरुमा थापा र चेम्जोङविरुद्ध जाहेरी नदिन दबाब दिएको बताए। 'प्रहरीले जाहेरी दर्ता गर्न नमानेपछि हामीले जिल्लाबाट आएको डिएसपी कृष्ण चन्दलाई किन यसो गरेको भनेर सोध्यौं। उहाँले एसपीसाबसँग कुरा गर्नु भन्नुभयो। एसपीले बुद्धि र नम छैनन्। उनीहरू भएको भए त लफडा नै हुने थिएन, उहाँहरूको नाम नराख्नू, हामी अरू मान्छे पक्रिएर कारबाही गर्छौं भन्नुभयो,' उनले भने, 'अब प्रहरीबाट न्याय पाउनेमा हामीलाई विश्वास छैन। न्याय नपाएसम्म लडिरहन्छौं। हत्यामा संलग्नलाई राजनीतिक संरक्षण भयो।' उनले हत्या संलग्नलाई पक्राउ नगरेसम्म निरौलाको शव नबुझ्ने बताए।

प्रहरीले हत्यामा संलग्नलाई पक्राउ गर्न नसकेको भन्दै परिवार र स्थानीय दैनिकजसो इलाका प्रहरी कार्यालय दमकमा घेराउ गर्न पुगिरहेका छन्। शनिबार आक्रोशित स्थानीय र आफन्तले इलाका प्रहरी कार्यालयअगाडि टायर बालेर प्रदर्शन गरेका छन्। उनीहरूले राजनीतिक संरक्षण गरेको भन्दै प्रधानमन्त्री केपी ओलीविरुद्धसमेत नाराबाजी गरेका थिए। दमकका जनप्रतिनिधि, राजनीतिक दल तथा परिवारका सदस्यले इलाका प्रहरी कार्यालय दमकमा छलफल गरेपछि शनिबारलाई आन्दोलन स्थगित गरिएको थियो। प्रहरीले सोमबारसम्म अनुसन्धानमा प्रगति गर्ने भनेपछि सो अवधिसम्म अल्टिमेटम दिइएको दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले जानकारी दिए।

प्रहरीले भने हत्याको विषयमा गम्भीर अनुसन्धान भइरहेको जनाएको छ। प्रदेश प्रहरी कार्यालय कोशीको अनुसन्धान टिम, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय दमकले संयुक्त रूपमा जाहेरी परेर फरार भएकाको खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालय जनाएको छ। हत्या भएको दिन घटनास्थलमा देखिएका दुईवटा गाडीलाई समेत इलाका प्रहरी कार्यालय दमक ल्याइएको प्रहरीको भनाइ छ। जाहेरी परेकाबाहेकलाई पनि अनुसन्धानको दायरामा ल्याइएको प्रहरी स्रोतले जनाएको छ।

ज्योति समूह (पद्म ज्योति) को तर्फबाट जारी गरिएको ग्राण्डी सिटी क्लिनिक खाली गराउने सम्बन्धी विज्ञप्ति

विगत केही दिन देखि विभिन्न अनलाईन मिडिया तथा Youtube Channel हरुमा पद्म ज्योति परिवारको दबावको कारण श्री काठमाडौं महानगरपालिकाले **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** जबरजस्ती खाली गराउन खोजेको, अस्पताल जस्तो संवेदनशिल स्थानलाई ७ (सात) दिन भित्र खाली गराउन जबरजस्ती गरिएको, बिरामीहरु प्रति असंवेदनशिल व्यवहार भएको भन्ने जस्ता भ्रामक, अनर्गल, प्रायोजित र कपोलपल्पित समाचारहरु प्रति हामीहरुको गम्भीर ध्यानाकर्षण भएको छ। वास्तविकता बुझ्दै नबुझि हचुवाको भरमा एकतर्फी समाचार संप्रेषण भईरहेकोमा हामीहरुको गम्भीर आपत्ती रहेको छ। अतः आम सर्वसाधारणलाई सत्यता र वास्तविकताको जानकारी गराउने उद्देश्यले यो विज्ञप्ती जारी गरिएको छ।

२०३९ साल मै अंशबण्डा भई पद्म ज्योतीको नाममा मा. पो. का. मा दर्ता रहेको का. म. पा. वडा नं. २७, कि. नं. २३१० जग्गामा बनेका घरको प्रथम तल्लाको **५२२५.६८ वर्गफुट** र दोस्रो तल्लाको **६९३४ वर्गफुट** गरी दुई तल्ला घर/फ्ल्याट मासिक भाडा रकम **रु १,८०,०००/– (अक्षरेपी एकलाख असी हजार रुपैंया)** दिने भनी मौखिक रुपमा सहमति भए बमोजिम जम्मा **(१२,१५९.६८ वर्गफुट)** डा. रुपज्योति संचालक अध्यक्ष भएको **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** ले २०७१ साल देखि प्रयोग गरी रहनु भएको छ। उक्त घर फ्ल्याट हामी आफैंलाई आवश्यक परेको हुँदा २०७६ साल देखि पटक पटक बहाल रकम बुझाई घर फ्ल्याट खाली गरिदिनु भनी लिखित तथा मौखिक रुपमा भन्दा समेत खाली गर्न नमानेको कारण बाध्य भई उक्त दुई तल्ला **घर/फ्ल्याट (१२,१५९.६८ वर्गफुट)** खाली गराई निवेदन दर्ता गर्दा सम्म हुन आएको जम्मा घर भाडा रकम **रु १,५४,३२,०००/– (अक्षरेपी एक करोड चौवन्न लाख बत्तिस हजार रुपैंया)** र मुद्दा अन्तिम भई घर फ्ल्याट खाली गराई बहाल भरी भराउ हुँदा सम्म हुन आउने थप बहाल रकम **स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४७ उपदफा (१) को देहाय (ज), दफा ४७ (४), दफा ४९ (६)** तथा अन्य प्रचलित नेपाल कानून बमोजिम दिलाई घर खाली गराई पाउँ भनी श्री काठमाडौं माहानगरपालिका न्यायिक समिति समक्ष निवेदन गरेका थियौं। श्री काठमाडौं महानगरपालिका न्यायिक समितिबाट मिति २०७८।०६।२४ गते **"वादीको घरजग्गा सम्पतिमा हक नै नभएका यि प्रतिवादी भाडा नतिरी बसीरहन मिलेन। यसर्थ बाहाल रकम वार्षिक २५ लाख भित्रकै भएको देखिँदा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४७ उपदफा (१) को देहाय (ज) बमोजिम प्रतिवादीले वादीलाई तिर्न बुझाउन पर्ने देखिएको बाहाल रकम रु १,५४,३२,०००/– (अक्षरेपी एक करोड चौवन्न लाख बत्तिस हजार रुपैंया) प्रतिवादीबाट भराई उल्लेखित घर फ्ल्याट खाली गरिदिने ठहर्छ"** भनी फैसला भयो। सो फैसलाको तपसील खण्डमा पुनरावेदन नपरेमा वादीलाई बुझाउनु पर्ने बाहाल रकम **रु १,५४,३२,०००/– (अक्षरेपी एक करोड चौवन्न लाख बत्तिस हजार रुपैंया)** बुझाई प्रतिवादीलाई घर फ्ल्याट खाली गर्नु भनी जनाउ दिनु। म्याद भित्र खाली नगरे यसै कार्यालयबाट डोर खटी आवश्यक परे नेपाल प्रहरीको समेत सहयोग लिई खाली गर्नु भनी उल्लेख गरिएको छ। उक्त फैसला बिरुद्ध **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** ले श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गरेकोमा श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०७९।११।२९ मा श्री काठमाडौं महानगरपालिका न्यायिक समितिले गरेको मिति २०७८।०६।२४ गतेको फैसला सदर हुने ठहर्छ भनी फैसला गरेको छ।

श्री काठमाडौं जिल्ला अदालतको उक्त फैसला अन्तिम भएको हुँदा फैसला बमोजिम उक्त घर फ्ल्याट खाली गराई निवेदन दर्ता गर्दाको मिति सम्म विपक्षीबाट पाउनु पर्ने बहाल रकम **रु १,९७,५२,०००/– (अक्षरेपी एक करोड सन्तानब्बे लाख बाउन्न हजार रुपैंया)** र घर खाली गर्दा सम्म हुन आउने थप बहाल रकम समेत दिलाई उक्त फैसला कार्यान्वयन गरी पाउँ भनी श्री काठमाडौं महानगरपालिकामा निवेदन गरेका थियौं। श्री का. म. पा. ले निर्णय कार्यान्वयन सम्बन्धमा **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** लाई २०८०।११।२४ मा पत्राचार गरेकोमा सो १० (दश) दिने म्यादको पत्र रुप ज्योति आफैंले मिति २०८०।११।२४ मा बुझिलिनु भएको थियो। उक्त पत्रको बिरुद्धमा **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** को तर्फबाट पुनः अन्तरिम आदेश सहित निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी श्री उच्च अदालत पाटनमा निवेदन परेकोमा अदालतको एकल इजलासबाट मिति २०८०।१२।०६ मा अन्तरिम आदेश जारी भएको र मिति २०८०।१२।१४ मा अन्तरिम आदेशलाई निरन्तरता दिइएको थियो। तर सो आदेश श्री सर्वोच्च अदालतबाट बदर भई पछि मुद्दाको पूर्ण सुनुवाई हुँदा मिति २०८१।०३।१९ मा श्री उच्च अदालत पाटनबाट निषेधाज्ञाको मुद्दा खारेज गर्ने गरी फैसला भएको छ।

त्यसपछि श्री काठमाडौं महानगरपालिकाले झण्डै दुई महिना अगाडी सो घर/फ्ल्याट खाली गराउने क्रममा स्थलगत निरिक्षण गरी दुबै पक्षलाई राखी छलफल गराएको थियो र खाली गराउने सम्बन्धमा **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** सँग दुबै पक्षलाई मन्जुर हुने गरी घर/फ्ल्याट खाली गराउन उचित समयसिमा सहितको कार्ययोजना माग गरिएकोमा अव्यावहारिक किसिमले २ (दुई) वर्ष समय माग गरेकोमा सोलाई नामन्जुर गर्दै खाली गराउने प्रक्रिया अगाडी बढाउदै माहानगरपालिकाले २०८१।०६।१३ गते कार्तिक ६ सम्म खाली गर्न र नगरेमा ऐ ७ गते डोर पठाउने पत्राचार गरी सोही बमोजिम कार्तिक ७ गते श्री काठमाडौं महानगरपालिकाको तर्फबाट सबन्धित नगरप्रहरीहरु गई सो घर/फ्ल्याट खाली गराउन भनेको हो। जसलाई प्रायोजित किसिमले खाली गर्नु पर्ने अन्तिम दिनमा एक्कासी ७ (सात) दिनमै जबरजस्ती गरी अस्पताल खाली गराउन खोजिएको, अस्पताल नै बन्द गराउन खोजिएको भन्ने झुठ्ठा समाचारहरु प्रायोजित रुपमा आइरहेका छन्।

हामीले अस्पताल बन्द गराउन खोजेका होइनौं, सम्पूर्ण अस्पतालको जम्मा १०/१५ प्रतिशत भाग मात्रै पद्म ज्योतिको घर/फ्ल्याटमा रहेको छ, बाँकी ८५/९० प्रतिशत अस्पताल रुपज्योतिकै घरमा रहेको छ। अदालतबाट घर/फ्ल्याट खाली गराउनु भनी अन्तिम फैसला भई फैसला कार्यान्वयन गराउन खोज्दा विभिन्न अनलाईन मिडिया तथा Youtube Channel हरुले बिरामीहरु प्रति असंवेदनशिल भएको भन्ने जस्ता झुठ्ठा आरोप लगाउँदा हामीलाई दुःख लागेको छ। अस्पताल खाली गर्नुपर्छ भन्ने थाहा हुँदाहुँदै धमाधम बिरामीहरु भर्ना लिने र उनै बिरामीहरुको आडमा अरुको घर/फ्ल्याट अनन्त काल सम्म गैरकानूनी ढंगले कब्जा गर्न खोजिएको छ। यो तथ्यलाई अनदेखा गरिएको छ। अदालतको फैसलालाई सम्मान गर्नु र पालना गर्नु सबै नागरिकहरुको कर्तव्य हुन आउँछ। **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पीटल प्रा. लि.** ले अदालतको फैसलालाई सम्मान गर्दै आफैं उक्त घर/फ्ल्याट खाली गर्नुपर्नेमा सो नगरी उल्टै तथ्यलाई बंग्याई कुप्रचार गरिरहनु अदालतको फैसलाको अपमान गर्नु हो। विगत ७ (सात) वर्ष देखि आफ्नो घर/फ्ल्याट आफैंले प्रयोग गर्न नपाउनु, करोडौं रुपैंया भाडा नपाउनुको छुट्टै पिडा रहेको छ। अस्पताल ७ (सात) दिन भित्र खाली गराउन खोजिएको होइन, विगत ७ (वर्ष) देखि खाली गरिदिनुहोस भनी दर्शौं पटक पत्राचार गर्दा अटेर गरेर बस्ने र अहिले श्री काठमाडौं महानगरपालिकाले अदालतको फैसला कार्यान्वयन गर्न खोज्दा झुठ्ठा गलत तथ्यहरु प्रस्तुत गरी आम सर्वसाधारणलाई भ्रमित पार्न खोजिएको हुँदा यसै विज्ञप्ती मार्फत आम सर्वसाधारणलाई वास्तविक सत्य तथ्य अवगत गराउन चाहान्छौं।

ज्योति समूह | ज्योति भवन, कान्तिपथ, काठमाण्डौं

नेपालमा समाजवाद : मृगमरीचिकाको व्यापार

डिस्पोटियन समाजमा हुने नै वातावरणीय अवस्था विक्षत् हुने गरी जंगल, नदीनाला, खानीजस्ता प्राकृतिक स्रोत-साधनको दलाली र ब्रह्मलुट हो



● लोकबन्धु घिमिरे

अग्रलेख



परिकल्पना नै छैन नेपाली युटोपियाको : समाज कसरी राम्रो होला ? हाम्रा पूर्वजहरूले आर्थिक, सामाजिक, वातावरणीय र सांस्कृतिक वैभवसहितको आदर्श समाज कसरी निर्माण गर्न सकिएला भनी त्यस्तो समाजको परिकल्पना पनि गरेका छन् । आर्थिक समानता, जिम्मेवार सरकार अनि समाजिक न्यायको प्रत्याभूति भएको समाजको परिकल्पनालाई 'युटोपिया' भन्ने गरिन्छ । पौराणिक ग्रन्थमा सत्ययुग र स्वर्ग अनि 'रामराज्य'को कल्पना यसैगरी भएको हुनुपर्छ । बुद्धकालीन इतिहासमा सम्पन्न केतुमती सहरको वर्णन पाइन्छ भने चिनियाँहरूले 'दोतोङ' नामक युटोपियन समाज निर्माण गरेका थिए भनिन्छ । इतिहास नेपालकै लिच्छविकालीन 'स्वर्णयुग' र ग्रिसमा 'गोल्डेन एज'को पनि वर्णन गर्छ ।

दार्शनिक प्लेटोको पुस्तक 'रिपब्लिका'मा पनि युटोपियाबारे केही उल्लेख छ सर थोमस मुरले सुखी र सम्पन्न पश्चिमा समाज निर्माणको परिकल्पना गर्दै सन् १५१६ मा 'युटोपिया' नामक पुस्तकै लेखेपछि नै यो अवधारणाले अलि चर्चा पाएको हो । सेन्ट साइमन, चार्ल्स फुरियर्स र रोबर्ट ओबेनजस्ता समाजवादी युटोपियनहरूले अर्थ-राजनीतिक ढाँचाको सैद्धान्तिक प्रस्थापनासहित यसको विकास गरे । रोबर्ट ओबेन (सन् १७१७)ले सहकारीका माध्यमबाट गरिबीको अन्त्यसहित शोषण, दमन र अन्याय पनि अन्त्य गर्न सकिन्छ भन्दै बेलायत र अमेरिकामा बृहत् सहकारी आन्दोलन पनि चलाए । खासगरी, औद्योगिक युगको प्रारम्भिककालमा उद्योगपति र मजदुरहरूबिच ज्याला र नाफा वितरणका सन्दर्भमा देखिएको विभेद अन्त्य गर्ने, सबैले समान ज्याला पाउने, उत्पादनका कार्यमा किसान मजदुरले आन्दोलन नगर्ने र मिलिजुली बस्ने कल्याणकारी सामाजिक पद्धतिको स्थापना गर्न नै यो सिद्धान्त ल्याइएको थियो ।

कार्ल मार्क्स र फ्रेडरिक ऐंगेल्सले 'कम्युनिस्ट मेनिफेस्टो' (सन् १८४८)मा उनीहरूलाई 'काल्पनिक समाजवादी' भनेर आलोचना गरेका छन् । मार्क्सको भनाइ हेर्दा समाज विकासको ऐतिहासिक कालक्रममा आएको पुँजीवादले संरचनागत रूपमा मजदुर वर्गको श्रमशोषण गर्ने भएकाले कम्युनिस्ट राज्य स्थापनाबाट समूल शोषण अन्त्य गरेपछि मात्रै आममानव समुदाय मुक्त हुन्छ, मालिक वर्गसँग मिलिजुली होइन कि वर्गसंघर्ष गरेर मात्रै यस्तो समाज स्थापना हुन्छ भन्ने छ । व्यक्तिगत सम्पत्ति नहुने भएपछि शोषक र शोषित वर्ग नहुने भयो अनि यही वर्गविहीन समाज (साम्यवाद) स्थापनाबाट 'वैज्ञानिक युटोपियन सोसाइटी' निर्माण सम्भव छ भनेर मार्क्सले जोड दिएका हुन् । पछि लेनिनले पुँजीवाद समाजवाद हुँदै साम्यवादमा संक्रमण गर्न सक्छ भनी रुसी क्रान्तिमार्फत पुष्टि गरे । यसरी समाजवाद स्थापनाको मृगतृष्णा विश्वव्यापी भयो ।

हाम्रो सन्दर्भमा २००७ सालको क्रान्तिले मध्यकालीन राज्य संरचनाको अन्त्यसँगै हामीलाई आधुनिक नेपाल निर्माणको ऐतिहासिक अभिभारा दिएको थियो । त्यतिवेला प्रजातान्त्रिक स्वतन्त्रता उन्नत पार्दै गरिबी, रोग, भोक र अशिक्षाको समूल अन्त्य गर्ने अर्थ-राजनीतिक ढाँचा निर्माण गर्ने क्रममा जननेता बिपी कोइरालाले प्रजातान्त्रिक समाजवादको प्रस्तावना ल्याउनु भयो । कमरेड पुष्पलालबाट नौलो जनवाद हुँदै समाजवादसम्म जाने परिकल्पना आयो । यी दुवै प्रस्तावना नेपाली अर्थ राजनीतिको अग्रगामी रूपान्तरणको 'युटोपियन' खाका थिए र अहिले पनि छन् । दुवैको साझा उद्देश्य पर्याप्त उत्पादन र समानतामूलक नेपाली समाज नै थियो जसका लागि सामन्तवादी उत्पादन संरचनालाई बदलेर राष्ट्रिय पुँजीवादी उत्पादन (प्रागौद्योगिक श्रम, पुँजी र उद्योगमा आधारित) संरचना हुँदै अघि जानुपर्ने हुन्थ्यो । ऊ वेला जमिन र कच्चा श्रममा आधारित राष्ट्रिय उत्पादकता कमजोर थियो, तर चर्को राजकीय शोषणले गर्दा जनसंख्याको ठुलो हिस्सा मजदुर-किसान वर्ग लाभकारी हुन सकेन । पूर्ण प्रजातन्त्र र सामाजिक न्यायको सिद्धान्तअनुसार उत्पादनका साधनको पुनर्वितरण आवश्यक थियो । तर, निरंकुश पञ्चायती शासनले त्यो सम्भव भएन ।

२०४६ सालको आन्दोलनले प्रजातन्त्र पुनर्स्थापना गरे पनि जनअपेक्षाविपरीत नवउदारवादी आर्थिक प्रणाली भित्रिँदा केवल सरकारी सम्पत्ति निजीकरण भयो । सीमित वर्ग र घरानियाँका लागि मात्रै लाभदायी रह्यो । संघीय गणतन्त्र स्थापनापछि बनेको वर्तमान संविधान (२०७२)को प्रस्तावनाले समाजवादप्रति प्रतिबद्ध 'युटोपियन राज्य'को सपना त देख्यो, तर व्यवहारमा नवउदारवादलाई नै निरन्तरता दियो । प्रजातान्त्रिक धुरीले लोकतान्त्रिक समाजवाद नै बुझेनन् भने वामपन्थीले पनि लोकतान्त्रिक जनवादको प्रारूप बनाएनन् । राजनेताहरूले नेपाली युटोपियाको ढाँचा नै बनाएनन्, अमूर्त परिकल्पनामै रमाए । आधारभूत रूपले यी दुवै बाटोले समाजवादको जगनिर्माण गर्न सामाजिक न्याय र आर्थिक वृद्धिसँगै लैजानुपर्ने हुँदा कृषि र उद्योग क्षेत्रको उत्पादन उल्लेख्य बढाउने, युवा जनसंख्यालाई पूर्ण रोजगारी दिने र प्रतिव्यक्ति आयमा उच्च वृद्धिसहित राष्ट्रिय आयको समानतामूलक वितरणको ढाँचा बनाउँछन् । उत्पादन सम्बन्ध प्रगतिशील नहुँदासम्म समाजवाद स्थापना गर्न सकिन्न पनि ।

यसर्थ, क्रान्तिकारी भूमि सुधारसहित अर्थतन्त्रको संरचनात्मक रूपान्तरण उत्तिकै जरुरी छ । राष्ट्रिय पुँजीको विकास, व्यापक श्रम परिचालन र तीव्र औद्योगीकरणमार्फत प्रशस्त उत्पादनले मात्रै समग्र रोजगारी, प्रतिव्यक्ति आयमा बढोत्तरी र दुई अंके जिडिपी वृद्धि सम्भव हुने हो । यो नै संविधानले कोरेको समाजवादको मार्गचित्र हो । तर, विडम्बना यसखाले कार्यक्रम न त प्रदेश सरकारले ल्याए न संघीय सरकारले । संविधानको पालना कसैले गरेनन् । समाजवादउन्मुख आर्थिक पुनर्संरचना केवल मृगतृष्णामा सीमित भयो । अहिलेको भयावह बेरोजगारी, ठुलो वैदेशिक ऋण, अनुत्पादक कृषि र न्यून रोजगारीमूलक उद्योगले उच्च सामाजिक निराशालाई देखाइरहेको छ, यस्तो निराशाले युवा पुस्तामा विद्रोह निम्त्याउँछ । तापनि राजनीतिज्ञहरू समाजवाद ल्याउँछौं र बर्सेनि १० लाख युवालाई रोजगारी दिन्छौं भन्दै मृगतृष्णाको ढाँट-व्यापारमा तल्लीन छन् । अझ समाजवादी मोर्चा पनि बनाएका छन् ।

डिस्टोपियाको यात्रा : यतिवेला नेपालको बृहत् अर्थशास्त्रीय परिसूचक हेर्दा जिडिपी ५० अर्ब र प्रतिव्यक्ति आय १४ सय डलर छ । आर्थिक वृद्धि २.४ प्रतिशत छ, जो अत्यन्त कमजोर हो । अर्थात् नेपालीहरू दैनिक पाँच डलरभन्दा कम आयमा कठिन जीवनयापन गर्दै छन् । कैयौं देश निम्न र मध्यमबाट विकसित हुनेतिर जाँदै छन् । प्रतिव्यक्ति आय चार हजार डलर कटाउँदै छन् । तर, नेपाल ५० वर्षदेखि 'मिडल इन्कम ट्र्याप'मा फसिरहेको छ । अर्थतन्त्र उकास्ने थ्री आई (इन्भेस्टमेन्ट, इन्फ्युजन एन्ड इन्नोभेसन)को प्रयोग होइन कि कुशासन, भष्ट्राचार, बेरोजगारी र मुद्रास्फीतिको प्रयोग छ । हामी 'डिस्टोपिया'को यात्रातिर छौं । निरंकुश सत्ताका आलोचक जर्ज अर्वेलले साहित्यलेखन (नाइन्टिन एट्टी फोर, १९४९)मा 'डिस्टोपिया' शब्द प्रचलनमा ल्याएका थिए । उनले उच्च गरिबी, तीखो सामाजिक पीडा र बृहत् अन्याय भएको समाजलाई स्वतन्तत्राविहीन डिस्पोटियन सोसाइटी भनेका छन् । यस्तो समाजमा निराशावाद उच्च हुने, वैयक्तिक स्वतन्त्रता नरहने र भय आतंक त छँदै छ सर्वसत्तावादीको छायामा समग्र समाज बाँच्न विवश हुन्छ । उसले आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष कब्जा गर्दै 'हेजेमोनी' निर्माण गर्न सकेको हुन्छ । अर्बेलपछिका लेखकहरूले डिस्पोटियन समाजमा वनजंगल, प्राकृतिक स्रोत, निकुञ्ज, आरक्ष, नदीनाला, पानी, बहुमूल्य खानी आदिको दलाली र ब्रह्मलुट हुने भएकाले वातावरणीय अवस्था क्षत्‌विक्षत हुने भनेका छन् । अहिले नेपालमा यही छनक देखिन्छ । दलालहरूको हातमा स्कुल, कलेज, हस्पिटल, यातायात, हाइड्रोपावर, सिमेन्ट खानी छन् र उनीहरूनै मूल राजनीतिक नेतृत्वमा छन् । देशको अर्थतन्त्र राष्ट्रिय पुँजीपति वर्गको होइन, दलाल र वित्तीय नवउदारवादका हातमा गयो । यसैले उनीहरूलाई औद्योगीकरण र उत्पादन बढाउन मतलव छैन । सबै राजनीति पार्टी तिनैले कब्जा गरेका छन् । यिनैले राज्यसंरचनाको व्यापक दुरुपयोग गरेका छन् भने आमसर्वसाधारणहरू देशमा बस्न नसकेर रुँदै बिदेसिँदै छन् । हरेक दिन दुई हजार युवा विदेश पलायन हुन्छन् । देशको उर्वर श्रमशक्ति नै देशमा बस्न नसक्ने हुनु नै 'भयावह डिस्टोपिया'तर्फको यात्रा हो । ढुंगा, गिट्टी र खोलानाला बेच्दै अनि जंगल मास्दै गरिने डोजरे बिकासले देश बन्दैन, उल्टो पारिस्थितिकीय र जलवायु जोखिममा फस्छ देश । यसैले देशैभर भयावह बाढीपहिरोको विनाश निम्त्याएको हो । नीति आयोग, राष्ट्रिय योजना आयोग र विश्वविद्यालयजस्ता प्राज्ञिक निकाय लम्पसार छन् । चेतनाशून्यको रजगज छ । डिस्टोपिया यो नै हो ।

> देशको उर्वर श्रमशक्ति नै देशमा बस्न नसक्ने हुनु नै 'भयावह डिस्टोपिया'तर्फको यात्रा हो । ढुंगा, गिट्टी र खोलानाला बेच्दै अनि जंगल मास्दै गरिने डोजरे विकासले देश बन्दैन, उल्टो पारिस्थितिकीय र जलवायु जोखिममा फस्छ देश । यसैले देशैभर भयावह बाढीपहिरोले विनाश निम्त्याएको हो ।

जेन जेड : प्रतिगामी पुस्ताको दलनमा : अहिले संसारभर 'जेन जेड (मखमली पुस्ता)'को चर्चा छ किनकि यिनलाई मिहिनेती, परिवर्तनकारी र इको-फ्रेन्डली ठानिन्छ । १४ फेब्रुअरी २०२४ को न्युज विकका अनुसार ६ करोड ९० लाख जेन जेडले आउँदो अमेरिकी राष्ट्रपति परिवर्तनकारी हुनुपर्छ भनेका छन् । भारतमा पनि १० करोड जेन जेड छन् । उनीहरू भारतीय अर्थतन्त्र पूरै फेर्ने गरी कस्सिएका छन् । नेपालमा पनि 'जेनेरेसन बुमर', 'जेन एक्स', 'जेन वाई', 'जेन जेड' र 'जेन अल्फा' पुस्ता छन् । उच्चस्तरको जोश-जाँगर, श्रम उत्पादनशीलता र उद्योगी पुस्ता भनेको जेन वाई र जेड नै हुन् । केही पछि अल्फा पनि यसरी नै आउँछ । यी दुई पुस्ताले हो अन्यत्र पनि देश हाँकिरहेको र अर्थतन्त्रमा उल्लेख्य योगदान गरेको, नयाँ आविष्कार ल्याएको । खासमा अहिलेको आधुनिक पुस्ता जो २५ वर्षमुनिको छ र उच्च उद्यमशील छ त्यसलाई जेनेरेसन जेड भनिन्छ । यो पुस्ता सोसल मिडिया, एआई, स्टार्टअप र डिजिटल प्रविधिमा निपूर्ण छ । यसरी नै २५-४० वर्षको पुस्तालाई जेन वाई भनिन्छ, यो मिलेनियम पुस्ता पनि हो । यी युवा पुस्ता (जेन वाई र जेड)को विकासजन्य सोच उर्वर र उत्तर-आधुनिक छ ।

तर, नेपालमा यी दुवै पुस्तालाई नियन्त्रण गरेर बसेको छ ७० कटेको प्रौढ पुस्ता अर्थात् जेन बुमर । प्रौढ पुस्ताको सोच प्रतिगामी छ, यसर्थ यसले सिर्जनशीलभन्दा चाकरीबाज रुचाउँछ । नेपालका राजनीति, कार्यपालिका, व्यवस्थापिका, प्राज्ञिक र ब्युरोक्रेसी सबै क्षेत्र यही बुमर पुस्ताले ओगटेको छ ।


मखमली आन्दोलनको पर्खाइ : क्रान्ति जहाँ पनि हुन्छ, परिवर्तन इतिहासको अनिवार्यता हो । नेपालको डिस्टोपिया रोक्न मखमली आन्दोलन जरुरी छ । सडक त्यसैको पर्खाइमा छ । जसरी २०३६, २०४६ र २०६३ मा विद्यार्थीसहित अग्रगामी पुस्ताले सामन्तवादसँग विद्रोह गरी प्रगतिशील पुँजीवाद हुँदै समाजवादमा जाने इमानदार मार्गचित्र कोरे र संविधानमा लेखे अब त्यसको प्राप्तिका लागि नयाँ पुस्ताले एउटा विद्रोह गर्नैपर्छ । उनीहरूसँग एउटै मात्र उपाय छ - 'डरो नही लडो' । विडम्बना हाम्रो प्रौढ पुस्ताले संविधानमै उल्लेख राज्यको प्रगतिशील रूपान्तरण चाहेन र देशको आर्थिक स्वाधीनता र सबलीकरण पनि चाहेन । वित्तीय र प्राकृतिक स्रोत कब्जा गर्नु, राजकीय धन ब्रह्मलुट गर्नु र आसेपासे एकाधिकारी परिवारवाद (क्लेप्टोक्रेसी/ओलीगार्ची) स्थापना गर्नु मात्रै यिनको उद्देश्य देखियो । अब नेपालमा जेन वाई जेडको संयुक्त आन्दोलनले नयाँ पुस्ताको विकासको ढाँचा आफैं कोर्ने छ । यही पुस्ताले नेपाली युटोपिया अर्थात् 'मखमली समाजवाद'तिर देशलाई डोऱ्याउनेछ । अब सबैले मखमली पुस्तालाई साथ दिऔं र उनीहरूसँगै हातेमालो गरौं ।

(जलवायु तथा वातावरणीय विश्लेषणमा चासो राख्ने घिमिरे यसैसँग जोडिने सामाजिक-सांस्कृतिक चेतनाबारे पनि कलम चलाउँछन्)

---

३ प्रश्न

पूर्वऊर्जासचिव **दिनेशकुमार घिमिरेलाई**



बक्यौता नतिर्ने उद्योगीका अन्य उद्योग र घरको लाइनसमेत काट्ने तयारी गरेको छ । यो विवादमा सरकार र प्राधिकरणको दृष्टिकोण फरक देखिएको छ । यसलाई कसरी हेर्नुभएको छ ?

उद्योगी, व्यवसायीलगायत सबैले विद्युत् उपभोग गरेबापतको महसुल विद्युत् प्राधिकरणलाई तिर्नुपर्छ भन्ने कुरामा कुनै द्विविधा छैन । प्राधिकरणले विनियममा उल्लेख भएको कानुनी व्यवस्थाबमोजिम विभिन्न तरिकाले महसुलहरूको बक्यौता असुलउपर गर्न सक्छ । यसका निर्दिष्ट प्रक्रियाहरू हुन्छन् । विनियमको व्यवस्थाबमोजिम प्राधिकरणले बक्यौता नतिर्ने जो-कसैको लाइन काट्न सक्छ ।

■ यो समस्याको निकास के हुन्छ ?

मेरो विचारमा लाइन नकाटी महसुल उठाउनुचाहिँ उचित हुन्छ । समाधानको उत्तम बाटो यो नै हो । लाइन काट्नेबित्तिकै त्यसको विभिन्न असर सबैलाई पर्छ । सम्बन्धित उद्योग, व्यवसाय त प्रभावित हुने नै भए । विद्युत् प्राधिकरण आफैँलाई पनि 'रेभेन्यु कलेक्सन'मा असर पर्छ, विद्युत् उत्पादनमा पनि असर पर्छ ।


■ सरकारको भूमिका कस्तो अपेक्षा गर्नुहुन्छ ?

सरकार र विद्युत् प्राधिकरण एउटै लयमा हिँड्नुपर्ने हो । यी दुई निकायबाहेक यसमा भूमिका खेल्नुपर्ने अर्को निकाय विद्युत् नियमन आयोग पनि छ । विद्युत् नियमन आयोगको यस्ता विवाद समाधानमा महत्त्वपूर्ण भूमिका हुन सक्छ । महसुल विवाद सम्बन्धमा विद्युत् नियमन आयोग ऐनअनुसार म्यान्डेट पाएको संस्था पनि हो आयोग । अब विद्युत् नियमन आयोगसमेतको संलग्नता र भूमिकामा समस्याको समाधान खोज्नुपर्छ । यसमा विद्युत् नियमन आयोगको कानुनप्रदत्त भूमिका रहन्छ । यो विवादलाई आयोगले आफैँ अग्रसर भएर 'प्रो-एक्टिभ्ली' भूमिका निर्वाह गरी समाधानतर्फ लानुपर्छ ।

प्रेरक प्रसंग

मनको दूरी नबढाऊ

एक गुरुको आश्रममा धेरै शिष्य एकसाथ बसेर ज्ञान हासिल गर्थे । एक दिन गुरुले आफ्ना शिष्यहरूसित एक प्रश्न गरे- जब दुई मानिस आपसमा रिसाएर झगडा गर्छन्, त्यतिखेर उनीहरू ठुल्ठूलो स्वरमा चिच्याउँछन् ? आखिर उनीहरू त्यसरी किन चिच्याउँछन् ?



गुरुको प्रश्न सुन्नासाथ उठेर एक शिष्यले जवाफ दिए- झगडा गर्दा दुवैले आफ्नो मनको शान्ति गुमाइसकेका हुन्छन्, त्यसैले उनीहरू त्यसरी ठुल्ठूलो स्वरमा चिच्याउँछन्, गुरुदेव ! गुरुले अन्य शिष्यसित पनि यस प्रश्नको जवाफ मागे । थप केही अन्य शिष्यले पनि आ-आफ्नो क्षमताअनुसार जवाफ दिए । तर, गुरु उनीहरू कसैको जवाफबाट पनि सन्तुष्ट हुन सकेनन् । अन्त्यमा उनी स्वयंले उत्तर दिए- जब दुईजना मानिस एक-अर्कासित रिसाउँछन् र झगडा गर्न थाल्छन्, त्यतिखेर उनीहरूको मनको दूरी निकै बढ्छ । जब दुईजनाको मनको दूरी निकै बढ्छ, त्यतिखेर आफ्नो भनाइ अर्कासम्म पुऱ्याउन या अर्कालाई सुनाउन उनीहरू ठुल्ठुलो स्वरमा चिच्याउँछन् । जतिजति उनीहरूको मनको दूरी बढ्दै जान्छ, आफ्नो भनाइ एक-अर्कालाई सुनाउन त्यति नै ठूलो स्वरमा चिच्याउनुपर्ने हुन्छ ।

सन्तले थप भने- यसको ठीक विपरीत जब दुईजनाबीच प्रेम हुन्छ, त्यतिखेर उनीहरूको मन निकै नजिक हुन्छ । उनीहरूले ठूलो आवाजमा बोलिरहनु आवश्यक हुँदैन । कैयौं कुरा त प्रेम गर्ने दुई आत्माबीच बोल्दैनबोली सञ्चार हुन सक्छ । त्यसैले, जसरी हुन्छ कसैसित पनि मनको दूरी बढ्न नदिनू । आपसमा प्रेम बढाउनू र मन्द आवाजमा कुराकानी गर्नू ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सहकारी ठगीका रक्षक

एमाले नेता केशव बडाल र खगराज अधिकारीको हस्तक्षेपको कारण सर्वसाधारणको आइडियल यमुना सहकारीमा राखेको बचत डेढ वर्षदेखि फिर्ता भएन । उनीहरू आइडियल यमुना सहकारी ठगीका मतियार मात्रै हुन् कि संलग्न नै छन ? सरकारलाई एउटै सहकारीमा हजारौं जनता ठगिएको यस्तो गम्भीर विषय अनुसन्धान गर्ने समय मिलेकै छैन । कांग्रेस-एमालेको दुईतिहाइको गठबन्धन सरकार छ । सुशासनमा बस्न उर्दी जारी गरिन्छ । कोहीविरुद्ध केस नै नभएपछि त आइगयो सुशासन । आइडियल यमुना सहकारीको बचत फिर्ता नहुनुमा सहकारीमन्त्री बलराम अधिकारी र सहकारी विभागका रजिस्ट्रार पीताम्बर घिमिरे पनि उत्तिकै दोषी छन् ।

● **अञ्जु कोइराला**, काठमाडौं

किन यति ढिला ?

डेंगीले महामारीकै रूप लिएर २७ हजारभन्दा बढीलाई संक्रमित बनाइसकेपछि बल्ल प्रधानमन्त्रीको आँखा खुलेछ त्यो पनि आफूहरू बच्न । अबको दुई हप्तामा चिसो बढेर लगभग डेंगीको संक्रमण मत्थर हुने भनिँदै छ । यस्तोमा सिंहदरबारबाट डेंगीका लार्भा नष्ट गर्ने अभियान सञ्चालन सुरुवात गर्नुलाई के भन्ने ?

● **रामजी प्रसाईं**
कपन, काठमाडौं

जनचेतना नै समाधान

अधिकांश अविभावकले आफ्ना बालबालिकालाई भुलाउन मोबाइल दिने गरेका छन् । यसले शारीरिकदेखि एनजाइटी र डिप्रेसनसम्मकै समस्या निम्त्याउन थालेको छ । अविभावकहरू सचेत नहुँदासम्म यो समस्या थप विकराल मात्रै बन्दै जानेछ । सरकारले आमसचेतनाको विकास गरी यो समस्याको हल गर्नुपर्छ ।

● **गोपीलाल श्रेष्ठ**
चितवन

सरकारका सय दिन

देशमा विकास र स्थिरताका लागि भन्दै रातको १२ बजे एक व्यापारीको घरमा बसी गठन गरेको अपवित्र सरकारले आफ्नो सय दिनमा जनतालाई केवल निराशा मात्र बाँड्न सफल भयो । यस्तै गति र मतिबाट सरकार अगाडि बढ्दै जाने हो भने आगामी दिनमा थप निराशा हात लाग्नेछ । देश र जनताको होइन आफू र आफ्ना 'भ्रष्ट र निकम्मा'हरूको जगेर्ना र पोषण गर्नचाहिँ वर्तमान सरकारका मुखिया हदै सफल भएका छन् । सरकारका १० मुख्य असफलता यी हुन् :

१. देशमा बाढीपहिरोले क्षति गर्ने पूर्वसूचना आउँदासमेत कुनै तयारी नगर्दा दुई सय ३८ जनाको ज्यान गयो । राहत र उद्धारको काम पनि प्रभावकारी रूपमा गर्न सकेन ।
२. राजधानीमै बाढीमा फसेका चारजनाको मृत्यु पर्खँदै रमिते बन्नु । गृहमन्त्रीले विनाज्ञान भिजिबिलिटी भएन भनेर गैरजिम्मेवार जवाफ दिनु ।
३. प्रधानमन्त्रीले कुलपतिको हैसियतले त्रिविमा राम्रो नीति ल्याउन सघाउनुपर्नेमा नीति पारित गर्न रोकेर राजनीतिक हस्तक्षेपको फोहोरी खेल खेल्ने कार्य भयो ।
४. विद्युत्‌को बक्यौता महसुस नतिरे पनि लाइन जोड भनेर कुलमानलाई दबाब दिनु अथवा उनलाई हटाउन खोज्नु ।
५. पशुपति धर्मशाला कुनै एक समुदायको नियन्त्रणबाट मुक्त गर्ने प्रयासलाई असफल पार्नु ।
६. बालेनले अदालतको आदेशलाई कार्यान्वय गर्न खोज्दा रोक्नु ।
७. राजनीतिक प्रतिशोध साँध्न रवि लामिछानेलाई समात्ने, तर सत्तारूढ पार्टीका उस्तै कसुर गर्ने धनराजलगायतलाई उन्मुक्ति दिनु ।
८. सरकारी ठग जिबी राई, भरत महर्जनलाई समाउनेतर्फ कुनै पहल नलिनु ।
९. अभियोग लागेर अदालतबाट सजायसमेत भएका व्यापारी मीनबहादुर गुरुङसँग घुसका रूपमा पार्टी भवन बनाउन जमिन लिनु ।
१०. लिपुलेकको भूभाग फिर्ताको प्रयास नगर्नु । यस्तो सरकारले कुन मुखले सफलताको फेहरिस्त पस्किन सकेको हो ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८, जोरपाटी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ब्रिक्सको नयाँ विश्व व्यवस्था खोज्ने प्रयास

१६औं ब्रिक्स सम्मेलनले बहुध्रुवीयता, समतामूलक र लोकतान्त्रिक विश्व व्यवस्थाको प्रस्ताव गरेको छ



देश/विदेश

● अब्दुल रहमान

यसै २३ अक्टोबरमा रुसमा सम्पन्न १६औं ब्रिक्स शिखर सम्मेलनबाट स्वीकृत 'कजान घोषणा'ले विश्व व्यवस्थालाई थप 'समतामूलक, न्यायपूर्ण, लोकतान्त्रिक र सन्तुलित' बनाउन सबै अन्तर्राष्ट्रिय संस्थामा व्यापक सुधारको आह्वान गरेको छ । 'न्यायपूर्ण वैश्विक विकास एवं सुरक्षाका लागि बहुपक्षीयतालाई बलियो बनाउने' शीर्षकको घोषणामा विश्वभर आर्थिक र राजनीतिक दुवै क्षेत्रमा नयाँ शक्तिकेन्द्र देखापरेका छन् जसलाई उचित प्रतिनिधित्व र मान्यता दिन आवश्यक रहेको उल्लेख गरिएको छ ।

ब्रिक्सले अन्तर्राष्ट्रिय संस्थालाई परिवर्तनशील विश्वव्यापी वास्तविकतालाई थप प्रतिबिम्बित गर्न र विकासोन्मुख विश्वलाई पर्याप्त प्रतिनिधित्व प्रदान गर्न सुरक्षा परिषद्‌लगायत अन्य विश्वव्यापी संस्थामा विशेषगतः ब्रिटन वुड्स संस्थामा सुधार गर्नुपर्नेमा जोड दिएको छ । स्मरण रहोस्, ब्रिटन वुड संस्था दोस्रो विश्वयुद्धको अन्त्यमा सिर्जना गरिएका अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र विश्व व्यापार संगठनजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्था हुन् । ब्रिक्स घोषणाले विश्वभर बढ्दो व्यापार विवादलाई सम्बोधन गर्न र विकासशील देशले पश्चिमाद्वारा अभ्यास गरेको 'एकपक्षीय, दण्डात्मक र भेदभावपूर्ण संरक्षणवाद'लाई अन्त्य गर्न थप प्रभावकारी विश्वव्यापार संगठन आवश्यक पर्ने ठहर गरेको छ । हालैका दिनमा ग्लोबल साउथ (कम विकसित मुलुकहरू) विशेषतः चीनबाट हुने आयातलाई लक्षित गर्दै अमेरिका र युरोपियन युनियन सदस्य राष्ट्रहरूले मनोमानी संरक्षणवादी उपाय लागू गर्न थालेपछि विश्वव्यापार संगठनको अख्तियार क्रमशः कमजोर बन्दै गएको छ ।

बाह्य हस्तक्षेप : कजान घोषणाले ग्लोबल साउथका देशले उठाएका सबैभन्दा ज्वलन्त मुद्दामध्ये एक घरेलु मामिलामा पश्चिमा शक्तिको बारम्बार हस्तक्षेप र आफ्ना मुलुकविरुद्ध अवैध एकपक्षीय प्रतिबन्धको प्रयोगलाई पनि उठान गरेको छ । अन्य मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने विषय अन्तर्राष्ट्रिय कानुनको अभिन्न अंग भएको दाबी गर्दै ब्रिक्स घोषणापत्रले प्रत्येक देशलाई आफ्नो विकासको बाटो आफैँ तय गर्ने अधिकार रहेको दाबी गरेको छ ।

केही ब्रिक्स सदस्य र क्युबा, भेनेजुएला, सिरियाजस्ता धेरै अन्य देशमा अमेरिका र यसका पश्चिमा सहयोगीले प्रतिबन्ध लगाएका छन् जसले त्यहाँका जनताको जीवनमा असर पार्दै तिनको विकास प्रयासमा बाधा पुऱ्याएको छ । कजान घोषणापत्रले विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय व्यापार र दिगो विकास लक्ष्यको प्राप्तिमा गैरकानुनी प्रतिबन्धसहित गैरकानुनी जबर्जस्तीकरणको विघटनकारी प्रभावका बारेमा गहिरो चिन्ता व्यक्त गरेको छ । यी सबैको विरोध गर्न ब्रिक्सले 'संयुक्त रूपमा लागू गर्ने' उपाय खोज्न आह्वान गरेको छ ।

ब्रिक्स आर्थिक साझेदारी : ब्रिक्सले विकासोन्मुख देशविरुद्ध आफ्नो आर्थिक शक्तिलाई हतियारको रूपमा प्रयोग गर्ने पश्चिमेली प्रयासको निरन्तर निन्दा गर्दै आएको छ । ब्रिक्सले समस्या समाधान गर्ने उपायका रूपमा पश्चिमबाट व्यापक आर्थिक स्वतन्त्रता प्रस्ताव गरेको छ । यसका अन्य उपाय पनि खोजिरहेको छ । कजान घोषणाले ब्रिक्स सदस्यबिच गहिरो आर्थिक साझेदारी सिर्जना गर्ने वित्तीय स्वतन्त्रताको आवश्यकतालाई पनि दोहोऱ्याएको छ । ब्रिक्सले द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापारमा राष्ट्रिय मुद्राको प्रयोगलाई विस्तार गर्ने प्रयास जारी राख्ने निर्णय गरेको छ ।



तस्बिरः ब्रिक्स

घोषणापत्रमा अमेरिकी वर्चस्वको 'स्विफ्ट प्रणाली'को विकल्पको रूपमा अन्तर्देशीय सम्झौताका लागि 'ब्रिक्स क्लियर सेटलमेन्ट एन्ड डिपोजिटरी सिस्टम' र विकास कोषको वैकल्पिक स्रोतको रूपमा 'न्यु डेभलपमेन्ट बैंक'को विकासका लागि निरन्तर वार्तामा जोड दिइएको छ । ब्रिक्स घोषणाले अफ्रिका र अन्यत्रका विपन्न देशका लागि अन्न विनिमय मञ्चको प्रस्तावलाई पनि समर्थन गरेको छ । खाद्य सुरक्षा एवं आर्थिक गतिविधि कायम राख्न आवश्यक खाद्यान्न र कच्चा पदार्थको मूल्य स्थिरता सुनिश्चित गर्न मञ्चले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । ब्रिक्स घोषणापत्र नयाँ 'साझेदार देश' नामक समूह थपेर ब्रिक्स ग्लोबल साउथका थप राष्ट्रलाई समावेश गर्न सहमत भएको छ । ब्रिक्सको मूल सदस्यतालाई थप विस्तार गर्ने सहमतिको अभावका कारण यो पहल लिइएको हो ।

प्यालेस्टाइन आत्मनिर्णयको अधिकार : कजान घोषणापत्रले प्यालेस्टाइनका जनतामाथि इजरायली नरसंहार र त्यस क्षेत्रका नागरिकमाथि भइरहेको आक्रमणको कडा निन्दा गर्दै तत्काल युद्धविरामको माग गरेको छ । एक प्रमुख कदमका रूपमा ब्रिक्स राष्ट्र सेप्टेम्बरमा इजरायलले गरेको साइबर आक्रमणलाई (लेबनानभर सयौं सञ्चार उपकरण विस्फोटन) 'पूर्वनियोजित आतंककारी हमला'को संज्ञा दिन सहमत भएका छन् । सो हमलामा लेबनानभर सयौंको ज्यान गएको थियो र कैयौं घाइते भएका थिए । घोषणाले लेबनान र सिरियामा इजरायलले गरेको हवाई आक्रमणको पनि निन्दा गरेको छ । ब्रिक्स राष्ट्रले पनि स्वतन्त्र प्यालेस्टाइन राज्यप्रति आफ्नो प्रतिबद्धता र राष्ट्रसंघको पूर्ण सदस्यताप्रति आफ्नो समर्थन दोहोऱ्याएका छन् । कजान घोषणापत्रले सिरियामा अमेरिकी सेनाको उपस्थितिलाई 'अवैध' भनेको छ र सेनालाई तत्काल फिर्ता लिन माग गरेको छ । सिरिया सरकारको सहमतिविना हाल सयौं अमेरिकी सैनिक सिरियामा तैनाथ छन् । ब्रिक्स राष्ट्रहरूले राष्ट्र संघको बडापत्रमा आफ्नो विश्वास व्यक्त गर्दै युक्रेन युद्धलगायत विश्वका सबै द्वन्द्वको शान्तिपूर्ण र राजनीतिक समाधानको आवश्यकता दोहोऱ्याएका छन् ।

(रहमान पिपुल्स डिस्प्याचका पत्रकार हुन्)

पिपुल्स डिस्प्याच

इरानका सैन्य आधारमा इजरायलको क्षेप्यास्त्र हमला

आफूसँग प्रतिरक्षाको अधिकार रहेको उल्लेख गर्दै इजरायलमाथि जवाफी आक्रमण गर्ने तेहरानको तयारी

इजरायलले इरानका विभिन्न सैन्य आधारमा हवाई आक्रमण गरेको छ। इजरायली सेनाले शनिबार इरानको मिसाइल उत्पादन केन्द्रलगायत विभिन्न क्षेत्रमा क्षेप्यास्त्र आक्रमण गरेको हो। राजधानी तेहरान र देशका अन्य सैन्य आधारमा भागमा इजरायली आक्रमण भएको इरानले पुष्टि गरेको छ। हमलामा दुई इरानी सैनिक मारिएका छन्। इजरायलले इरानमा गरेको हमलाको बदलामा हेजबुल्लाह समूहले इजरायली सैन्य आधारहरूमा रकेट र ड्रोन हमला गरेको छ। इरानले आफूसँग 'प्रतिरक्षाको अधिकार रहेको उल्लेख गर्दै इजारयलमाथि जवाफी हमला गर्ने संकेत गरेको छ।

इजरायलले आफूमाथि भएको क्षेप्यास्त्र आक्रमणको बदला दिने वाचा गरेको थियो। दमास्कसस्थित इरानको कन्सुलर एनेक्समा भएको घातक आक्रमणको बदलामा इरानले अप्रिलमा इजरायली क्षेत्रमा पहिलोपटक प्रत्यक्ष आक्रमण सुरु गरेको थियो। 'इजरायली सुरक्षा बल (आइएएफ)को विमानले इरानको क्षेप्यास्त्र उत्पादन गर्न प्रयोग गरिने क्षेप्यास्त्र उत्पादन केन्द्रहरूमा प्रहार गरेको छ,' इजरायली सेनाले एक विज्ञप्तिमा भनेको छ, 'आइडिएफले अतिरिक्त इरानी हवाई आधार र निसानाहरूमा प्रहार गरेको छ।' इरानबाट भइरहेको महिनौँको निरन्तर आक्रमणको प्रतिकारस्वरूप इरानी सैन्य लक्ष्यहरूमा सटिक आक्रमण गरिरहेको इजरायली सेनाले बताएको छ। तीन साताअघि इरानले इजरायलमा करिब दुई सयवटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो। तर, ती क्षेप्यास्त्रलाई इजरायलले मध्य आकाशमा नै निस्तेज बनाइदिएको दाबी गरेको थियो। शनिबारको आक्रमणपछि इरानले



केही घण्टा सबै उडान स्थगित गरेको थियो। सन् २०२३ को अक्टोबर ७ मा आफ्नो इतिहासको सबैभन्दा घातक आक्रमणपछि इजरायलले गाजामा हमाससँग लडिरहेको छ। गत महिनाको अन्त्यदेखि इजरायल लेबनानमा हेजबुल्लाहसँगको युद्धमा छ। पछिल्लो समय इजरायालले लेबनानका विभिन्न स्थानमा हमला गर्दै आएको छ। इजरायली सेनाले लेबनानका निश्चित क्षेत्रमा स्थल हमला पनि गरेको छ।

हामीसँग प्रतिरक्षाको अधिकार छ : इरान

हवाई हमलाबारे प्रतिक्रिया जनाउँदै इरानले आफूसँग 'प्रतिरक्षाको अधिकार रहेको' बताएको छ। 'इस्लामिक गणतन्त्र इरान आक्रमणका कुनै पनि कदमविरुद्ध प्रतिरक्षा गर्ने अधिकार आफूसँग राख्दछ' संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ५१ को व्यवस्था उद्धृत गर्दै इरानको विदेश मन्त्रालयले भनेको छ।

यसअघि इरानको तस्निम समाचार संस्थाले पनि इरानले कुनै पनि आक्रमणको प्रतिवाद गर्ने र इजरायलले चालेको कदमअनुसारको जवाफ पाउने' जनाएको थियो। मध्यपूर्वका युएई, साउदी अरब, कतार र इजिप्टसहितका अरब राष्ट्रहरूले इरानमाथि भएको आक्रमणको निन्दा गरेका छन्। बारको हमलामा दुई इरानी सैनिकको मृत्यु भएको तेहरानले जनाएको छ। यसैबिच, बेलायतका प्रधानमन्त्री किअर स्टार्मरले इरानले इजरायली हमलाको जवाफ दिन नहुने बताउँदै उक्त क्षेत्रको तनाव मत्थर पार्न साझेदारहरूलाई सुझाव दिएका छन्।

बदलापूर्ण हमला नगर्न इरानलाई अमेरिकी दबाब

संयुक्तराज्य अमेरिकाले हिंसाको चक्र अन्त्य गर्न शनिबार इजरायलले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इरानलाई इजरायलमाथि थप आक्रमण नगर्न आग्रह गरेको छ। 'हामी इरानलाई इजरायलमाथि आक्रमण नगर्न आग्रह गर्दछौं ताकि द्वन्द्वको चक्र अन्त्य गर्न सकियोस्,' अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता सिन साभेटले पत्रकारहरूलाई भने। इजरायली सेनाले इरानविरुद्ध सैन्य आधार र मिसाइल उत्पादन केन्द्रलगायत अन्य क्षेत्रहरूमा गरेको आक्रमणको भने अमेरिकाले निन्दा गरेको छैन्। बरु अप्रत्यक्ष रूपमा समर्थन जनाएको छ। 'इजरायली हमला आत्मरक्षाको अभ्यास थियो र इजरायलले जनसंख्या भएका क्षेत्रहरूलाई असर नगर्ने गरी केवल सैन्य लक्ष्य केन्द्रित आक्रमण गरेको थियो,' उनले भने। इजरायलले इरानमा गरेको अक्रमणमा अमेरिकाको कुनै संलग्नता नरहेको बताउँदै उनले भने, 'मध्यपूर्व क्षेत्रमा तनाव कम गर्नु हाम्रो उद्देश्य हो।' ह्वाइटहाउसले इजरायलको 'आत्मरक्षाको अभ्यास'अघि आफूलाई त्यसबारे बताइएको जनाएको छ। गाजाविरुद्धको हमलामा अमेरिकाले सुरुदेखि नै इजरायलको समर्थन गर्दै आएको छ।

- एजेन्सी

इतिहासमा आज अक्टोबर २७



सन् १९९९ : आर्मेनियाको संसद्मा गोली हानाहान। संसद्मा सशस्त्र समूहले चलाएको गोली लागेर प्रधानमन्त्री र सभामुखसहित आठजनाको मृत्यु भएको थियो। आक्रमणलगत्तै त्यहाँको सेनाले संसद्लाई घेरा हालेर आक्रमणकारीलाई नियन्त्रणमा लिएको थियो।

सन् १६८२ : फिलाडेल्फिया सहर स्थापना भयो। यस एतिहासिक सहरको स्थापना ब्रिटिस व्यवसायी विलियम पेनले गरेका थिए। बेलायतका राजा चार्ल्स द्वितीयले पेनका बाबुलाई ठुलो रकम तिर्न बाँकी थियो। रकमको सट्टा चार्ल्सले पेनका छोरालाई जग्गा नै दिएका थिए। यो सहर युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत छ।

सन् १९०२ : अमेरिकाको सबैभन्दा पुरानो भूमिगत मार्गको ट्रान्जिट सिस्टमको निर्माण सुरु भयो। यसको सञ्चालन भने आजकै दिनबाट भएको थियो। यो मार्ग विश्वकै सबैभन्दा पुरानो र सर्वाधिक प्रयोग गरिएको ट्रान्जिट सिस्टम मानिन्छ।

सन्: १९६२ : सोभियत संघका तत्कालीन प्रधानमन्त्री निकिता ख्रुस्चेभले अमेरिकाले टर्कीमा रहेको मिसाइल अड्डा हटाएमा क्युबामा सोभियत मिसाइल अड्डाहरू हटाउने प्रस्ताव गरे।

सन् १९७८ : इजिप्टका अनवर सदात र इजरायलका मेनाकेम बेगिनलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो। उनीहरूको पहलका कारण पहिलो क्याम्प डेभिड सम्झौता सम्भव भएको थियो।

सन् १९९१ : सोभियत युनियनबाट तुर्केमेनिस्तान स्वतन्त्र भयो। मध्य एसियाली देश तुर्केमेनिस्तान सन् १९२५ देखि सोभियत संघको अधीनमा थियो। सन् १९९१ मा तुर्केमेनिस्तानले स्वतन्त्र भएको घोषणा गरेको थियो।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०७/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

इनरुवा शाखा, सुनसरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ३६४२/०७१/०७२ अन्तर्गत मिति २०७१/०९/३० मा दर्ता कायम भएको **हिना फेन्सी ग्यालेरी** फर्म दर्ता ठेगाना : इनरुवा न.पा. -१, सुनसरी स्थायी लेखा नं. ६००५३२८२८, मिति २०६८/१२/०७ **प्रोप्राइटर : मो. मेहरुद्धिन अंसारी** **कर्जा शिर्षक : आवधिक कर्जा**	**मो. मेहरुद्धिन अंसारी** ना.प्र.नं. ८०२९५/८१२९५ जारी मिति २०६०/०५/०२ जि.प्र.का. सुनसरी बाबुको नाम : मुस्लीम मिया बाजेको नाम : नाजिर मिया स्थायी ठेगाना : मधुवन -५, सुनसरी हालको ठेगाना : इनरुवा न.पा. -३, सुनसरी	**सवनम प्रवीन** ना.प्र.नं. ०६-०१-७३-०९६२७ जारी मिति २०७३/०९/२०, जि.प्र.का. इनरुवा, सुनसरी बाबुको नाम : अहजद अली अन्सारी पतिको नाम : मो. मेहरुद्धिन अंसारी ससुराको नाम : मुस्लीम मिया स्थायी ठेगाना : मधुवन -५, सुनसरी हालको ठेगाना : इनरुवा न.पा. -३, सुनसरी

धितोको विवरण

घरजग्गाको विवरण

नजिर मियाको नाति, मुस्लीम मियाको छोरा, मो मेहरुद्धिन अंसारीको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ५ क (सुनसरी पेट्रोल पम्प नजिक) स्थित कि.नं. १३५८ को क्षेत्रफल ०-०-९-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

गोंगबु शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ८७७३४/०६८/०६९ अन्तर्गत मिति २०६८/०७/२८ मा दर्ता कायम भएको **मिराज इलेक्ट्रोनिक्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -१६, काठमाडौं स्थायी लेखा नं. ६००३२९४८६, मिति २०६८/०८/०१ **संचालकहरु : दिल बहादुर बुढाथोकी, सुवास कार्की, कमल विक्रम कार्की, नविन पोखरेल, सुशिल आचार्य तथा नितेश कार्की** **कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन, आवधिक तथा सवारी साधन कर्जा**	**सुर्य बहादुर बुढाथोकी** ना.प्र.नं. ४५/६६४८०९८६ जारी मिति २०३५/०३/१५, जि.प्र.का. सर्लाही बाबुको नाम : नर बहादुर बाजेको नाम : सनमान बुढाथोकी स्थायी ठेगाना : नेत्रगंज -७, सर्लाही हालको ठेगाना : नेत्रगंज -७, सर्लाही	**सिता कुमारी कार्की** ना.प्र.नं. ३६४१४८५२, जारी मिति २०४५/०२/१९ जि.प्र.का. सर्लाही बाबुको नाम : मान बहादुर पतिको नाम : बद्री बहादुर कार्की ससुराको नाम : तुला विक्रम कार्की स्थायी ठेगाना : हरिवन -९ सर्लाही हालको ठेगाना : हरिवन -११, सर्लाही

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

दिल बहादुर बुढाथोकी ना.प्र.नं. ६६४८००७९, जारी मिति २०५५/०४/२१ इ.प्र.शा. हरिवन, सर्लाही बाबुको नाम : सुर्य बहादुर बुढाथोकी बाजेको नाम : नर बहादुर स्थायी ठेगाना : नेत्रगंज -७, सर्लाही हालको ठेगाना : काठमाडौं म.न.पा. -१६, बनस्थली, काठमाडौं	**सुवास कार्की** ना.प्र.नं. ३६४१११०२ जारी मिति २०५८/०४/२६, इ.प्र.शा. हरिवन, सर्लाही बाबुको नाम : बद्री बहादुर कार्की बाजेको नाम : तुला विक्रम कार्की स्थायी ठेगाना : हरिवन -९, सर्लाही हालको ठेगाना : हरिवन -११, सर्लाही	**कमल विक्रम कार्की** ना.प्र.नं. ३६४११६८४, जारी मिति २०६०/०७/२९ जि.प्र.का. सर्लाही बाबुको नाम : भैरब ब. कार्की बाजेको नाम : तुला विक्रम कार्की स्थायी ठेगाना : हरिवन -९, सर्लाही हालको ठेगाना : हरिवन -११, सर्लाही
सुशिल आचार्य ना.प्र.नं. १०००३, जारी मिति २०६१/११/२१ जि.प्र.का. काठमाडौं बाबुको नाम : यादव प्रसाद आचार्य बाजेको नाम : श्रीधर आचार्य स्थायी ठेगाना : काठमाडौं म.न.पा. -१०, काठमाडौं हालको ठेगाना : काठमाडौं म.न.पा. -१०, नयाँ बानेश्वर, काठमाडौं	**नविन पोखरेल** ना.प्र.नं. २९३६९/३१३६९ जारी मिति २०५२/०४/११, जि.प्र.का. सुनसरी बाबुको नाम : लक्ष्मी प्रसाद उपाध्याय पोखरेल बाजेको नाम : गुणनिधि पोखरेल स्थायी ठेगाना : भा.सी. -६, सुनसरी हालको ठेगाना : ललितपुर -१५, ललितपुर	**नितेश कार्की** ना.प्र.नं. ६६४८०१७३, जारी मिति २०५६/०८/१० जि.प्र.का. सर्लाही बाबुको नाम : लक्ष्मण कार्की बाजेको नाम : इन्द्र ब. कार्की स्थायी ठेगाना : नेत्रगंज -७, सर्लाही हालको ठेगाना : काठमाडौं म.न.पा. -१४, वल्खु, काठमाडौं

धितोको विवरण

जग्गाको विवरण

१. नर सिंह बहादुर कार्कीको नाति, तुला विक्रम कार्कीको छोरा, वद्रि वहादुर कार्कीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरीवन गा.वि.स./न.पा. वडा नं. ६ ख (ग्लोबल आइएमइ बैंक, हरिवन शाखा नजिक) स्थित कि.नं. २७१६ को क्षेत्रफल ०-९-७-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. सनमानको नाति, नर बहादुरको छोरा, सुर्य बहादुर बुढाथोकीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको
   क. सर्लाही जिल्ला, हरीपुर गा.वि.स./न.पा. वडा नं. ८ क (नवलपुर चोक नजिक) स्थित कि.नं. ३९६ को क्षेत्रफल ०-१४-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. सर्लाही जिल्ला हरीपुर गा.वि.स./न.पा. वडा नं. ९ घ (नवलपुर चोक नजिक) स्थित कि.नं. ६१६ को क्षेत्रफल ०-१०-७-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. मिराज इलेक्ट्रोनिक्स प्रा.लि. को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. (कलंकी) वडा नं. १५ (अजिमा हल नजिक) स्थित कि.नं. ७० को क्षेत्रफल २५४.३२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Tata Nexon XM	बा २० च ६८५७	२०१८	REVTRN03HRYK75016	MAT627221JLH34887
Tata Nexon XM -S	बा प्र ०१ ०२६ च ७८१८	२०२१	REVTRN11KYXK98536	MAT627243MLK75644

नोट : यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधनहरु हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

धरान शाखा, सुनसरी

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा प्रा.फ.र.नं. ३५५४/२०७१/०७२ अन्तर्गत मिति २०७१/०८/२९ मा दर्ता कायम भएको **जानुका ट्रेडर्स एण्ड सप्लायर्स** फर्म दर्ता ठेगाना : धरान न.पा. -१५, सुनसरी स्थायी लेखा नं. ३०१९९३७७७, मिति २०६२/०९/०७ **प्रोप्राईटर : टंक बहादुर विष्ट** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	नर बहादुरको नाति, नैन बहादुर विष्टको छोरा, भक्त बहादुर विष्टको नाममा मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, वाक्षगरा गा.वि.स./न.पा. वडा नं. १ क (बरगाछी चोक नजिक) स्थित कि.नं. १९७९ र २३६५ को क्षेत्रफल क्रमश: ०-१-१०-० र ०-१-१६-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

टंक बहादुर विष्ट ना.प्र.नं. ८/२४६२ जारी मिति २०४६/०३/२८, जि.प्र.का. सुनसरी बाबुको नाम : भक्त बहादुर विष्ट बाजेको नाम : नैन बहादुर विष्ट स्थायी ठेगाना : धरान -१५, सुनसरी	**टंक माया विष्ट** ना.प्र.नं. ६७०६/०५३/५४ जारी मिति २०५३/०५/०९, ई.प्र.शा. धरान, सुनसरी बाबुको नाम : हर्क बहादुर थापा पतिको नाम : टंक बहादुर विष्ट ससुराको नाम : भक्त बहादुर विष्ट स्थायी ठेगाना : धरान -१५, सुनसरी	**भक्त बहादुर विष्ट** ना.प्र.नं. २११३०, जारी मिति २०४४/१०/१८, जि.प्र.का. धनकुटा बाबुको नाम : नैन बहादुर विष्ट बाजेको नाम : नर बहादुर विष्ट स्थायी ठेगाना : मुर्तिढुंगा -२, धनकुटा हालको ठेगाना : धरान उ.म.न.पा. -१५, सुनसरी

पानीपोखरी शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ८७२०६/०६८/०६९ अन्तर्गत मिति २०६८/०७/०३ मा दर्ता कायम भएका **बज्र टुर सर्भिस प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -२ काठमाडौं स्थायी लेखा नं. ६००३९९५३५, मिति २०६८/०९/०१ **सञ्चालक : हर्षमा नन्द बज्राचार्य** **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**हर्षमा नन्द बज्राचार्य** ना.प्र.नं. ६४३९/६५३६ जारी मिति २०५४/०९/०६, जि.प्र.का. काठमाडौं बाबुको नाम : देवानन्द बज्राचार्य बाजेको नाम : गौतमा नन्द बज्राचार्य स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२७, काठमाडौं हालको ठेगाना : काठमाडौं म.न.पा. -३, काठमाडौं	**सृष्टि ताम्राकार** ना.प्र.नं. १७६५, जारी मिति २०६१/०५/०३ जि.प्र.का. काठमाडौं बाबुको नाम : रोशन रत्न ताम्राकार पतिको नाम : हर्षमा नन्द बज्राचार्य ससुराको नाम : देवानन्द बज्राचार्य स्थायी ठेगाना : काठमाडौं म.न.पा. -१५, काठमाडौं हालको ठेगाना : काठमाडौं म.न.पा. -३, काठमाडौं

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Skoda Rapid 1.5 Active	बा १६ च २२४३	२०१६	CWX129365	TMBBUCNA9GG011824
Skoda Rapid 1.5 Active	बा १६ च २६७८	२०१६	CWX129532	TMBBUCNA4GG012041

त्रिशुली शाखा, नुवाकोट

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
प्रदेश सरकार, बागमती प्रदेश, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यलय विदुर, नुवाकोटमा प्राईभेट फर्म दर्ता नं. १५७/०७७/०७८ अन्तर्गत मिति २०७७/०७/२६ मा दर्ता कायम भएको **डिकेप पशुपालन फर्म** फर्म दर्ता ठेगाना : किस्पाङ गा.पा. -१, नुवाकोट स्थायी लेखा नं. ६१४२३६४८२, मिति २०७७/०७/२७ **प्रोप्राइटर : काले तमाङ** **कर्जा शिर्षक : कृषि आवधिक कर्जा**	च्याङरोको नाति, सल्कर तमाङको छोरा, काले तमाङको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, भाल्चे गा.वि.स./न.पा. वडा नं. ५ (भाल्चे वेसी गुम्वा नजिक) स्थित कि.नं. १०८७ को क्षेत्रफल १३-१४-२-२ रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण

काले तमाङ ना.प्र.नं. ८२४६८ जारी मिति २०५९/१०/२४, जि.प्र.का. नुवाकोट बाबुको नाम : सलकर तमाङ बाजेको नाम : च्याङरो तमाङ स्थायी ठेगाना : भाल्चे -२, नुवाकोट हालको ठेगाना : किस्पाङ गा.पा. -१, नुवाकोट	**रस तामाङ** ना.प्र.नं. १०६०१२ जारी मिति २०६२/१०/०६, जि.प्र.का. नुवाकोट बाबुको नाम : राना तामाङ बाजेको नाम : पोसाङ तमाङ स्थायी ठेगाना : भाल्चे -९, नुवाकोट हालको ठेगाना : किस्पाङ गा.पा. -१, नुवाकोट	**पेमरानी तमाङ** ना.प्र.नं. ९६४३९, जारी मिति २०६१/०९/१४, जि.प्र.का. नुवाकोट बाबुको नाम : छोङ घले पतिको नाम : काले तमाङ ससुराको नाम : सलकर तमाङ स्थायी ठेगाना : भाल्चे -२, नुवाकोट हालको ठेगाना : किस्पाङ गा.पा. -१, नुवाकोट

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वत: जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुन: लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुन: निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ कार्तिक २५ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८१ कार्तिक २६ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ११ कार्तिक ०८१

बैंकहरूको नाफा कमाउने क्षमतामा सुधार

लगानीकर्ताको स्वपुँजीमा आधारित प्रतिफल दर बढेर औसत ९.३१ प्रतिशत पुगेको छ

पवन तिमिल्सिना / नयाँ पत्रिका

वाणिज्य बैंकहरूको नाफा कमाउने क्षमतामा सुधार आएको छ। बैंकहरूको नाफा कमाउने क्षमता मापन गर्ने दुई सूचक स्वपुँजीमा आधारित प्रतिफल दर (रिटर्न अन इक्विटी) र सम्पत्तिमा प्रतिफल दर (रिटर्न अन एसेट)मा सुधार देखिएको हो।

साधारणतया खुद नाफालाई स्वपुँजी र सम्पत्तिसँग तुलना मापन गरेर बैंकहरूको नाफा कमाउने क्षमता हेर्ने गरिन्छ। सेयरधनीको पुँजीलाई बैंकहरूले मुनाफा आर्जनमा प्रभावकारी रूपमा उपयोग गरिरहेका छन् वा छैनन् बुझ्न स्वपुँजीमा प्रतिफल दर हेर्ने प्रचलन छ। त्यसैले बैंकहरूको खुद नाफाभन्दा पनि यसको नाफा दिने क्षमताबारे यकिन जानकारी लिन प्रतिफल दर हेर्ने गरिन्छ। सामान्यतयाः खुद नाफालाई सेयरधनीको पुँजीसँग तुलना गरेर यस्तो प्रतिफल दर मापन गरिन्छ। चालू आर्थिक वर्षको पहिलो त्रैमास (साउन-असोज)मा स्वपुँजीमा आधारित औसत प्रतिफल दर ९.३१ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो दर ८.१९ प्रतिशत थियो। कर्जा असुली प्रभावकारी बन्दै गएपछि यसले बैंकहरूको नाफा दिने क्षमतामा सुधार आएको बैंकरहरू बताउँछन्।

त्यस्तै, बैंकहरूको सम्पत्तिका आधारमा प्रतिफल दर (रिटर्न अन एसेट)मा पनि सुधार आएको छ। चालू आवको पहिलो त्रैमासमा बैंकहरूको औसत रिटर्न अन एसेट ०.९७८ प्रतिशत पुगेको छ। गत आवको सोही अवधिमा ०.८७९ प्रतिशत थियो।

कसको प्रतिफल दर खस्कियो ?

२० वाणिज्य बैंकमध्ये सात वाणिज्य बैंकहरूको प्रतिफल दर खस्किएको देखिन्छ। एनआइसी एसिया, राष्ट्रिय वाणिज्य बैंक, सिटिजन्स इन्टरनेसनल बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, हिमालयन बैंक, सानिमा बैंक, प्रभु बैंक र माछापुच्छ्रे बैंकको स्वपुँजीमा प्रतिफल दर खस्किएको छ।

एनआइसी एसियाको स्वपुँजीमा प्रतिफल दर १३.३२ प्रतिशतबाट खस्किएर १.४३ प्रतिशतमा झरेको छ। त्यस्तै, यसको सम्पत्तिमा प्रतिफल दर १ प्रतिशतबाट झरेर ०.११ प्रतिशतमा पुगेको छ।

राष्ट्रिय वाणिज्य बैंकको स्वपुँजीमा प्रतिफल दर ६.२७ प्रतिशतबाट घटेर १.१४ प्रतिशत पुगेको छ। त्यस्तै, सम्पत्तिमा प्रतिफल दर ०.८६ प्रतिशतबाट झरेर ०.१२ प्रतिशत पुगेको छ। सिटिजन्स इन्टरनेसनलको स्वपुँजीमा प्रतिफल दर ७.७८ प्रतिशतबाट घटेर ३.६५ प्रतिशत कायम भएको छ। त्यस्तै, यो बैंकको सम्पत्तिमा प्रतिफल ०.८ प्रतिशतबाट ०.३५ प्रतिशतमा खुम्चिएको छ। हिमालयन बैंकको स्वपुँजीमा प्रतिफल दर ११.६२ प्रतिशतबाट घटेर ७.५४ प्रतिशत कायम भएको छ। यसको सम्पत्तिमा प्रतिफल दर ०.७७ प्रतिशत कायम छ।

सानिमा बैंकको स्वपुँजीमा प्रतिफल दर ९.६८ प्रतिशतबाट घटेर ७.४२ प्रतिशत कायम भएको छ। त्यस्तै, सम्पत्तिमा प्रतिफल दर ०.८६ प्रतिशतबाट घटेर ०.६७ प्रतिशत कायम भएको छ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको स्वपुँजीमा प्रतिफल दर घटेर ९.४३ प्रतिशत र सम्पत्तिमा प्रतिफल दर १.१५ प्रतिशत कायम भएको छ।

प्रभु बैंकको स्वपुँजीमा प्रतिफल दर १२.०७ प्रतिशतबाट ११.२४ प्रतिशत कायम भएको छ। यो बैंकको सम्पत्तिमा प्रतिफल दर १.२ प्रतिशतबाट १.१३ प्रतिशत पुगेको छ। माछापुच्छ्रे बैंकको स्वपुँजीमा प्रतिफल दर १३.२५ प्रतिशतबाट घटेर ११.४७ प्रतिशत कायम भएको छ। त्यस्तै, सम्पत्तिमा प्रतिफल दर १.१६ प्रतिशतबाट घटेर १.०४ प्रतिशत कायम छ।

■ बढी प्रतिफल दर भएका बैंकहरू

प्रतिफल दर बढी हुने बैंकहरूमा स्ट्यान्डर्ड चार्टर्ड, नेपाल एसबिआई बैंक, एभरेष्ट बैंक, प्राइम कमर्सियल बैंक र एनएमबि बैंक छन्। यी बैंकहरूको स्वपुँजीमा प्रतिफल दर १५ प्रतिशतभन्दा बढी छ भने सम्पत्तिमा प्रतिफल १.५ प्रतिशतभन्दा बढी छ। स्ट्यान्डर्ड चार्टर्ड बैंकको स्वपुँजीमा प्रतिफल दर १६.४३ प्रतिशत छ भने सम्पत्तिमा प्रतिफल दर २.४३ प्रतिशत छ। त्यस्तै, नेपाल एसबिआई बैंकको स्वपुँजीमा प्रतिफल दर १६.३७ प्रतिशत र सम्पत्तिमा प्रतिफल दर १.५४ प्रतिशत छ। एभरेष्ट बैंकको स्वपुँजीमा प्रतिफल दर १६.०७ प्रतिशत छ भने सम्पत्तिमा प्रतिफल दर १.५४ प्रतिशत छ।

प्राइम कमर्सियल बैंकको स्वपुँजीमा प्रतिफल दर १५.९७ प्रतिशत र सम्पत्तिमा प्रतिफल दर १.८६ प्रतिशत छ। त्यस्तै, एनएमबि बैंकको स्वपुँजीमा प्रतिफल दर १५.४४ प्रतिशत र सम्पत्तिमा प्रतिफल दर १.४९ प्रतिशत छ।

सर्वाधिक खुद नाफा आर्जन गर्ने नबिल बैंक प्रतिफल दरमा भने छैटौँ स्थानमा छ। नबिल बैंकको स्वपुँजीमा प्रतिफल दर १३.५२ प्रतिशत र सम्पत्तिमा प्रतिफल दर १.४४ प्रतिशत छ। कुमारी बैंकले स्वपुँजीमा प्रतिफल दरमा गत आवको तुलनामा सुधार गरेको छ। गत आवको पहिलो त्रैमासमा २.८५ प्रतिशत मात्रै स्वपुँजीमा प्रतिफल दर भएको यो बैंकको चालू आवको सोही अवधिमा ११.२५ प्रतिशत पुगेको छ। ग्लोबल आइएमई बैंकको स्वपुँजीमा प्रतिफल दर ८.२५ प्रतिशतबाट बढेर ९.७६ प्रतिशत पुगेको छ भने सम्पत्तिमा प्रतिफल दर ०.९१ प्रतिशतबाट बढेर ०.९८ प्रतिशत कायम छ।

एनआरएनएको विवादित कार्यक्रममा प्रमुख अतिथि बन्दै प्रधानमन्त्री

नयाँ पत्रिका

गैरआवासीय नेपाली संघ (एनआरएनए)सम्बद्ध बद्री केसी समूहले आयोजना गरेको विवादित कार्यक्रममा प्रमुख अतिथि बनेर प्रधानमन्त्री केपी शर्मा ओली सहभागी हुन लागेका छन्। परराष्ट्रमन्त्री आरजु राणाको निर्देशनमा मन्त्रालयले एकता महाधिवेशन गर्न १ कात्तिकमा एनआरएनएलाई पत्राचार गरेको थियो। तर, त्यसलाई बेवास्ता गर्दै केसी समूहले आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री ओली सहभागी हुन लागेका हुन्।

'साधारणसभा र एनआरएनए डे' भनिएको विवादित कार्यक्रमको उद्घाटन प्रधानमन्त्री ओलीले काठमाडौंको होटेल सोल्टीमा आइतबार बिहान साढे ९ बजे गर्ने तय भएको छ। प्रधानमन्त्रीको सचिवालयले एनआरएनएको कार्यक्रममा ओली सहभागी हुने तय भएको जनायो।

कार्यक्रमबारे जानकारी दिन एनआरएनएको सचिवालयले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा समेत उद्घाटन प्रधानमन्त्री ओलीले गर्ने जानकारी गराइएको थियो। बद्री केसी पक्षका महासचिव गौरिराज जोशीले 'रूपान्तरण र एकता : श्रम, लगानी र नागरिकताको निरन्तरता' भन्ने मुख्य विषयमा केन्द्रित रहेर एनआरएनए ग्लोबल कन्क्लेभ-२०२४ तथा वार्षिक साधारणसभा आइतबार र सोमबार हुने बताए।

गत १०औँ महाधिवेशनदेखि उत्पन्न विवाद बढ्दै जाँदा हाल तीनवटा एनआरएनए छन्। १०औँ महाधिवेशनबाट दुईवटा कमिटी बनेसँगै आधिकारिकताको दाबी गर्दै कुँवर पक्ष अदालत गएको थियो। अदालतले कुँवर र संस्थापन पक्ष कसैलाई पनि आधिकारिकता नदिई संघलाई १ माघ ०७८ को अवस्थामा फर्काएर एकताको महाधिवेशन गर्न २१ चैतमा फैसला गरेको थियो। १ माघ ०७८ मा संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को ८१औँ बैठकले एउटा उच्चस्तरीय समिति गठन गरेको र सो समिति गठन गर्दासम्म कुनै विवाद नरहेको देखिएकाले सोही विन्दुबाट एकताको महाधिवेशन गर्न सर्वोच्चले आदेश दिएको थियो।

■ एकतामै जोड

पूर्वअध्यक्ष उपेन्द्र महतोले अदालतले नै एकताको महाधिवेशन गर्न भनिदिएपछि सबैलाई सजिलो हुने र सबैलाई फेस सेभको पनि अवसर मिलेको प्रतिक्रिया दिए। यसैगरी, १०औँ महाधिवेशनबाट तीनजना अध्यक्ष चुनिए पनि अदालतबाट मान्यता नपाएकामध्येका कुल आचार्यले पनि सर्वोच्चको पत्र सकारात्मक रहेको प्रतिक्रिया दिए। विनोद कुँवर र रविना थापाले पनि एकता महाधिवेशन सबैको हितमा रहेको बताए।

यसैगरी, पूर्वअध्यक्ष जीवा लामिछानेले संस्था एकताबद्ध बनाउनुको विकल्प नरहेको बताए। यता बद्री केसीले भने संघभित्र रहेका असन्तुष्टिहरूलाई सम्बोधन हुने भएकाले आफूहरूको साधारणसभालाई एकताको साधारणसभा मान्नुपर्ने बताए।

Sundarbazar Municipality
Office of The Municipal Executive
Sundarbazar, Lamjung
Gandaki Province

Invitation for Bids

Date of first publication: 27 October 2024

1. ***Sundarbazar Municipality*** invites electronic bids from Nepalese eligible bidders for the **Upgrading of khoiralafat bhagirati bhanjyg sirbani fedi motar bato, Sundarbazar Municipality 1-10** under National Competitive Bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sundarbazar Municipality, Lamjung, Email:-sundarbazarmun@gmail.com, Telephone: 066- 402226** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office **Sundarbazar Municipality, Lamjung** through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on **27 November 2024.** Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **27 November 2024** ***13:00*** at the office of **Sundarbazar Municipality,Lamjung**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in. pdf format in case of e-bid, amounting to a minimum of **as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

SN	Contract Identification No.	Description of Works	Estimated Amount NRs (With VAT& PS)	Bid Security Amount NRs and Validity	Bid Document Cost NRs
1	EGP/NCB/SM/ W/R/081/082/08	Upgrading of khoiralafat bhagirati bhanjyg sirbani fedi motar bato, Sundarbazar Municipality 1-10	97,50,058.08/-	2,50,000/- (120 days)	3000

Chief Administrative Officer

बाढीले पुऱ्याएको क्षतिको बिमा दाबी साढे नौ अर्ब पुग्यो

काठमाडौं/ १०-१२ असोजको बाढीपहिरो तथा डुबानबाट पुगेको क्षतिमध्येबाट बिमा कम्पनीहरूमा नौ अर्ब ५४ करोड ६१ लाख रुपैयाँबराबरको दाबी परेको छ। नेपाल बिमा प्राधिकरणका अनुसार निर्जीवन बिमा कम्पनीहरूमा सो रकमबराबरका तीन हजार तीन सय ६ वटा दाबी परेका छन्।

यो निर्जीवन बिमा कम्पनीहरूमा आएको दाबी मात्रै हो। जीवन बिमा कम्पनीहरूमा आएको दाबीको विवरण गरिएको छैन। यस्तै, कम्पनीहरूले अग्रिम दाबी भुक्तानीसमेत सुरु गरेका छन्। हालसम्म अग्रिम दाबीबापत ३० करोड ३६ लाख ५४ हजार रुपैयाँ भुक्तानी भएको छ। दुई सय ६१ वटा संख्यामा यस्तो भुक्तानी भएको हो। पछिल्लो विपत्बाट ग्राहकलाई परेको असरलाई दृष्टिगत गर्दै अग्रिम दाबी भुक्तानी अघि बढाइएको नेपाल बिमक संघका अध्यक्ष क्षेत्रीले बताए।

कम्पनीले दाबी गरेकोमध्ये आंशिक रकम अग्रिम दाबी भुक्तानी गरेका हुन्। अन्तिम दाबी भुक्तानी भने सर्भेयरको प्रतिवेदनका आधारमा गरिनेछ। विपत्मा परेको बिमितको सहजताका लागि अग्रिम दाबी पनि गरिएको अध्यक्ष क्षेत्रीको भनाइ छ। पूर्ण दाबी भुक्तानी सर्भेयर प्रतिवेदनका आधारमा गरिने उनले बताए। तथ्यांकअनुसार सम्पत्ति बिमामा मात्रै सात अर्ब ३१ करोड ६८ लाख रुपैयाँको एक हजार ६ सय ३५ वटा दाबी आएका छन्। त्यसमध्ये एक सय ३५ वटा दाबीमा २६ करोड ७२ लाख ८३ हजार रुपैयाँबराबरको अग्रिम दाबी भुक्तानी पनि गरिएको छ।

यसैगरी, इन्जिनियरिङ बिमामा एक अर्ब ७४ करोड ८८ लाख रुपैयाँबराबरका दुई सय ७५ वटा दाबी पर्दा दुईवटामा ३० लाख २६ हजार रुपैयाँबराबरको अग्रिम भुक्तानी दिइएको छ।

यस्तै, निजी मोटर बिमामा २३ करोड ७७ लाख रुपैयाँबराबरका आठ सय ३८ वटा, सार्वजनिक मोटर बिमामा १६ करोड १२ लाख रुपैयाँबराबरका तीन सय ३८, सामुद्रिक बिमामा दुई करोड २८ लाख रुपैयाँबराबरका २५ वटा, कृषिबाली बिमा एक करोड १९ लाख रुपैयाँबराबरका ५४ वटा, पशुपक्षी बिमामा एक करोड १२ लाख रुपैयाँबराबरका ५४ र विविधमा ५५ लाख रुपैयाँबराबरका १६ वटा दाबी परेका छन्।

हालसम्म निजी मोटर बिमा दुई करोड २९ लाख रुपैयाँबराबरका ८४, सार्वजनिक मोटर बिमामा ९१ लाखबराबरका २१ वटा, सामुद्रिक बिममा नौ हजारबराबरको एक, कृषि बिमामा १० लाखबराबरका १३ वटा, पशुपक्षी बिमामा दुई लाखबराबरका चारवटा अग्रिम दाबी दिइएको छ।



औद्योगिक वातावरण बिग्रियो : उद्योग संगठन मोरङ

काठमाडौं/ उद्योग संगठन मोरङले विद्युत् लाइन काट्ने र खोल्ने शृंखलाले औद्योगिक वातावरण बिग्रिएको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ। विद्युत्को डेडिकेटेड महसुल बक्यौतासम्बन्धी विवादमा सरकारी निकायबिच नै एकमत नहुँदा विद्युत् लाइन काट्ने र खोल्ने शृंखला चलेको र त्यसले औद्योगिक वातावरण बिग्रिएको संगठनको ठहर छ।

संठनले प्रेस विज्ञप्ति जारी गर्दै विवाद समाधान गरी औद्योगिक वातावरण बनाउन अपिलसमेत गरेको छ। 'औद्योगिक तथा लगानीको वातावरण निर्माण गर्न सरकारका सबै सम्बन्ध निकायहरूले समन्वयात्मक ढंगले नतिजामुखी कार्य गर्नुपर्नेमा आपसी समन्वय नहुँदा औद्योगिक एवं लगानीको वातावरण बिग्रँदै गएको छ,' विज्ञप्तिमा उल्लेख छ, 'लामो समयदेखि सुल्झन नसकेको डेडिकेटेड विद्युत् महसुलको विवादलाई लिएर विद्युत् प्राधिकरणले उद्योगहरूमा पुनः लाइन काटेको छ, विवाद समाधान गर्ने भन्दा पनि सरकारी निकायहरूबिचमै आफ्नो अनुकूलतामा कहिले लाइन काट्ने कहिले जोड्ने शृंखला चलेको छ यस प्रकारको कार्यले औद्योगिक वातावरण सुदृढ हुन सक्दैन।'

एउटा विवादको निरूपण यति लामो समयसम्म हुन नसक्दा औद्योगिक वातावरण प्रभावित हुने भन्दै यो विवादको यथाशक्य न्यायोचित समाधानका लागि समेत संगठनले अपिल गरेको छ। 'गलत गर्नेले उन्मुक्ति कदापि पनि पाउनुहुँदैन भन्ने कुरामा संगठन स्पष्ट रहेको छ,' विज्ञप्तिमा उल्लेख छ, 'तसर्थ, जिम्मेवार निकायहरूले समन्वयात्मक ढंगबाट यो विवादित समस्याको तत्काल समाधान गरी समग्र निजी क्षेत्रप्रति बढ्दै गरेको नकारात्मक भाष्यप्रति संवेदनशील हुन संगठनले नेपाल सरकार तथा सम्बन्धित सबैलाई आग्रह गरेको छ।'

स्थानीय सरकार
तामाकोशी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०७/११

यस गाउँपालिकाबाट मिति २०८१/०४/३० मा निर्माण कार्यका लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bid मार्फत यस कार्यालयमा पेश हुन आएका बोलपत्रहरूमध्ये देहाय बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताका आधारमा योग्य भई सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव यही मिति २०८१/०७/२० गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्वन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

क्र.स	ठेक्का नं.	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु
1	(06/TRM/NCB/ Works/R/2081-082)	Upgrading Works of Malukhola Dandagaun Phyatal Chhaude Road.	Aakash Nirman Sewa. Melamchi, Sindhupalchok
			RR-Kapil J/V, BMP-1
			Maiya Nirman Sewa, Namdu-2
			Bhuwaneshwori Nirman Sewa Pvt. Ltd, Samakoshi-29 KTM
			Pasa Engineering & Construction Company Pvt.Ltd,Nakhi, Lalitpur
			Shreejan Construction & Suppliers Pvt.Ltd. BMP-3, Dolakha
			Shiva Khimti Construction Pvt.Ltd. Jadibuti-32,KTM
			P&DK Builders Pvt.Ltd. Manthali,Ramechhap
			Mahabir/H.S.W JV Old Baneshwor, KTM
			OM Buddha Construction Pvt.Ltd. BMP-06 Charikot
			Harittara-Ghimire Homes JV, Bhimeshwor-3, Dolakha

नि.प्रमुख प्रशासकीय अधिकृत

एभरेष्ट कलर लि.

पहिलो बार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८१।०७।११)

यस एभरेष्ट कलर लि.को मिति २०८१।०७।०६ गते बसेको संचालक समितिको निर्णय अनुसार पहिलो बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु।

सभा हुने मिति, स्थान र समयः

मिति : २०८१।०८।०१ गते शनिबार
समय : विहान ११:०० बजे
स्थान : ह्वाईट प्यालेस बैंकेट, मध्यपुर ठिमी-३, भक्तपुर

छलफलको विषय सूचि (एजेण्डा):

(क) साधारण प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/२०८१ को वासलात, नाफा र नोक्सान हिसाव, नगद प्रवाह लगायत वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. लेखापरीक्षक जे.एम.लम्साल एण्ड कम्पनीका झलकमणि लम्सालले राजिनामा दिएकोले कम्पनी ऐन, २०७६ को दफा ११३ र कम्पनी निर्देशिका, २०७२ को ६० बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियुक्त लेखापरीक्षक श्रेष्ठ एण्ड न्यौपाने एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा।
४. कम्पनी ऐन, २०७६ को दफा ११३ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (वर्तमान लेखापरीक्षक श्रेष्ठ एण्ड न्यौपाने एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनु हुन्छ)।
५. कम्पनीको संचालक समितिका यसअघिका बैठकले गरेका सबै निर्णयहरु छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
६. संस्थापक सेयरधनीहरुको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने ५ जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्ताव

१. प्रबन्धपत्रमा उल्लेख भए बमोजिम सर्वसाधारणका लागि छुट्याइको शेयर सर्वसाधारणमा जारी गर्ने।
२. सर्वसाधारणलाई सेयर जारी गर्न नियामकलगायतका सबै निकायसँग अनुमति लिनेलगायत निस्कासन सम्बन्धि सम्पूर्ण कार्य गर्नका लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने।
३. प्रबन्धपत्रको दफा ६ अन्तर्गत संशोधन गर्ने।
४. नियमावलीको नियम ७, २७ (१) (२) र ४१ अन्तर्गत संशोधन गर्ने।
५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संसोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।
६. संचालकहरुलाई दिने सुविधा छलफल गरी पारित गर्ने सम्बन्धमा।

(ग). विविध

साधारणसभा सम्बन्धि थप जानकारीका लागि everestcolour.com भिजिट गर्नु होला।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

इसेवा र फोन प्वाइन्ट्सको सहकार्य

काठमाडौं/ डिटिल कारोबारलाई सहज तथा थप गुणस्तरीय बनाउन इसेवाले फोन प्वाइन्ट्ससँग सहकार्य गर्ने निर्णय गरेको छ। प्रयोगकर्तालाई एकीकृत र फाइदाजनक अनुभूति प्रदान गर्न दिइने लोयल्टी प्वाइन्ट्सलाई एकीकृत गर्ने विकल्प दिइएको छ। एकीकृत गरिएको लोयल्टी प्वाइन्ट्स प्रयोग गरी ग्राहकले विभिन्न अफर अवलोकन गर्दै ती अफर संकलन र उपभोग गर्ने प्रक्रियालाई सरल बनाउने यस साझेदारीको लक्ष्य रहेको बताइएको छ।



फोन प्वाइन्ट्सका प्रयोगकर्ताले विभिन्न व्यावसायिक पार्टनरसँग संलग्न भएर लोयल्टी प्वाइन्ट्स अर्थात् फोन प्वाइन्ट्स आर्जन गर्न सक्नेछन्। फोन प्वाइन्ट्सले फोनपेसँग आबद्ध रहेका विभिन्न पार्टनरबाट आर्जन गरेको लोयल्टी प्वाइन्ट्सलाई एक ठाउँमा एकृकीत गर्नेछ। एकीकृत गरिएको लोयल्टी प्वाइन्ट प्रयोग गरी ग्राहकले आकर्षक अफर, छुट तथा उपहार प्राप्त गर्ने अवसर प्रदान गर्नेछ। प्रयोगकर्ताले आफ्नो संलग्नता रहेको विभिन्न वित्तीय कारोबारबाट आर्जन गरेको प्वाइन्ट्सलाई एकै ठाउँबाट सजिलै हेर्न र इच्छाअनुसार व्यवस्थापन गर्दै विभिन्न आकर्षक अफरमा यसको उपभोग गर्न सक्नेछन्।

नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/११

यस कम्पनीको मिति २०८१/०५/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी नेपाल जिप्सी ज्याज प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०६/०८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी हरि महर्जन प्रोजेक्ट (प्रा.लि. नं. १४२०८८) कायम गरीएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।


ग्लोबल आइएमईका ग्राहकलाई दुसित थानीमा छुट



काठमाडौं/ ग्लोबल आइएमई बैंक र दुसित थानी हिमालयन रिसोर्टबिच छुट उपलब्ध गराउने सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख बजार व्यवस्थापक दिलीप पोखरेल र दुसित थानीको सेल्स म्यानेजर सम्झना प्रसाईंले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार बैंकका ग्राहकले रिसोर्टको सेवामा १५ प्रतिशत छुट पाउनेछन्। रिसोर्टमा उपलब्ध सेवा खाना तथा पेय पदार्थ, देभराना स्पा, स्विमिङ पुल, ज्याक्कुजी, स्टिम र सौनाको प्रयोगमा १५ प्रतशित छुट पाउनेछन्। सो छुट प्राप्त गर्न ग्राहकले बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाइल बैंकिङमार्फत भुक्तानी गर्नुपर्ने हुन्छ।

एसबिआई मर्चेन्टले दियो प्रहरीलाई लगानी शिक्षा



काठमाडौं/ विश्व लगानीकर्ता सप्ताह २०२४ को अवसर पारी नेपाल एसबिआई मर्चेन्ट बैंकिङले एकदिने लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

हेटौंडा, मकवानपुरमा आयोजित कार्यक्रममा एसबिआई मर्चेन्टका इन्भेस्टमेन्ट बैंकिङ तथा मार्केटिङ प्रमुख सुशान्त खतिवडाले सहभागी राष्ट्रसेवक प्रहरीलाई सेयर बजार र लगानी शिक्षा तथा लगानी गर्दा अपनाउनुपर्ने सचेतनाबारे प्रकाश पारे।

एसबिआई मर्चेन्ट नेपाल एसबिआई बैंकको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो। यसले लगानी व्यवस्थापन, धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक, धितोपत्र खरिद प्रत्याभूति, हितग्राही खाता सञ्चालनसम्बन्धी सेवा, संस्थागत परामर्श सेवा तथा सेयर रजिस्ट्रारसम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ।

माछापुच्छ्रे क्यापिटलले गऱ्यो वित्तीय सचेतना कार्यक्रम



काठमाडौं/ माछापुच्छ्रे क्यापिटल लिमिटेडले लगानी तथा वित्तीय जनचेतनासम्बन्धी प्रारम्भिक शिक्षा तथा सचेतना कार्यक्रम गरेको छ। क्यापिटलले विश्व लगानीकर्ता सप्ताहका अवसरमा रामग्राम- ५, नवलपरासीस्थित श्री आदर्श माध्यमिक विद्यालयमा कक्षा १० र ११ मा अध्ययनरत विद्यार्थीलाई लगानीसम्बन्धी सचेतना प्रदान गर्न कार्यक्रम आयोजना गरेको हो।

युवा विद्यार्थीलाई सानै उमेरदेखि लगानीको महत्त्व बुझाउन विद्यालय व्यवस्थापन समिति, शिक्षकवर्ग, अभिभावक समितिलगायत ९५ जनामाझ उक्त कार्यक्रम गरेको हो। लगानी, प्रविधि र डिजिटल फाइनान्स तथा धोकाधडी र 'बेसिस अफ इन्भेस्टिङ टेक्नोलोजी एन्ड डिजिटल फाइनान्स एन्ड फ्रड एन्ड स्क्याम प्रिभेन्सन'मा केन्द्रित रहेको कार्यक्रम फलदायी रहेको सहभागीले जनाए। माछापुच्छ्रे क्यापिटल लिमिटेड पब्लिक लिमिटेड कम्पनीका रूपमा स्थापित धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) कम्पनी हो।

आइपिओ जारी गर्दै एभरेस्ट कलर

काठमाडौं/ एभरेस्ट कलर लिमिटेडले आइपिओ जारी गर्ने भएको छ। २६ करोड चुक्ता पुँजी रहेको कम्पनीले १५ प्रतिशत सेयर सर्वसाधारणमा जारी गर्न लागेको हो।

आइपिओ जारीको प्रस्ताव राखेर कम्पनीले साधारणसभा बोलाएको छ। कम्पनीका अनुसार साधारणसभा ६ कात्तिकमा बस्नेछ। कलर सेक्टरको पहिलो जारी गर्ने तयारी रहेको कम्पनीले जनाएको छ। साधारणसभामा गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनसहितको वासलात, नाफा र नोक्सान हिसाब, नगद प्रवाहलगायतका वित्तीय विवरणमाथि छलफल गरी पारित गरिनेछ। त्यस्तै, सभाले चालू आवका लागि लेखा परीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने र संस्थापक सेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने पाँचजना सञ्चालकको निर्वाचन गर्नेछ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दया थापाको नाति, देउचन थापाको छोरा लुम्बिनी प्रदेश बाके जिल्ला नेपालगंज उप महानगरपालिका धम्बोझी वडा नं.१ मा बस्ने भक्त बहादुर थापाले यस शाखामा बचत खाता नं.११५१५२४००४६१४४ संचालन गर्दै आउनु भएकोमा मिति २०८१-०५-२२ मा निज खातावाला भक्त बहादुर थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने ज्ञानु कुमारी थापालेमृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक भक्त बहादुर थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड | नेपालगंज शाखा कार्यालय
NEPAL SBI BANK LTD. | फोन : ०८१-४१५१२५
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

अपि पावर कम्पनी लिमिटेडको
API POWER COMPANY LIMITED

Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE FIRST QUARTER
FISCAL YEAR 2081/82 ENDED 30th Ashwin 2081 (16TH OCTOBER 2024)

Particulars	This Quarter Ending Ashwin End 2081	Previous Quarter Ending Asadh End 2081	Corresponding Previous Year Quarter Ending Ashwin end 2080
Assets			
Non Current Assets			
Property, plant and equipment	164,964,066	18,669,104	13,606,105
Right of use assets	10,355,678	10,461,618	-
Intangible assets	11,292,382,329	11,395,156,095	10,827,233,203
Project work-in-progress	113,118,301	111,439,181	110,976,357
Investment in Subsidiaries and Associates	1,279,463,962	1,156,803,962	472,389,831
Other investments	143,541,947	31,070,077	25,713,579
Other non-current assets	2,016,893	2,016,893	-
Total Non Current Assets	**13,005,843,176**	**12,725,616,930**	**11,449,919,075**
Current Assets			
Trade receivables	360,479,097	244,338,140	132,962,476
Cash and cash equivalents	21,178,287	28,950,204	94,548,250
Other financial assets	865,488,052	180,681,471	14,388,832
Other current assets	106,725,454	146,824,884	159,473,637
Current tax assets (net)	294,443	224,196	28,121
Total Current Assets	1,354,165,334	601,018,896	401,401,316
Total Assets	**14,360,008,510**	**13,326,635,827**	**11,851,320,391**
Equity & Liabilities			-
Equity			-
Equity Share Capital	**5,786,597,912**	**5,786,597,912**	**5,667,104,512**
Other Equity	732,213,294	550,509,878	138,853,282
Total Equity	**6,518,811,206**	**6,337,107,790**	**5,805,957,794**
Liabilities			-
Non-Current Liabilities			-
Non-Current Borrowings	6,359,680,512	5,213,162,093	4,881,259,340
Deferred tax liabilities (net)	135,868,274	114,796,189	-
Other non-current liabilities	13,237,518	13,205,973	-
Provisions	7,920,855	7,920,855	-
Total Non-Current Liabilities	**6,516,707,159**	**5,349,085,110**	**4,881,259,340**
Current Liabilities			-
Current Borrowings	318,831,799	550,404,967	997,335,583
Other financial liabilities	286,661,072	352,823,758	114,762,120
Other current liabilities	714,101,834	732,318,762	52,005,553
Current tax Liabilities (net)	-	-	-
Provisions	4,895,439	4,895,439	-
Total Current Liabilities	**1,324,490,145**	**1,640,442,927**	**1,164,103,257**
Total Liabilities	**7,841,197,304**	**6,989,528,037**	**6,045,362,597**
Total Equity and Liabilities	**14,360,008,510**	**13,326,635,827**	**11,851,320,391**

Particulars	This Quarter Ending Ashwin End 2081	Previous Quarter Ending Asadh End 2081	Corresponding Previous Year Quarter Ending Ashwin end 2080
Revenue from operations	475,228,568	1,248,646,553	261,617,777
Cost of sales	(42,696,596)	(182,089,941)	(41,484,465)
Gross Profit	**432,531,973**	**1,066,556,612**	**220,133,312**
Other Income	2,775,700	9,080,942	874,476
Administrative Expenses	(18,432,578)	(24,028,757)	(6,905,227)
Depreciation and Amortisation Expense	(105,671,015)	(334,630,704)	(96,889,443)
Fair Value Gain / (Loss) on Investment through FVTPL	83,203,007	353,279,010	35,447,437
Profit from Operation	**394,407,087**	**1,070,257,103**	**152,660,555**
Finance Income	120,179	1,346,593	-
Finance Costs	(186,874,765)	(493,540,635)	(156,534,901)
Profit before staff bonus and tax	**207,652,501**	**578,063,061**	**(3,874,346)**
Staff Bonus	(4,153,050)	(11,561,261)	-
Profit before tax	**203,499,451**	**566,501,799**	**(3,874,346)**
Current Tax	(723,970)	(1,131,537)	(174,895)
Deferred Tax	(21,072,086)	(115,257,523)	-
Profit/(Loss) For the Period	**181,703,396**	**450,112,739**	**(4,049,241)**
Other Comprehensive Income			
Items that will not be reclassified to profit or loss			
(a) Remeasurement of defined benefit plans	-	(1,845,339)	-
(b) Equity instruments classified at FVTOCI	-	-	-
Income Tax Relating to Above Items		461,335	
Other Comprehensive Income (net of tax)	-	(1,384,004)	-
Total Comprehensive Income for the year	**181,703,396**	**448,728,735**	**(4,049,241)**

Ratios	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Earnings per share (in Rs. Annualized)	12.56	8.02	(0.29)
Market value per share	311.9	191	172
Price Earning Ratio	24.83	23.81	(593.79)
Current Ratio	1.02	0.37	0.34
Return on Assets (Annualized)	5.06%	3.37%	-0.14%
Net worth per share (in Rs.)	112.65	109.51	102.45

Notes:
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
2. Previous period figures have been reclassified / adjusted wherever considered necessary.

FIRST QUARTER DISCLOSURE AS OF 16TH OCTOBER 2024 AS PER SECURITIES REGISTRATION AND ISSUE REGULATIONS, 2073

1. **Financial Statements**
   - The unaudited financial statements for the first quarter and the financial ratios have been published along with this report.
   - Important Financial Ratios: As attached in the unaudited financial statements.
2. **Management's Analysis**
   - The Company is commercially operating the following projects:

   i. 8.5 MW Naugad Gad Small Hydropower
   ii. 8.00 MW Upper Naugadh Gad Hydropower Project
   iii. 4.00 MW Chandranigahpur Solar Project
   iv. 1.00 MW Dhalkebar Solar Project
   v. 1.00 MW Simara Solar Project
   vi. 40.00 MW Mathillo Chameliya Hydropower Project
3. **Legal Proceedings**
   - Lawsuits filed by or against the company: None
4. **Analysis of Shares Transaction**
   - Shares of the company were actively traded during the quarter.
   - Major highlights of share transaction during the quarter are as follows:

   Maximum Price – NPR 390, Minimum Price – NPR 191, Closing Price – NPR 311.9, No of Transaction Days – 57, Total Transactions – 1,63,917 Total Traded Volume – 4,90,61,812 Total Turnover – NPR 14,88,20,34,107.08
5. **Problems and Challenges**

   Internal Risk
   - Retention of skilled human resources
   - To manage the overhead cost and maintain the operational efficiency

   External Risk
   - Lack of political commitment in development of hydroelectric projects
   - Delay of statutory approvals
6. **Corporate Governance**

   Board of Directors, Audit Committee and Team Management are committed to strengthening the corporate governance within the Company.
7. **Declaration**

   I, the Managing Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प्राविधिक मूल्यांकनको नतिजा प्रकाशन गरिएको सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०७/११

यस नगरपालिकाबाट मिति २०८१/०५/०९ गतेको NCB/MMO/02/2081-82 को Construction of Black Top Road from Bairath to inarbaruwa-ward no 6 basantapur in ward 3 & 6 को विद्युतिय बोलपत्र आह्वान भएको सूचना बमोजिम e-bidding system मा बोलपत्र पेश गरेका बोलपत्रदाताहरू मध्ये देहायका बोलपत्रदाताहरूको बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत भएकोले मिति २०८१/०७/२५ गते दिउँसो १:०० बजे यस कार्यालयमा उक्त बोलपत्रको आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि माडी नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५ को नियम ३७(५) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं. NCB/MMO/02/2081-82	**ठेक्काको नाम :** Construction of Black Top Road from Bairath to inarbaruwa-ward no 6 basantapur in ward 3 & 6

क्र.सं.	प्राविधिक प्रस्ताव छनौट गरिएका बोलपत्रदाताहरू	कैफियत
१	Pathak/Saurab J.V., Bharatpur-12, Chitwan	
२	Sabik and Alphaas J.V., Bharatpur-4, Chitwan	
३	Divine/R.N./Mahakali J.V., Bharatpur-9, Chitwan	

प्रमुख प्रशासकीय अधिकृत

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम विक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८१/०७/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ व्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएस बाट बारम्बार तारताकेता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको साँवा व्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पूर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५(पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि **यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा** आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। साथै लिलाम प्रकियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम विक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०८० र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री रमाकान्त भुसाल
बाबु : चन्द्र प्रसाद भुसाल
बाजे : लक्ष्मण भुसाल
ना.प्र.नं. : १/४५९
जारी मिति : २०४६/०१/१८ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक पडसरी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री गोमा कुमारी आचार्य
पति : रमाकान्त भुसाल
ससुरा : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २०८३
जारी मिति : २०४५/०१/०९ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक परौहा गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।



व्यक्तिगत धनजमानीकर्ता : श्री उमङ्ग भुसाल
बाबु : रमाकान्त भुसाल
बाजे : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २७१०२७/४८५२६
जारी मिति : २०६६/०८/०७ (काठमाण्डौं)
ठेगाना : काठमाण्डौं जिल्ला साविक गोगंबु गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।




धितोको विवरण


- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स.वडा नं. ७ सिट नं. ७ स्थित कित्ता नं.क्रमश: ७८२, ७१८, ७८८ र ७८९ को जम्मा क्षेत्रफल १२१९०.६८ बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय सिमारा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला पिप्रासिमरा गा.वि.स.वडा नं. २ सिट नं. २घ स्थित कित्ता नं. २२७६ को जम्मा क्षेत्रफल १०६४.५९ बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ सिट नं. ११ स्थित कित्ता नं.क्रमश: ३३२७, ३३२८, ३३२४, ३३२१, ३३२५ र ३३२२ को जम्मा क्षेत्रफल ३३८.६० बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय सिमारा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला ईनर्वासिरा गा.वि.स.वडा नं. २ सिट नं. २ स्थित कित्ता नं. ७२३ र ७१७ को जम्मा क्षेत्रफल ७१११.२३ बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला प्रिपाबसतपुर गा.वि.स.वडा नं. २ सिट नं. २ग स्थित कित्ता नं. १३७ को जम्मा क्षेत्रफल ५०७.९३ बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- रमाकान्त भुसालको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स. वडा नं. ७ सिट नं ७ स्थित कित्ता नं. ३८६ को जम्मा क्षेत्रफल २७०९.०४ वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- प्रभु एग्रो फर्मको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स. वडा नं. ७ सिट नं. ७ स्थित कित्ता नं. क्रमश : ७६३, ७६१, ७०९, ७०८, ७११, ७७७, ७१० को जम्मा क्षेत्रफल २६,९७१.८१ वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- आईएमई कोअपरेटिभ सर्भिस लि. धनि कायम भई आर.जि.यु.वि.हाउजिङ कम्पनी प्रा.ली. ऋणी कायम रहेको अशोक लेल्यान्डको सवारी साधन (ट्रक) ४ थान।

२. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री गोमा कुमारी आचार्य
पति : रमाकान्त भुसाल
ससुरा : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २०८३
जारी मिति : २०४५/०१/०९ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक परौहा गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।



व्यक्तिगत धनजमानिकर्ता: श्री रमाकान्त भुसाल
बाबु : चन्द्र प्रसाद भुसाल
बाजे : लक्ष्मण भुसाल
ना.प्र.नं. : १/४५९
जारी मिति : २०४६/०१/१८ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक पडसरी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।



व्यक्तिगत धनजमानीकर्ता : श्री उमङ्ग भुसाल
बाबु : रमाकान्त भुसाल
बाजे : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २७१०२७/४८५२६
जारी मिति : २०६६/०८/०७ (काठमाण्डौं)
ठेगाना : काठमाण्डौं जिल्ला साविक गोगंबु गा.वि.स.वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा.बसोबास गर्ने।



व्यक्तिगत धनजमानिकर्ता: श्री गुप्त लाल भुसाल
बाबु : टिकाराम भुसाल
बाजे : गजाधर भुसाल
ना.प्र.नं. : २९८९
जारी मिति : २०५०/०८/१७ (पर्वत)
ठेगाना : पर्वत जिल्ला साविक भोर्ले गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री डिल्लीकला थपलिया
पति : गुप्त लाल भुसाल
ससुरा : टिकाराम भुसाल
ना.प्र.नं. : ८४६९
जारी मिति : २०५६/१०/१० (काठमाण्डौं)
ठेगाना : काठमाण्डौं जिल्ला साविक गोंगबु गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. बसोबास गर्ने।



धितोको विवरण

- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला जितपुर गा.वि.स.वडा नं. ०६ सिट नं. ६ग स्थित कित्ता नं. ४२९ र १४३ को जम्मा क्षेत्रफल १३५१.२३ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
- गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला हरपतगंज गा.वि.स.वडा नं. ०८ सिट नं. ८ स्थित कित्ता नं. ३८६ र २२९ को जम्मा क्षेत्रफल १३५४.४९ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
- रमाकान्त भुसाल र गोमा कुमारी आचार्यको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला गोंगबु गा.वि.स. वडा नं. ८ सिट नं. १०२०९४५२२ स्थित कित्ता नं. ४६८ को क्षेत्रफल १६६.९५ वर्गमिटरको जग्गा सहित सो जग्गामा अवस्थित घर र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवाकेन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम बिक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौंमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्च: उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति, समय र स्थान
२०८१/०८/१५ गते कार्यालय समय सम्म	२०८१/०८/१६ गते आइतबार केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं दिउँसो ३ बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था

IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj : 081-532708
Itahari : 025-590109
Satdobato : 01-5151169
Airport : 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Baglung : 068-524280

का.जि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ साफ महिला च्याम्पियनसिप

भारतलाई फेरि घरमै हराउने योजनामा नेपाल

पाँचपटकको च्याम्पियन भारतलाई नेपालले सन् २०२२ मा दशरथ रंगशालामै १-० ले हराएको थियो

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान अञ्जिला तुम्बापो सुब्बाले भारतलाई फेरि घरमै हराउने योजना रहेको बताएकी छिन् । साफ महिला च्याम्पियनसिप २०२४ को सेमिफाइनलमा आइतबार पाँचपटकको च्याम्पियन भारत र घरेलु टोली नेपालबिच प्रतिस्पर्धा हुँदै छ । दशरथ रंगशालामा हुने खेलमा नेपाल लगातार भारतलाई सेमिफाइनलमा हराउने योजनामा छ । 'सबै खेलाडी मानसिक रूपमा तयार छन् । हाम्रो लक्ष्य भारतलाई फेरि घरमै हराउने हो,' कप्तान अञ्जिलाले भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयमा भएको पूर्वसन्ध्याको अभ्यासपछि भनिन् । 'सावित्रा भण्डारी, रेनुका नगरकोटेलगायत अनुभवी खेलाडी सेमिफाइनलमा हुनेछन् । युवा टोली पनि उच्च लयमा हुँदा टोली मजबुत बनेको छ ।'

सन् २०२२ मा दशरथ रंगशालामै भएको सेमिफाइनलमा नेपालले भारतलाई १-० ले हराउँदै फाइनलमा स्थान बनाएको थियो । रश्मिकुमारी घिसिङको निर्णायक गोलमा नेपालले भारतलाई हराएको हो । तर, फाइनलमा बंगलादेशसँग ३-१ ले पराजित हुँदा नेपाल पुनः उपविजेतामै सीमित बनेको थियो ।

भुटानविरुद्ध खेल्दा एसिएल गुमाएका दीपा शाही र हिराकुमारी भुजेलको अभाव भने नेपाली टिममा खट्किनेछ । उनीहरू नौ महिना मैदानबाहिर हुनेछन् । दुई खेलमा विश्राम लिएका रक्षक पूजा राना र समीक्षा घिमिरे टोलीमा कमब्याक हुन सक्छन् । भारतसँग खेल्नुअघि सेनाको मैदानमा प्रशिक्षक राजेन्द्र तामाङले दुवैलाई अभ्यास गराएका थिए । प्रशिक्षक तामाङले घरेलु समर्थकमाझ भारतलाई पुनः हराउने रणनीति रहेको जानकारी गराए । 'हाम्रो मुख्य खेलाडी सावित्रालाई उनीहरूले रोक्नेछन् । त्यसको फाइदा नयाँ खेलाडीले लिनुपर्छ,' उनले भने, 'घरेलु समर्थकमाझ भारतलाई हराउन खेल्छौं ।'

नेपालविरुद्ध भारतकी मिडफिल्डर अञ्जु तामाङ पनि चोटका कारण उपलब्ध हुनेछैनन् । गोलकिपर पान्थोई चानु नयाँ हुँदा नेपालले त्यसको फाइदा लिन सक्ने प्रशिक्षक तामाङको विश्वास छ । प्रशिक्षक सन्तोषकुमार कश्यपले घरेलु समर्थकमाझ नेपालसँग खेल्न तयार भएको प्रतिक्रिया दिएका छन् ।

यसअघि भारत समूह 'ए'बाट उपविजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेको हो । पहिलो खेलमा पाकिस्तानलाई ५-२ ले हराएको भारत दोस्रो खेलमा साबिक विजेता बंगलादेशसँग ३-१ ले पराजित भएको थियो । यता, नेपाल समूह 'बी'को विजेताका रूपमा अन्तिम चारमा प्रवेश गर्‍यो । तीन खेल खेल्दा नेपाललाई मात्रै कुनै पनि टोलीले गोल गर्न सकेका छैनन् । नेपालले तीन खेलमा १७ गोल गर्दा सात अंक जोडेको थियो ।



भारतविरुद्ध खेलको पूर्वसन्ध्यामा अभ्यास गर्दै नेपाली महिला फुटबल टोली । **तस्बिर सौजन्य** : सरोज सापकोटा

भारतले सावित्रालाई चल्न दिँदैन



राजेन्द्र तामाङ, प्रशिक्षक, नेपाल

भुटानबाहेक खेलमा हामीले राम्रो गरेका छौं । भारतविरुद्ध पनि उही नतिजाको आशा गर्छौं । तर, हामी केही रणनीति परिवर्तन गर्छौं । उनीहरूले मुख्य खेलाडी सावित्रा भण्डारीलाई चल्न दिँदैनन् । त्यस्तै, अवस्थामा अन्य स्ट्राइकरले फाइदा उठाउनुपर्छ । श्रीलंकाविरुद्ध सविता रानामगरले गरेको गोलजस्तो हुनुपर्छ । बंगलादेशसँग खेलेको भन्दा पनि भारत हामीसँग बलियो भएर आउँछ । प्रतिस्पर्धा राम्रो हुन्छ । भारत र नेपाल नै झुक्ने अवस्थामा छैनन् । घरेलु समर्थक हुँदा हामीलाई सहज हुन्छ ।

मनोबल उच्च छ



अञ्जिला तुम्बापो सुब्बा, कप्तान, नेपाल

भारतविरुद्ध खेल्नुअघि मनोबल उच्च छ । भारत बलियो टोली हो । तर, हाम्रो तयारी राम्रो छ । सेमिफाइनलमा निकै प्रतिस्पर्धा हुन्छ । खेलाडीमा एक-अर्काविरुद्ध जित निकाल्छौं भन्नेमा विश्वस्त छौं । पछिल्लो समय भारतलाई हामीले हराएका थियौं । त्यसैले राम्रो हुनेमा विश्वस्त छौं । खेलाडीमा जित्न सक्छौं भन्ने छ । यसपटक सावित्रा भण्डारी र रेनुका नगरकोटी हुँदा टिम थप मजबुत बनेको छ ।

भारतविरुद्ध खेल्न सहज हुँदै आएको छ



सावित्रा भण्डारी, खेलाडी

हाम्रा धेरै खेलाडीले भारतीय महिला खेलाडीसँग खेलेका छन् । त्यसैले पनि भारतीय खेलाडीलाई मज्जाले चिनेका छन् । मैले त धेरै नै खेलेर भारतीय खेलाडीलाई पछि पारेको छु । त्यसैले पनि भारतविरुद्ध खेल्न अचेल सहज हुँदै आएको छ । हामी सबै अनुभवी खेलाडी छौं । घरेलु समर्थक हुँदा खेल्न सहज हुनेछ । हामी खेल जित्न खेल्छौं ।

सबै तयार छौं



रेखा पौडेल, खेलाडी

सबै जना तयार छौं । भारतविरुद्ध खेल्नलाई सबैजना सकारात्मक छौं । हामी भारत र बंगलादेश जो आए पनि सेमिफाइलनमा खेल्न तयार थियौं । सबै खेलाडीलाई भारतविरुद्ध जित्नुपर्छ भन्ने छ । तयारी पनि राम्रो भएको छ । हामी राम्रो फुटबल खेल्दै जित्न खेल्छौं ।

प्लेयर्स टु वाच

सावित्रा भण्डारी (नेपाल)



भारतविरुद्ध दोस्रोपटक सेमिफाइनलमा प्रतिस्पर्धा गर्दा स्ट्राइकर सावित्रा भण्डारी सबैको नजरमा हुनेछिन् । पछिल्लो दुई सिजन फ्रान्सको महिला लिग खेलिरहेकी सावित्रा साफ च्याम्पियनसिपकै लागि नेपाल आएकी हुन् । पहिलो खेलमा भुटानविरुद्ध फ्रान्समै रहिन् भने राति अबेर आएपछि माल्दिभ्सविरुद्ध विश्राममा रहिन् । श्रीलंकाविरुद्ध अन्तिम खेल खेल्दा २७ वर्षीय खेलाडीले एक गोल गर्न सफल भइन् । समूह चरणका खेलमा अवसर नपाएकी सावित्रा भारतविरुद्ध मुख्य खेलाडी हुनेछिन् । सावित्रासँगै नेपालको अग्रपंक्तिमा रेखा पौडेल, रश्मिकुमारी घिसिङ र सविता रानामगर हुनेछन् । नेपाली महिला फुटबलकी सर्वाधिक गोलकर्ता तीव्रगतिकी सावित्रालाई रोक्न भारतकी कप्तान असलता देवीलाई ठुलो समस्या पर्नेछ ।

असलतादेवी (भारत)



असलतादेवी लोइतोङबम भारतीय महिला फुटबलकै सफल र अनुभवी रक्षक हुन् । कप्तान असलतादेवीले टिमको रक्षापंक्तिको जिम्मेवारी पनि उत्तिकै निर्वाह गर्दै आएकी छिन् । साफ महिला च्याम्पियनसिपकै पहिलो खेलमा पाकिस्तानविरुद्ध खेल्दै ३१ वर्षीया खेलाडीले भारतका लागि सयौं खेलको कोसेढुंगा पार गरेकी छिन् । मनिपुरकी खेलाडीले राष्ट्रिय टोलीका लागि चार गोल पनि गरिसकेकी छिन् । गोकुल केरला, सेथु एफसीलगायतबाट लिग खेलेकी असलतादेवीलाई सेमिफाइनलमा मुख्य चुनौती नेपालकी स्ट्राइकर सावित्रा भण्डारी हुनेछिन् । सावित्रालाई रोक्न प्रशिक्षक सन्तोषकुमार कश्यपले असलतालाई नै जिम्मेवारी दिनेछन् । असलतालाई लुली किसन, चानु सोरोखाइबाम र डालिमा चिब्बरले रक्षापंक्तिमा साथ दिनेछन् ।

साफमा नेपालविरुद्ध भारत

मिति	नतिजा
सन् २०१०	० - १ (फाइनलमा भारत विजयी)
सन् २०१२	१-३ (फाइनलमा भारत विजयी)
सन् २०१४	०-६ (फाइनलमा भारत विजयी)
सन् २०१६	१-३ (सेमिफाइनलमा भारत विजयी)
सन् २०१९	१-३ (फाइनलमा भारत विजयी)
सन् २०१९	१-० (सेमिफाइनलमा नेपाल विजयी)

खेल संक्षेप

राइजिङ फाइनलमा

कास्की/ राइजिङ पोखरा क्रिकेट क्लब कास्की जिल्ला क्लबस्तरीय एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । शनिबार सम्पन्न पहिलो सेमिफाइनलमा कास्की क्रिकेट क्लबलाई तीन विकेटले पराजित गर्दै राइजिङले उपाधि नजिक पुग्यो । कास्की जिल्ला क्रिकेट संघको आयोजनामा भएको प्रतियोगिताको उपाधिका लागि राइजिङले पोखरा क्रिकेट क्लब र अरण्यज्योति क्रिकेट क्लबसँगका विजेतासँग सोमबार खेल्नेछ । पोखरा रंगशालमा टस जितेर ब्याटिङ गरेको कास्कीले ३०.१ ओभरमा सबै विकेट गुमाउँदै एक सय तीन रनको लक्ष्य दियो । प्रत्युत्तरमा राइजिङले २४.३ ओभरमा सात विकेट गुमाएर फाइनल सुरक्षित गर्‍यो ।

फ्रिडम र ठमेल भिड्ने

काठमाडौं/ फ्रिडम फाइटर र ठमेल टुरिजम डेभलपमेन्ट काउन्सिल भेट्रान्स फुटबल प्रतियोगिताको दोस्रो संस्करणको उपाधिका लागि आइतबार भिड्दै छन् । फुटबलर्स मिसन ट्रुगेदरको आयोजनामा चलिरहेको प्रतियोगिताको फाइनल खेल मध्यपुर युथ एसोसिएसनको मैदानमा हुनेछ । शुक्रबार भएको पहिलो सेमिफाइनलमा फ्रिडम फाइटरले हाम्रो धरान भेट्रान टिमलाई २-० ले पराजित गर्‍यो । फ्रिडमका लागि विकर्ण श्रेष्ठ र तेजबहादुर गलामीले गोल गरेका थिए । दोस्रो सेमिफाइनलमा ठमेल टुरिजम डेभलपमेन्ट काउन्सिलले त्रिभुवन आर्मी फुटबल क्लबलाई २-० ले निराश बनाएको हो । ठमेलका लागि भेषराज लिम्बू र अंकुर खड्गीले गोल गरेका थिए ।

चुलाचुली सेमिफाइनलमा

संखुवासभा/ चुलाचुली क्लब धनकुटा र पञ्चकन्या क्लब अरुणभ्याल्ली फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् । शनिबार भएको पहिलो खेलमा चुलाचुली क्लब धनकुटाले लोहोरुङ क्लबलाई पेनाल्टीमा ३-१ ले हरायो । निर्धारित समयको खेल बराबरी भएपछि नतिजा पेनाल्टी सुटआउटमा आएको थियो । दोस्रो खेल पञ्चकन्याले बेलबारी क्लब मोरङलाई १-० ले हरायो । यसअघि क्वार्टरफाइनलमा विजयी हुँदै सेकाहा क्लब र सभापोखरी क्लब अन्तिम चारमा प्रवेश गरिसकेका छन् । आइतबार हुने सेमिफाइन्लमा सेकाहा क्लब र चुलाचुली क्लब धनकुटा तथा सभापोखरी र पञ्चकन्याबिच प्रतिस्पर्धा हुनेछ ।

लाइफ केयरलाई उपाधि

भैरहवा/ बिपी कोइराला स्मृति कप टी-२० प्रतियोगिताको उपाधि भारतको लाइफ केयर क्रिकेट क्लबले जितेको छ । शनिबार रुपन्देहीको भैरहवास्थित सिद्धार्थ रंगशालामा सम्पन्न फाइनलमा लाइफ केयर क्रिकेट क्लबले नेपालको नेक्सस रुपन्देही-११ लाई २१ रनले पराजित गर्‍यो । उपाधि जित्न एक सय ६५ रनको लक्ष्य पाएको नेक्सस रुपन्देहीले पूरै २० ओभर खेल्दा एक सय ४३ रन मात्रै बनायो । नेक्सस रुपन्देहीका कप्तान कृष्ण कार्कीले सर्वाधिक ३५ रन बनाए । यस्तै, बसिर अहमदले २५, शंकर रानाले २४, सुमित महर्जनले २० तथा मुनाल गुरुङले १५ रन बनाए ।

अमेरिकामा दोस्रो जितको खोजी

आठ खेल खेल्दा कमजोर प्रदर्शन गर्दै एक मात्र जित निकालेको नेपाल तालिकाको सातौं स्थानमा



नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ शृंखलामा कमजोर सुरुवात गरेको नेपालले दोस्रो जित निकाल्न आइतबार अमेरिकासँग खेल्दै छ । घरेलु टोलीविरुद्ध डालासमा खेल्दा नेपाल दोस्रो जित निकाल्ने दाउमा छ । शृंखलामा नेपालले घरेलु टोली अमेरिकासँगै साबिक विजेता स्कटल्यान्डसँग खेल्ने तालिका छ ।

प्रतियोगितामा आठ खेल खेल्दा नेपालले मात्र एक जित निकालेको छ । युएईभन्दा माथि रहँदा नेपाल तालिकाको सातौं स्थानमा छ । क्यानडा १२ खेलबाट १६ अंकसहित तालिकाको शीर्ष स्थानमा छ । रोहितकुमार पौडेलको कप्तानीमा अघिल्लो सिजन सनसनी १२ मध्ये ११ जित निकाल्दै एकदिवसीय मान्यता जोगाएको नेपालको यसपटक सुरुवात भने कमजोर रह्यो । पछिल्ला ६ मध्ये एक खेल अनिर्णीत हुँदा पाँच खेलमा पराजित भएको छ । क्यानडामा भएको अघिल्लो शृंखलाका चारै खेल नेपालले गुमायो ।

लगातारको खराब प्रदर्शनपछि नेपाल क्रिकेट संघ (क्यान)ले सल्लाहकारमा क्यानडाका नागरिक तथा पूर्वप्रशिक्षक पुबुदु दसानायकेलाई अनुबन्ध गरेको छ । क्यानकै अनुसार उनको आगमनले नेपाली टोलीको ब्याटिङमा सुधार हुने अनुमान गरिएको छ । त्यसको छनक पनि देखिएको छ । अमेरिकासँग भएको तीन टी-२० शृंखलामा नेपाल 'क्लिन स्विप' गर्न सफल भयो ।

लिग टुमा नेपालले पहिलो खेल आइतबार घरेलु टोली अमेरिकासँग खेल्दा मंगलबार स्कटल्यान्डसँग दोस्रो खेल खेल्नेछ । त्यसपछि २ नोभेम्बरमा अमेरिका र ४ नोभेम्बरमा अन्तिम खेल स्कटल्यान्डविरुद्ध खेल्ने तालिका छ ।

सन्दीपलाई समेट्दै टिम घोषणा

शनिबार प्रशिक्षक मोन्टी देशाईले नेपाल, अमेरिका र स्कटल्यान्डबिच हुने खेलका लागि १५ सदस्यीय टिम घोषणा गरेका छन् । रोहित पौडेलको कप्तानीमा रहेको टोलीमा सन्दीप लामिछाने समेटिएका छन् । उनी अघिल्लो साता अमेरिका पुगेका हुन् । यसअघि अमेरिकामै भएको टी-२० शृंखलामा नेपालले 'क्लिन स्विप' गर्दा उनी भिसाका कारण टिममा थिएनन् । टी-२० शृंखलामा रहेका बलर सागर ढकाल र ब्याटर देव खनाल रिजर्भमा छन् । नेपाली टोलीमा रोहित र सन्दीपसहित कुशल भुर्तेल, आसिफ सेख, अनिलकुमार साह, भीम सार्की, आरिफ सेख, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुल्सन झा, रिजन ढकाल र ललित राजवंशी छन् ।

लिग २ मा नेपालको प्रदर्शन

विपक्षी	नतिजा
नामिबिया	४ विकेटले पराजित
नेदरल्यान्ड्स	९ विकेटले विजयी
नामिबिया	२ विकेटले पराजित
नेदरल्यान्ड्स	८ विकेटले पराजित
क्यानडा	१०३ रनले पराजित
ओमान	१ विकेटले पराजित
क्यानडा	५ विकेटले पराजित
ओमान	अनिर्णीत

सुनिरा र ऋतिक च्याम्पियन

नयाँ पत्रिका

सुनिरा थापा र ऋतिक राणा चौथो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको एकलतर्फ च्याम्पियन भएका छन् । शनिबार गणेशमान सिंह फाउन्डेसनको आयोजनामा सम्पन्न प्रतियोगितामा सुनिरा महिलातर्फ र ऋतिक पुरुषतर्फ उपाधि जिताएका दुवैले समान एक लाख रुपैयाँ नगद पुरस्कार पाए । सातदोबाटोस्थित नेपाल टेनिस संघको कोर्टमा भएको फाइनलमा सुनिराले अभिलाषा विष्टमाथि ६-४ र ७-५ को जित रचिन् । पुरुषतर्फ ऋतिकले राजवीर प्रधानलाई ६-१ र ६-३ ले हराए । उपविजेता दुवैले नगद ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । पुरुषतर्फ प्रणव मानन्धर र आयुषमान हजुर घले तथा महिलातर्फ प्राज्ञा मानन्धर र स्वस्तिका विष्ट तेस्रो भए । तेस्रो स्थानका खेलाडीलाई समान १२ हजार पाँच सय रुपैयाँका दरले पुरस्कृत गरियो ।

पुरुष ४५ वर्षमाथि एकलतर्फ कमलबहादुर भण्डारी च्याम्पियन भए । कमलले फाइनलमा छेवाङ लामामाथि ६-१ र ६-२ को जित रचे । च्याम्पियन कमलले ३७ हजार पाँच सय र छेवाङले १८ हजार सात सय ५० रुपैयाँ प्राप्त गरे । यसै उमेर समूहमा सुकमान तामाङ र महेश श्रेष्ठ तेस्रो स्थानमा रहे । यी दुईले तीन हजार १२५ रुपैयाँ प्राप्त गरे ।

पुरुष युगलतर्फ आयुष्मान घले र



प्रदीप खड्काको जोडीले सफलता पाए । महिलातर्फ खेलाडी संख्या नपुगेपछि प्रतिस्पर्धा रद्द गरिएको थियो । प्रतियोगिताको सिनियर, भेट्रान र जुनियरमा गरी जम्मा २२ स्पर्धामा प्रतिस्पर्धा भएको थियो ।

पुरुषमा ३५ वर्षमाथि एकलमा सन्तोष खत्री र युगलमा सन्तोष खत्री र सुवास बस्नेतको जोडी, ५५ वर्षमाथि एकलमा कमल थापा र युगलमा उत्तम शेर्पा र चन्द्र शाहीको जोडी, ६५ वर्षमाथि एकलमा कमल थापा र युगलमा विदुर विष्ट र भिक्टोर राणाको जोडीले उपाधि जितेका छन् । ३५ वर्षमाथि एकलको विजेताले ५० हजार, २५ हजार र १२ हजार पाँच सय रुपैयाँ पाए । ३५ वर्षमाथि विजेताले ३१ हजार २५०, उपविजेताले १८ हजार ७५० र तेस्रो हुनेले १२ हजार पाँच सय प्राप्त गरे । ४५ वर्षमाथि विजेताले ३७ हजार पाँच सय, उपविजेताले १८ हजार ७५० र तेस्रोले ६ हजार २५० रुपैयाँ पाउनेछन् । यसै उमेर समूहका युगल विजेताले २५ हजार, १२ हजार पाँच सय र तेस्रो हुनेले १२ हजार पाँच सय रुपैयाँ पुरस्कार पाउनेछन् ।

जुनियरतर्फ पुरुष र महिलामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४ सिंगल्स र खुला डबल्स विधामा प्रतिस्पर्धा भयो । प्रतियोगिताको विजेतालाई उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, गणेशमान सिंह फाउन्डेसनका सदस्य तथा प्रतियोगिताका संयोजक भाष्करमान सिंह र नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणालगायतले पुरस्कृत गरेका थिए ।

■ सिस्नेरी घटना

पीडितका परिवारले गरे एकेडेमी तोडफोड

मकवानपुरमा **पोष्टराज अधिकारी**

मकवानुपर सिस्नेरी घटनाका पीडित परिवारका सदस्यले एन्फा एकेडेमीको होस्टेल र विद्यालयको भ्यालको सिसा तोडफोड गरेका छन् । शनिबार दिउँसो मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ३ को एन्फा एकेडेमी रहेको वत्सला माविपरिसरमा पुगेका उनीहरूले होस्टेल र विद्यालयमा ढुंगा हानेका हुन् । ढुंगा प्रहारबाट होस्टेल र विद्यालयका केही भ्यालका सिसाहरू फुटेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं एकेडेमीका संयोजक सुवासचन्द्र ठकुरीले जानकारी दिएका छन् ।

उनले सिस्नेरी घटनालाई राजनीतीकरण गर्न खोज्दा घटना भएको आरोप लगाएका छन् । पीडित परिवारका सदस्यलाई थप पीडा दिने उद्देश्यले उक्त घटना गराइएको उनको दाबी छ । 'सिस्नेरी घटनालाई लिएर केही मानिसले राजनीति गर्ने प्रयास गरेका छन् । उनीहरूले नै पीडितका परिवारलाई प्रयोग गरेर पीडामाथि थप पीडा दिएका छन्,' उनले भने, 'पीडित परिवारसँगै गएर प्रधानमन्त्री र दलका नेताहरूसँग भेटेर घटनाको सत्यतथ्य छानबिनका लागि समिति बनाउन मैले पनि आग्रह गरेको छु ।'

घटनास्थलमा रहेका जिल्ला समन्वय समितिका अध्यक्ष एवं मृतक विद्यार्थी खेलाडी अनुपम घलानका बुबा ललित घलानले सम्झाएर रोकेपछि थप तोडफोड हुन नपाएको आफूले बुझेको उनले बताए । गत १२ असोजमा पहिरोमा परी एकेडेमीका ६ जना विद्यार्थी खेलाडीको ज्यान गएको थियो । उनीहरूको स्मरणमा पूजा लगाउने उद्देश्यले एकेडेमी पुगेका केही अभिभावकले विद्यालय र होस्टेलमा ढुंगा हानेको जिल्ला समन्वय समितिका अध्यक्षसमेत रहेका मृतक खेलाडी अनुपमका बुबा ललितले जानकारी दिए । उनले छोराहरू बसेर अध्ययन र प्रशिक्षण गरेको स्थानमा पुग्दा उत्पन्न आवेगका कारण घटना भएको बताए ।

'हामी शनिबार एकेडेमीमा पूजा लगाउने उद्देश्यले पुगेका थियौं । उक्त स्थानमा पुग्दा आमाहरूले मन थाम्न नसक्दा आवेगमा ढुंगा प्रहार भएको हो । ढुंगा प्रहारबाट केही भ्यालका सिसा फुटेका छन्,' उनले भने, 'घटना नहुनु भइसक्यो भनेर सम्झाइ-बुझाइ गरेपछि उहाँहरू थामिनुभयो ।'

गत असोज १२ गते बिहान कुलेखानी ड्यामको सतह भरिएर ढोका खोलिएपछि एकेडेमीको होस्टेलमा रहेका ३६ जना विद्यार्थी र होस्टेल वार्डेन गाउँतर्फ जाने क्रममा बाटोमाथिबाट खसेको पहिरोमा परी ६ जना विद्यार्थी पुरिएका थिए ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com